

• वर्ष १३ • अंक १ • काठमा • SAPTAHIK • Nepali National Weekly • Friday, May 18 • पृष्ठ २४ • मूल्य रु. ८/-

साप्ताहिक





मध्यपृष्ठमा वर्षका उत्कृष्ट पोस्टरहरू फेसन खेलाडीहरूको

# फेसनेबल युवा पुस्ता

विदुर खतिवडा

काठमाडौं– गएको विश्वकप क्रिकेट (२००७) मा श्रीलङ्काका तीव्र गतिका बलर लसिथ मलिङ्गाको पृथक् शैलीको बलिङले विशेष चर्चा पायो । ढुङ्गा फालेजस्तै क्रिकेट बललाई हुइँक्याउने मलिङ्गाको चर्चामा अर्को पक्ष थियो– उनको भिन्न शैलीको 'गेटअप' । कतिसम्म भने क्रिकेटमा चासो नदिनेहरूले पनि उनको हाइलाइट गरिएको लामो 'कर्ली' केशलाई छलफलको विषय बनाएका थिए । त्यसैले होला, विश्वकप सकिएको केही दिनपछि एक अन्तर्राष्ट्रिय पत्रिकाले गरेको सर्वेक्षणमा विश्वकपका खेलाडीमध्ये उनी 'सेक्सियस्ट' (आकर्षक) प्लेयर अफ दि टुर्नामेन्ट' घोषित भए । द्रविड मूलका यी खेलाडीको पछिल्लो फेसन आधुनिकतामा रमाइरहेका धेरैका निम्ति अनुकरणीय भएको बारबाडोसबाट प्रकाशित हुने सन्डे सन पत्रिकाले उल्लेख गरेको थियो ।

'नयाँ पुस्तक किन र पुरानो कोट लगाऊ' अध्ययनवादी शैलीका प्रणेता विद्वान् थोरोको यो उक्ति बढ्दो आधुनिकतासँगै अवसानमा पर्ने खतरा बढी देखिन्छ । यसो भनेर पुस्तकको महत्त्व घटाउन खोजिएको होइन तर फेसनविदहरूले चलाएको ट्रेन्ड हेर्दा अहिले पुस्तकभन्दा कोटको महत्त्व बढी भएको महसुस गर्न सकिन्छ । कोट अर्थात् पहिरनका कारण मानिसको व्यक्तित्व झल्कन्छ भन्ने प्रभाव बढ्दै गएकाले पनि मानिस गुदीको विकास गर्नेभन्दा आवरणमा रमाउने चाहनामा अघि बढिसकेको छ । 'यदि व्यक्तित्वमा निखार ल्याउने हो भने फेसनको

बाँकी पृष्ठ १४ मा

## नेपालको मिलान कुपन्डोल

इटालीको मिलान सहर फेसनका लागि संसारकै अग्रपंक्तिमा पर्ने सहर हो । फेसन टेलिभिजन (एफटीभी) हेर्ने दर्शकले मिलानमा आयोजना हुने फेसन सोका थुप्रै दृश्य देख्न सक्छन् । उत्कृष्ट पहिरनका लागि मिलानमा थुप्रै सोरुम उपलब्ध छन् । अहिले द्रुत गतिमा खुलिरहेका बुटिकले बाग्मतीपारिको सानो बजार कुपन्डोललाई मिलानको सानो स्वरूप प्रदान गरेको छ ।

थापाथलीबाट पाटन जाने बाटोमा पर्ने कुपन्डोलमा अहिले दर्जनौं बुटिक सञ्चालनमा छन् । बुटिक भन्नेबित्तिकै कुपन्डोल पहिलो सोचाइमा आउन थालिसकेको छ, त्यसैले होला, बुटिक खोल्नेहरूले पनि पहिलो प्राथमिकता कुपन्डोललाई नै दिन्छन् ।' राजधानीका दरबारमार्ग, ठमेल आदि स्थानमा पनि बुटिकको संख्या बढिरहेको छ तर अहिलेको प्राथमिकता हेर्दा एक दशकपछाडि नेपाली फेसनको संसारमा कुपन्डोल पायोनियर हुने देखिन्छ ।

## पश्चिमको आधिपत्य

फेसनको संसारमा विकसित पश्चिमी मुलुकहरूले प्रारम्भ गरेको ट्रेन्डलाई अन्य मुलुकले पछ्याउनैपर्ने बाध्यता छ, किनभने उनीहरु ठूलो धनराशि खर्चेर मानिसले सौन्दर्यमार्फत व्यक्तित्वलाई कसरी बलियो बनाउन सकछ भनेर अध्ययन-अनुसन्धान गरिरहेका हुन्छन् । विशेष गरी पहिरनको क्षेत्रमा यो वर्ष यो फेसन चल्छ भनेर गरिने तथ्यमूलक अनुसन्धानका आधारमा पहिरन उत्पादन तथा विकास गर्न सक्ने सामर्थ्य उनीहरुसँग छ । वर्षका दुई सिजनमा त्यहाँ नयाँ ट्रेन्डका कलेक्सन सार्वजनिक गरिन्छन् । फेसन भविश्यवाणीकर्ताहरुले निश्चित समय लगाएर कुन वर्ष कुन फेसन चल्छ भनेर गरेको अध्ययनलाई यसै अवसरमा खुलासा गरिन्छ । उनीहरुको अध्ययनमा रहेर ड्रेस डिजाइनरले सिर्जना गर्छन् । त्यसपछि ठूला-ठूला फेसन सो आयोजित गरिन्छन् । फेसन सोमा बहुराष्ट्रिय पहिरन सामग्री उत्पादनकर्ता, मिडिया प्रतिनिधि तथा यो क्षेत्रसँग सम्बन्धित विज्ञहरुको उपस्थिति हुन्छ । त्यसमध्ये उत्पादनकर्ताले आफ्ना उपभोक्ताको चाहनाबमोजिम केही पहिरन छनौट गर्छन् । त्यसपछि त्यो पहिरन बजारमा आउँछ । यसरी उत्पादित सामग्री छनौटदेखि उपभोक्ताको चाहनासम्म सबै अध्ययनपछि मात्र बजारमा भित्रिने भएकाले त्यसले विश्वव्यापी महत्व पाउँछ ।



## क्यासेट

### एक अञ्जुली माया



धौलागिरि क्यासेट सेन्टरले गीतकार दीपक जडितको नयाँ गीतिसंग्रह 'एक अञ्जुली माया' बजारमा ल्याएको छ। संगीतकार टीका भण्डारीले संगीत भरेको यो गीतिसंग्रहमा दीप श्रेष्ठ, रामकृष्ण ढकाल, यम बराल, कर्ण दास, आनन्द कार्की, जगदीश समाल, रविन शर्मा, प्रदीपराज पाण्डे, कुन्ति मोक्तान तथा रुवि जोशीले आवाज दिएका छन्। यो संग्रहमा १० वटा गीत समाविष्ट छन्।

### लगनको माला



'चरीले बीउ खायो' गीतिसंग्रहको सफलतापछि गायकद्वय नारायण दानी र दीपक घिमिरेले पञ्चैबाजामा आधारित नयाँ लोकदोहोरी गीतिसंग्रह 'लगनको माला' श्रोतामाझ ल्याएका छन्। महाबौद्ध रेकर्ड्सले बजारमा ल्याएको यो गीतिसंग्रहमा भाग १ मा राजु परियार र लक्ष्मी न्यौपानेको स्वरमा 'लगनको माला' तथा भाग २ मा बिरु लामा, गोमा न्यौपाने र लक्ष्मी न्यौपानेको स्वरमा 'मोहनीको जन्तर' समावेश छन्। संग्रहमा लय संयोजन नारायण दानीको छ भने शब्द तथा थेगो संयोजन नारायण दानी, दीपक घिमिरे र टीका क्षेत्रीको छ।

### पिरतीको फूल



गायक कन्हैया सिंहको एकल संगीतको लोक पप गीतिसंग्रह 'पिरतीको फूल' श्रोतामाझ आएको छ। संगीत सौगात म्युजिक सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहमा गीत रचना दाजुभाइद्वय शिशिर शर्मा र माधव लामिछानेको छ। संग्रहमा कन्हैया सिंह, बलराम समाल, आभा मुकारुङ, अञ्जना गुरुङ, अर्जुन सुनाम, मणि मल्ल, रसिला कायस्थ तथा सुरेश अधिकारीको स्वर भरिएका आठवटा गीत समावेश छन्।

## रंगमञ्च

-गत साता रंगकर्मी कृष्ण शाह यात्री नाटचक्षेत्रमा नयाँ कुरा लिएर देखा परे। उनको लेखनमा नाटचकृति 'मान्छे/मान्छेहरू', सम्पादनमा इन्टरनेट पत्रिका 'थिएटर नेपाल डट कम' तथा उनको नाटक एवं रङ्गमञ्चसम्बन्धी वृत्तचित्र 'जर्नी इन्टु थियटर' एकैसाथ सार्वजनिक भएका छन्। कार्यक्रममा नाटचकर्मी यात्रीको कृति लोकार्पण गर्दै संस्कृतिविद् सत्यमोहन जोशीले यात्रीले नेपाली रङ्गमञ्चको मुभमेन्टमा लेखन, मञ्चन तथा अनुसन्धानको तीनै क्षेत्रमा उदाहरणीय एवं कदरयोग्य काम गरेका छन्। 'थिएटर नेपाल डटकम' सार्वजनिक गर्दै डा. गोविन्दराज भट्टराईले भने– 'कृष्णको प्रयासमा नेपालमा रङ्गमञ्चसम्बन्धी पत्रिका 'थियटर नेपाल डट कम' को जुन काम सुरु भएको छ त्यो नेपाली रङ्गमञ्चका निम्ति नै ज्यादै उपलब्धिमूलक काम हो। कार्यक्रममा यात्रीका सम्बन्धमा प्रस्तुत वृत्तचित्र जर्नी इन्टु थियटरको लेखन विप्लव ढकाल तथा निर्देशन डब्बु क्षेत्रीले गरेका हुन्।

## ग्यालरी

-सन् २००६ भित्र खिचिएका तस्बिरहरूको तीनदिने राष्ट्रिय प्रतियोगिता तथा प्रदर्शनी गत मंगलबार सम्पन्न भएको छ। उक्त अवसरमा ९१ फोटोपत्रकारबाट संकलन गरिएका ३ सय ७१ तस्बिरमध्ये सागर श्रेष्ठले खिचेको तस्बिर उत्कृष्ट हुँदै ५० हजार रुपैयाँ राशिको पुरस्कार प्राप्त गर्न सफल भयो। राष्ट्रिय फोटोपत्रकार समूह (एनएफपीजे) को आयोजनामा सम्पन्न 'फोटो कन्सर्न-एनएफपीजे प्रेस फोटो प्रतियोगिता २००७' समाचार, फिचर, खेलकुद तथा वातावरणमा क्रमशः राजेन्द्र मानन्धर, एकल सिलवाल, उदिप्तसिंह क्षेत्री र शैलेन्द्र खरेलले प्रथम भएर १५ हजार रुपैयाँ पुरस्कार हासिल गरेका छन्। प्रत्येक शीर्षकमा दोस्रो र तेस्रो भएकाहरूले क्रमशः १० हजार र ५ हजार राशिको पुरस्कार जितेका थिए। प्रतियोगितामा सहभागी तस्बिरमध्ये १ सय २५ तस्बिर नेपाल आर्ट काउन्सिलमा प्रदर्शनीमा राखिएका थिए। प्रदर्शनीमा राखिएका अधिकांश तस्बिर जन-आन्दोलन भाग-२ सँग सम्बन्धित थिए।

-रेकी योग समाज तथा टोटल फिजिकल फिटनेस सेन्टर नयाँ बानेश्वरको आयोजनामा गत शुक्रबार उपत्यकाव्यापी चित्रकला प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा वसन्त ऋतु स्कुलका नीरज श्रेष्ठ, कन्या स्कुलकी कभिन श्रेष्ठ, पिस प्वाइन्ट स्कुलकी अश्मी लामा र वसन्त ऋतुकै कृपा घिमिरेले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार जितेका थिए। उपत्यकाका १३ विद्यालयका २६ विद्यार्थीले सहभागिता जनाएको उक्त प्रतियोगितामा रेकी समाजकी अध्यक्ष डा. अन्जु डंगोल तथा कलाकार राधेश्याम मुल्मीले विजयी विद्यार्थीहरूलाई पुरस्कार प्रदान गरेका थिए।

-नेपाल कलाकार समाजले आगामी जेठ ९ गते बुधबारदेखि १३ गतेसम्म पाँच दिन नाफा आर्ट ग्यालरी बालमन्दिर, नक्सालमा काष्ठकला सम्बन्धी कार्यशाला आयोजना गर्ने भएको छ। 'काष्ठकलामा नयाँ आयाम' शीर्षकको उक्त कार्यशालामा कलाकारहरूले स्थलगत रूपमा काठ तथा जरामा मूर्ति कुद्नेछन्। कार्यशालामा गोविन्दनारायण ज्यापु, ओम थापा, इन्द्र खत्री, रामकृष्ण भण्डारी, सुदर्शन राणा, लय मैनाली, भुवन खरेल, उत्तम खरेल, राजन काफ्ले, चाँदनी बज्राचार्य, मेनुका श्रेष्ठ आदि २० जना कलाकारको सहभागिता रहने समाजले जनाएको छ। ओझेलमा परेको काष्ठकलालाई प्रोत्साहित गर्ने उद्देश्य यो कार्यशालाको आयोजना गर्न लागिएको हो।

## पुस्तक

### जिन्दगीदेखि जिन्दगीसम्म

कवि शिवेन्द्र श्रेष्ठका ३७ वटा फुटकर कविताको संग्रह जिन्दगीदेखि जिन्दगीसम्मलाई शरद् श्रेष्ठले प्रकाशमा ल्याएका हुन्। ४८+२० पृष्ठको यो पुस्तकको मूल्य ५० रुपैयाँ छ। कविताका पाठकहरूका लागि यो संग्रह राम्रो खुराक हुनसक्छ।

# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

साता त्यति राम्रो छैन। प्रयास गर्दागर्दै पनि सफलता पाउन मुस्किल पर्नेछ। मन दुविधाग्रस्त रहनेछ। झूटा आरोप पनि लाग्न सक्छ। घरेलु समस्याले सताउनेछ। भाग्यले साथ दिने छाँट देखिँदैन। धनमाल हराउन सक्छ। शनिबार तथा आइतबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसाय तथा यात्रामा प्राप्त हुने सफलता कायमै रहनेछ।

### वृष

साता मध्यम रहनेछ। सुरुमा मानसम्मान मिल्नेछ। अरूको विश्वास जित्न सकिनेछ। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। खर्च बढे पनि राम्रै आम्दानी हुने हुँदा चिन्ता बढ्ने देखिँदैन। रमाइलो यात्रा हुनसक्छ। विवादतिर अघि नबढ्नु नै उचित हुन्छ। आफन्तहरूबाट खासै सहयोग मिल्नेछैन। सफलताका लागि घरबाहिरै रहनुपर्नेछ।

### मिथुन

समय प्रतिकूल देखिन्छ। सुरुमा खर्च एवं विवाद बढ्नेछ। उपलब्धिहीन कार्यमा समय बित्नेछ। कुरा काट्नेहरू प्रशस्तै हुनेछन्। काममा अवरोध आउनेछ भने शत्रु बढ्नेछन्। स्वास्थ्यले साथ दिने देखिँदैन। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। शनिबार, आइतबार तथा बिहीबार मानसम्मान एवं काममा सफलता मिल्नुका साथै प्रसन्नता बढ्ने योग छ।

### कर्कट

समष्टिमा साता राम्रो छ। सुरुमा धन आर्जन गर्ने अवसर मिल्नेछ। मानसम्मान पनि प्राप्त होला। भोजभतेरमा सामेल हुने अवसर पाइनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग छ। यात्रा गर्ने अवसर जुट्नेछ। शनिबार तथा आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ। झूटा आरोप पनि लाग्न सक्छ।

### सिंह

समयले साथ दिइरहेको छ। नयाँ काम गर्ने अवसर प्राप्त हुनेछ। प्रतिस्पर्धा गर्नुपरे पनि महत्त्वपूर्ण काममा सफलता मिल्नेछ। सोच्ने शक्ति बढ्नेछ भने धन आर्जन पनि हुनेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ।

### कन्या

सुरुमा नैराश्यता एवं उदासीनताका साथै खर्च पनि बढ्नेछ। काममा अवरोध आउने प्रबल सम्भावना छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले अधिकार जमाउन सक्छन्। शनिबारदेखि बुधबारसम्म मानसम्मान एवं काममा सफलता मिल्ने, धन आर्जन हुने तथा प्रसन्नता बढ्ने योग छ। अरूबाट राम्रो सहयोग जुट्नेछ।

### तुला

सुरुमा स्वास्थ्य कमजोर रहनेछ। मनमा बढ्ने उदासीनताले सताउन सक्छ। काममा सफलता पाउन मुस्किल पर्नेछ। शत्रु बढ्नेछन् भने घरेलु समस्याले सताउनेछ। सोमबारदेखि मानसम्मान मिल्नेछ। बिग्रिएका काम बन्न थाल्नेछन्। अरूको मन जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। भाग्यले पनि साथ दिनेछ भने शत्रु पराजित हुनेछन्।

### वृश्चिक

साता मध्यम रहनेछ। व्यवसाय बढ्नेछ भने यात्रा पनि हुनसक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आम्दानी प्रशस्त भए पनि शनिबारदेखि मंगलबारसम्म स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। घरेलु समस्याले सताउनेछ। शरीरमा चोटपटक लाग्नसक्छ।

### धनु

परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ। राम्रै धन आर्जन होला। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। जोस एवं जाँगर बढ्नेछ। पुराना समस्या समाधान हुनेछन्। बुद्धिले बेलामा काम नगर्दा अप्ठ्यारो स्थिति आउन सक्छ। सोमबारदेखि स्वास्थ्यमा गडबडी देखा पर्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### मकर

साता मध्यम रहनेछ। सुरुमा गलत विचार एवं शत्रु बढ्नेछन्। काममा अवरोध आउनाले मनोबल घट्नेछ। स्वास्थ्यमा समस्या देखा पर्नेछ। धनमाल हराउन सक्छ। शनिबारदेखि बुधबारसम्म परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ। धन आर्जन हुने, व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ। अरूको विश्वास पनि जित्न सकिनेछ।

### कुम्भ

घरेलु समस्याले सताउनेछ। आफन्तहरूबाट आलोचित हुनुपर्ला। गलत विचार बढ्नेछ। अध्ययनमा गतिरोध उत्पन्न हुनसक्छ। समयमा निर्णय गर्न नसक्दा काममा पनि अवरोध आउनेछ। सोमबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ। यात्रा तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसाय बढ्नुका साथै अरूबाट प्रशंसा पनि पाइनेछ।

### मीन

समस्याहरू प्रशस्तै आउनेछन्। काममा अवरोध आउनाले मनोबल घट्नसक्छ। घरेलु समस्याले सताउनेछ। शत्रु बढ्नेछन् भने अध्ययनमा अवरोध आउन सक्छ। बुद्धिले विपरीत बाटो लिने हुँदा समस्या बढ्नेछन्। शुक्रबार, बुधबार तथा बिहीबार परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ।

### यो साताको पञ्चाङ्ग

जेठ ९ गते : अपरा एकादशी, १० गते : प्रदोष व्रत।



## मुखाले

जतिसुकै ठूला कुरा गरे पनि नेपाली कम्युनिस्टहरूले काङ्ग्रेससँग मिलेर जानुमै हित छ ।

**डा. बाबुराम भट्टराई**
**नेता, नेकपा (माओवादी)**

नेपालको कम्युनिस्ट आन्दोलन विश्वमै उदारणीय बन्दैछ ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

संसद्बाट गणतन्त्र घोषणा हुने कुनै सम्भवना छैन ।

**सुजाता कोइराला**
**केन्द्रीय सदस्य, नेपाली काङ्ग्रेस**

संविधानसभाको निर्वाचन मंसिरको पहिलो साता हुन्छ ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

कांग्रेसले नियतवश निर्वाचन नगराएको हो ।

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

व्यारेकमा थन्किएको सेनालाई माओवादी नेताका अभिव्यक्तिले उत्तेजित बनाउन थालेको छ ।

**सुशील कोइराला**
**नेता, नेपाली काङ्ग्रेस**

शिक्षकहरू हामीलाई जानकारीसमेत नदिई आन्दोलनमा गएका हुन् । जानकारीसमेत नगराई आन्दोलन गर्नेहरूसँग वार्ता गर्न अप्ठ्यारो हुन्छ ।

**प्रदीप नेपाल, शिक्षामन्त्री**

म राजाले गरेको गल्तीलाई ठूलो मान्दिनँ । त्योभन्दा ठूलो गल्ती नेताहरूले पनि गरेका छन् ।

**मनीषा कोइराला, अभिनेत्री**

### दलहरू गैरजिम्मेवार

# यस्तै हो भने डिक्टेटरसिप आउँछ : प्रधानमन्त्री

**साप्ताहिक समाचार**

काठमाडौं– संक्रमणकालको संवेदनशीलतालाई नबुझी सरकारमा सामेल केही दलले दोहोरो चरित्र प्रदर्शन गरिरहेका छन् । यसले जनतामा दलहरूप्रति वितृष्णा उब्जाउन सक्ने खतरा उत्पन्न हुन थालेको छ । सरकारमा सामेल अधिकांश दलका नेता सरकारमा जाने तर कार्यकतालाई सरकारी नीतिविरुद्ध काम गर्न उक्साउने प्रवृत्ति देखिएपछि यस्तो खतरा देखिएको हो ।


वाईसीएलका नाममा भएका गतिविधिले संविधानसभाको निर्वाचन बिथोल्ने वातावरण बनाइरहेको विश्लेषण भैरहेका बेला नेकपा (एमाले) ले आफैं सहभागी भएको सरकारका प्रधानमन्त्रीको राजीनामाको माग गर्न थालेको छ । क्याबिनेटका जिम्मेवार मन्त्रीहरूले आफ्नो मर्यादा बिर्सेर आपत्तिजनक अभिव्यक्ति दिन थालेका छन् । लोकतन्त्रको महत्त्वपूर्ण अभ्यास हुने थलो संसद्लाई विगत एक महिनादेखि सरकारमा सामेल दलहरूद्वारा अवरुद्ध पारिएको छ । यसले संक्रमणकालबाट फाइदा उठाउन चाहनेहरूलाई मौका मिल्न थालेको अनुभव आमजनताले गर्ने निश्चित छ ।

नेकपा (माओवादी) सरकारमा सामेल हुनेबित्तिकै उसले वाईसीएल तथा आफ्ना जनवर्गीय संगठनलाई सरकारी नीतिविरोधी कार्य गर्न छुट दिएको छ । यही छुटका कारण पश्चिम नेपाल अस्तव्यस्त भएको छ भने देशका विभिन्न सहरमा पनि योङ्ग कम्युनिस्ट लिगका गतिविधि आलोचनाको घेरामा छन् । योङ्ग कम्युनिस्ट लिगको व्यवहारका सम्बन्धमा सर्वत्र आलोचना हुन थालेपछि अध्यक्ष प्रचण्डले ती गतिविधि आफ्नो पार्टी नीति विपरीत भएको सार्वजनिक गरे पनि देशका विभिन्न स्थानमा तोडफोड एवं कुटपिट जारी छ । विचारले भन्दा पनि बलले आफ्नो अस्तित्व स्थापित गर्ने यो प्रवृत्तिको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रूपमा विरोध भए पनि उक्त दलले आफ्नो कमजोरी सच्याउन चाहेको देखिँदैन ।

सरकारमा सामेल दलका कार्यकर्ता मात्र होइन, नेताहरूमा पनि अलोकतान्त्रिक प्रवृत्ति देखिएको छ । नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले आठ दलको एकता विपरीत प्रधानमन्त्रीको राजीनामाको माग गर्न थालेका छन् । आफ्नो मागमा असहमत हुनेबित्तिकै संसद् अवरुद्ध गर्ने, सडकमा हिंसात्मक प्रदर्शन गर्ने नेकपा (एमाले)को पुरानो प्रवृत्ति मुलुकले विगतमा भोगेको निरंकुशताको घटनापछि पनि सुध्रिन सकेको छैन ।

सरकारमा सामेल भएका नेपाल सद्भावना पार्टी ( आनन्दीदेवी) का नेता राजेन्द्र महतोले वीरगन्जको एउटा सार्वजनिक कार्यक्रममा मधेसका पहाडे समुदाय मधेसीबाट शासित हुन नसके तराई छाड्नुपर्ने धारणा व्यक्त गरेर आफ्नो मर्यादा बाहिर गएका छन् । क्याबिनेट मन्त्री भएपछि उनीद्वारा सम्पूर्ण नेपाल शासित भएको अवस्था बिर्सेर महतोले दिएको यस्तो अभिव्यक्तिले देशका बौद्धिक वर्ग आश्चर्यचकित भएका छन् । सर्वत्र दबाब परेपछि मन्त्री महतोले यसलाई आंशिक रूपमा सच्याएका छन् भने मन्त्री महतोको उक्त अभिव्यक्तिपछि चुरेभावर एकता समाजले चरणबद्ध आन्दोलनको घोषणा गरेको छ ।

सरकारमा सामेल दलहरूका यस्ता क्रियाकलापबाट दिक्क भएर विराटनगर पुगेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दलहरूलाई आफ्नो क्रियाकलाप सुधार्न आग्रह गरेका छन् । विगतमा दलहरूको यस्तै क्रियाकलापका कारण राजालाई सक्रिय हुने आँट आएको स्मरण गर्दै कोइरालाले भने– 'सरकारमा सामेल दलहरूको क्रियाकलापले डिक्टेटरसिप आउन सहयोग पुग्छ ।' राष्ट्रप्रमुखसमेत रहेका अनुभवी नेताको यस्तो गम्भीर टिप्पणीलाई दलहरूले हलुका ढंगले लिनु अपरिपक्वता हुने विज्ञहरूको ठम्याइ छ ।


**आवश्यकता**
कर्मचारी चाहियो
S.L.C दिएकालाई सुवर्ण अवसर
संख्याः 13 Gents/ Ladies
तलबः ६५००
सम्पर्कः
व्यक्तित्व विकास तथा डाटा कलेक्सन केन्द्र
फोनः 2092356
9841664283
नोटः सनिबार अफिस खुल्ला रहने छ ।

**आवश्यकता**
नेपाल सरकारबाट मान्यता प्राप्त विगत ४ वर्षदेखी रोजगारी प्रदान गर्दै आएको संस्थालाई थप २१ कर्मचारी आवश्यकता ।
SLC दिएका विद्यार्थी तथा गृहणीलाई प्राथमिकता, तलब औषत ७५००।-
सम्पर्कः
२०७३६१६,
९८०३०७५९८१

पासहुनेगरी पढन आउनुहोस !
भर्ना खुल्यो-०६४
Private
Test-SLC | D.E.O.
I.A, I.Com, | T.U.
Regular: Tuition & Coaching
Test-SLC, I.A, I.Com, I.Sc, +2
Capsule कक्षाद्वारा Maths/Science/English सजिलै पास गर्न सकिन्छ ।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौ, फोनः ४४२२१०५

**तु-आवश्यकता**
यस केन्द्रिय कार्यालयलाई कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरूले आवश्यक कागजात सहित कार्यालयमा उपस्थित भई यथासिध्र नाम दर्ता गराउनु होला ।
पदः Data Collector
संख्याः 10 Ladies & 15 Gents
योग्यताः SLC or above
तलबः 5000
(SLC दिएर बसेकालाई पनि अवसर दिइने छ ।)
सम्पर्कः
युनिक ग्रुप प्रा. लि.
गोगंबु चोक देखि उत्तर पट्टी १०० मि. भित्र
2337004, 9841696824
नोटः प्रि. Interview मा Select हुनेहरुका लागि फर्म फि Rs 100 लाग्ने छ ।

**आवश्यकता**
यस कम्पनीलाई शाखा बिस्तारको लागी कर्मचारी आवश्यकता, साथै
SLC दिएकालाई सुवर्ण अवसर
योग्यताः Test/ SLC or above
संख्याः 11 Gents/ 11 Ladies
तलबः 8200 + TA + संचयकोष
सम्पर्कः
सितापाईला 2072021 सितापाईला आर्मी ब्यारेक अगाडी कालो गेट भएको घर
कोटेश्वर 2220042 कोटेश्वर SOS को अगाडी निखीलेश्वर प्रवेश मार्गको छेउको लामो घर

**विशेष ५०% छुटमा होटल तालिम शुरू**
नेपाल सरकारबाट स्वीकृत प्राप्त/विदेशबाट होटल म्यानेजमेन्ट गरी पाँचतारे होटलमा काम गरिरहेका सेफबाटै प्रशिक्षण दिइने/अन्तर्राष्ट्रीय स्तरमा समेत ख्याती कमाउन सफल नेपालको एकमात्र ट्रेनिङ सेन्टर
तालिमहरूः ▸▸कुक ▸▸वेटर ▸▸क्याप्टेन ▸▸तन्दुरी ▸▸वारमेन ▸▸स्टोरकिपर ▸▸हाउसकिपिङ्ग ▸▸रूम ब्वाई ▸▸वेल ब्वाई ▸▸फ्रन्ट अफिसर ▸▸रिसेप्सनिष्ट ▸▸सुपरभाईजर ▸▸बेकरी
सबैको स्पेशल क्लास पनि हुन्छ ।
विशेषताहरूः ▸▸पाँच तारे होटलहरूमा कार्यरत सेफबाटै तालिम दिइने ▸▸फ्री वेटर क्लास ▸▸फ्री अंग्रेजी भाषा ▸▸६ जनामा १ जना फ्री ▸▸स्वदेशी तथा वैदेशिक रोजगारको सहयोग गरिने । ▸▸थप तालिमलाई होटलमा पनि पठाइने व्यवस्था ।
साहारा होटेल तालिम सेन्टर (S.M.T.T.C.)
फोनः २०४०७८२, ९८५१०९३६२९, नयाँ बानेश्वर (शिव दर्शन हल अगाडी)
र्‍याडीसन कूकिङ्ग तालिम सेन्टर (R.M.D.T.T.C.)
फोनः ४४६४७२०, नयाँ बानेश्वर, (BICC पानी ट्यांकीको ठीक अगाडी)

— प्राइभेट —
Test - SLC
विगतमा १००% नतिजाको अनुभवका साथ
English र Nepali दुबै भाषामा विहानी/ बेलुकी कक्षामा
EIA १२१/०६३ | नयाँ भर्ना खुल्यो | Regd. २८९७७/०६०
कक्षा ८ वा ९ अथवा Test / SLC फेल भई उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरूकोलागी
✪ Eng/ Math/ Science कमजोरलाई फ्रि कक्षा
✪ उत्कृष्टलाई छात्रावृत्ति ✪ Model Set बाट Practice गराइने
English/ कोरीयन/Japanese तथा हिब्रु भाषाका कक्षाहरू
कामना एकेडेमी
4601878, 4600335 कोटेश्वर (टंक प्रसाद शालिक अगाडि)

१००% रोजगार मूलक
होटल तालिममा
नयाँ भर्ना खुल्यो
कुक, वेटर, केयर गिभर, बेलब्वाई, हाउसकिपिङ्ग, सेक्यूरिटी गार्ड आदि
>विदेश जानेलाई विशेष व्यवस्था
>Theory / Pratical दुवैको व्यवस्था,
>कुक सिक्नेलाई Waiter free
>उत्कृष्टलाई स्वदेश वा विदेशमा रोजगारी
>Pratical को लागी होटल पठाइने
>Field मा गई आएआर्जनको मौका दिइने
कामना
4601878, 4600335
कोटेश्वर, चोक

**के तपाई नियमित SLC पढ्नबाट वञ्चित हुनुहुन्छ ?**
वा पढाइ छोडेर चिन्तित हुनुहुन्छ ? यदि हुनुहुन्छ भने अब तपाईको पढ्ने रहरलाई पूरा गर्ने एकमात्र उपाय .....
----PRIVATE----
Test/SLC 2064 को लागि भर्ना खुल्यो
TIME INSTITUTE
Bagbazar, Kathmandu
Call us 4239156, 4240082

## हाम्रो आफ्नै कुरा

यो अंकदेखि साप्ताहिकले १२ वर्ष पूरा गरेर १३ औं वर्षमा प्रवेश गरेको छ। बितेका १२ वर्षमा पाठकहरूलाई राजनीति, विचार एवं मनोरञ्जनको फ्युजनमा आधारित पाठ्यसामग्रीहरू प्रेषित गर्न साप्ताहिकले जे-जस्ता आधारहरूलाई स्वीकार गर्‍यो त्यसले नेपाली पत्रकारिताको संसारमा एउटा बेग्लै स्थान बनाएको छ। प्रारम्भिक दिनमा साप्ताहिकले प्रस्तुत गरेको ढाँचा समयसँगै परिमार्जित हुँदै अहिलेको अवस्थामा आइपुगेको हो। साप्ताहिकको विकासक्रमलाई नजिकबाट नियालिरहेका पाठकहरूको ठूलो संख्याले पनि के कुरा प्रमाणित गर्छ भने राजनीतिइतर विषयमा पत्रकारिता गरेर त्यसलाई लोकप्रिय बनाउन सकिने रहेछ। यस क्रममा साप्ताहिकले समय-समयमा पाठकहरूको रुचिलाई पछ्याउँदै आफ्ना सामग्रीहरूमा परिवर्तन र संयोजन पनि गर्दै आएको छ। त्यसो त साप्ताहिक प्रारम्भ गर्दा हामीले जुन वर्गका पाठकहरूलाई लक्षित गरेका थियौं त्यो वर्गले मात्र नभै अन्य वर्गका पाठकहरूले पनि साप्ताहिकलाई समान रूपले स्वीकार गर्नुभयो। यसो हुनुका पछाडि साप्ताहिकले अंगीकार गरेको 'पाठकहरूको शब्द पाठकहरूसम्म' नीतिले पनि ठूलो भूमिका निर्वाह गरेको देखिन्छ। साप्ताहिक प्रारम्भ हुँदा नेपाली पत्रकारितामा सम्पादक र पत्रकारहरूको रोजाइका विषयहरू नै पत्रिकामा प्रकाशित हुन्थे। ती विषयहरू चाखलाग्दा भए पनि नभए पनि पाठकहरूले पढ्नैपर्ने बाध्यता थियो। त्यस्तो परम्पराका विपरीत साप्ताहिकले पाठकहरूको रुचिअनुसार पाठकहरूकै लेख-रचनाहरू पाठकहरूसमक्ष पुर्‍याउने एउटा नयाँ ट्रेन्डको थालनी गर्‍यो, जुन कालान्तरमा सफल पनि देखियो। पाठकहरूको रुचिलाई पछ्याउनु नै साप्ताहिकको सफलता थियो, जुन हाम्रा लागि जहिले पनि मननीय र प्रेरणाको स्रोत भैरहनेछ।

१३ औं वर्ष प्रवेशका अवसरमा हामीले पाठकहरूका लागि फेसनको संसारलाई विशेष कभरेजका साथ प्रस्तुत गरेका छौं। आजको समयमा फेसनले हाम्रो जीवनलाई चौतर्फी रूपमा प्रभावित गरिरहेको छ। विद्यालय जाने बालबालिका, किशोर-किशोरीदेखि लिएर विशुद्ध रूपमा गृहिणीको भूमिकामा रमाइरहेका व्यक्तिहरूसमेतमा देखा परेको फेसन र सौन्दर्यप्रतिको सजगता नै हाम्रो यो विशेष अंकको प्रेरणास्रोत हो। कुनै बेला ठाँटिएर हिंड्नुलाई नकचरो प्रवृत्तिका रूपमा हेरिन्थ्यो भने अहिले त्यसरी ठाँटिएर हिंड्नुलाई व्यक्तित्व, जीवनशैली र प्रस्तुतिको एउटा सबल पक्षका रूपमा स्वीकार गर्न थालिएको छ। समाजमा देखा परेका परिवर्तनहरूलाई स्वीकार गरेर सोहीअनुरूप अघि बढ्ने कुरालाई आफ्नो मूलमन्त्रका रूपमा स्वीकार गरेको साप्ताहिकले नेपाली समाजमा देखा परेका फेसनसँग सम्बन्धित परिवर्तनहरूलाई यो अंकमा विशेष रूपले प्रस्तुत गरेको छ। यो अंकमा प्रस्तुत गरिएका सामग्रीहरू मात्रै नेपाली समाजको फेसनसम्बद्ध सरोकारका विषय होइनन्। यी सामग्रीहरू त झलक मात्र हुन्, जसले नेपाली समाजको फेसन सरोकारका विषयहरूलाई संक्षिप्त रूपमा प्रतिनिधित्व गर्छन्।

अन्तमा १२ वर्ष पूरा गरेर १३ औं वर्षमा प्रवेश गरेको यो अवसरमा हामीलाई यहाँसम्मको यात्रामा साथ दिनुहुने हाम्रा समस्त पाठक, लेखक, विज्ञापनदाता तथा सबै सुभेच्छुहरूप्रति हामी हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# प्रेम, जीवन र मृत्यु





डा. डी.पी. भण्डारीसँग
अन्तरंग

डर लाग्छ, कतै आजको शीर्षकमा कुनै पाठकका लागि बासीपनको गन्ध त आउनेछैन □ याद भएन, यो विषयबारे पहिले लेखिसकेको कुरा। किशोरकालदेखि सुन्दै आएको थिएँ– प्रेम र पागलपनको घनिष्ठ साइनो छ। समयको यो चरणमा प्रेम र पागलपनजस्तो विषय कसरी हावी भयो, कुन मनोभावमा चाप दिँदै आइपुग्यो, स्पष्ट भएर भन्न सक्दिनँ। सम्भव छ, स्वदेश र विदेशमा घटिरहेका कतिपय घटनाको जमघटले सकारात्मक वा नकारात्मक प्रभाव ममाथि पारेको हुन सक्छ। हालसालै छापामा पढेको थिएँ, एक जोडी अविवाहित प्रेमी-प्रेमिकाले संयुक्त आत्महत्या गरेको खबर। व्यक्ति-व्यक्तिबीचको चरमराग मात्र बेहोसी र संज्ञाहीनताको सम्भावना लिएर आएको हुँदैन, राजनैतिक सिद्धान्तप्रतिको एकान्त अनुरागमा पनि सम्भाव्यता हुन्छ विवेक-स्खलनको। त्यसको आ□नै नशा हुन्छ।

दुई दिलहरू परम तापमा पुगिसकेपछि विच्छिन्न हुन्छन् भने त्यहाँ लौकिक धरातलको प्रेमको अनि त्यताको खबर पाइन्छ। प्रारम्भको उग्र आकर्षण सहवासपछिको उग्र विकर्षणमा रूपान्तरित। मिलन र वियोग प्राणीजगत्को सनातन द्वैत हो, एक अर्थमा अन्तहीन द्वन्द्व हो। जब हाम्रो पृथ्वीबद्ध अस्तित्वमा खलबली आउँछ तब अति भावुकहरू आ□नो अति संवेदनाका कारण विच्छेदन-अनुभूतिबाट व्यथित हुन थाल्छन्। केही कालपछि त्यो स्थितिले जटिलताको रूप लिन्छ जो अन्ततः असामान्य विकृति वा पागलपनमा खस्न सक्छ, मूलतः मानिसहरूको लोकमा। पशुहरूमा पागलपन लगभग नगन्य हुन्छ। भैहाले पनि मानिसहरूजस्ता व्याकुल हुँदैनन्। दोपाया मानिस र चौपाया जानवरमा भोजन, प्रेम, मैथुन, निद्रा समान छन् तर मानिस बुद्धियुक्त भएकाले त्यही अनुपातमा एक जटिल प्राणी पनि हो। त्यसैले उसको जीवनमा चरणबद्ध सोपानहरू छन्– बुद्धूदेखि बुद्धसम्म। निर्भर गर्छ हाम्रो यथास्थिति, हाम्रो गतिशीलता, ऊर्ध्वगमन, अधोगमन– हाम्रो संकल्प र गत्यात्मकतामाथि।

प्लेटोले भने- 'जब मानिस प्रेममा झर्छ त ऊ कवि हुन थाल्छ।' लौकिक प्रेममा विवेकभन्दा बढी अति भावुकताको मात्रा बढी भएकाले अधिकांश प्रेमी पागलपनमा खस्न थाल्छन् वा डायोनेसिक मस्तीमा लठ्ठिएका देखिन्छन्। शेक्सपियरले प्रेमी र कविको वर्गमा दार्शनिक पनि थपिदिए : 'कवि, प्रेमी र दार्शनिकहरू पागलपनको निकट हुन्छन्, अक्सर त पागल नै हुन्छन्।' प्रेमी आ□नो असक्ति-अतिरेकको कारण, कवि भावाविष्टताका कारण, दार्शनिक आ□नो अलौकिक चिन्तनको नशाको कारण होला, पागल्जस्तो विशेषणले सम्मान पाउनुको। यस्तो परिवेशबाट हेर्न थाल्यो भने संसारका सबै उच्चात्माहरू प्रतिभाहरूलाई पनि पागल बस्तीभित्र राख्न सकिन्छ– आर्किमेडिस, पाइथोगरस, सोक्रेटिस, बुद्ध, कपिल, शंकराचार्य, कविर, रुमी, रामकृष्ण परमहंस, शेक्सपियर, माइकेल एन्जेलो, गालिब, निराला, देवकोटा आदि।

वास्तवमा सभ्यताको निर्माण यी उच्चकोटिका पागलहरूले गरेका हुन्। महान् चिन्तक, साहित्य, संगीत, कला, दर्शन र त्योभन्दा पनि माथिको आलोकमा रमण गर्ने गर्नेहरूले नै संस्कृति र सभ्यताको निर्माण गरेका हुन्। सामान्य लोकका लागि असामान्य चिन्तन र अनुभूतिमा रमाउनेहरू पागल नै देखिन्छन्। प्रेमी-प्रेमिकाहरूको मदहोसी आफैंमा धेरै विधायक र स्वस्थ नभए पनि त्यसले प्रतिभाहरूलाई सामग्री दिन्छ हाम्रो अतिस्त्वको रहस्यमयतामाथि विचरण गर्न। अत्यधिक समर्पण, निष्ठा, त्यागको घटना र अभिव्यञ्जनाहरूका वरिपरि एकदम नर्मल, तर्कयुक्त पृथ्वीवासीहरूका लागि पागलपनका छापाहरू देखिन सक्छन्। सिद्धार्थ गौतमले राजप्रसाद, सुन्दर पत्नी, सुन्दर नवजात शिशु मध्यरातमा त्यागेर गएको दोस्रो दिनदेखि कतिले पागल भने होलान् □ सबै सन्त र लगभग सबै उच्च प्रतिभाहरूलाई संसारले प्रारम्भमा पागल नै भनेको छ। लौकिक प्रेमीहरूको बेहोसी वा पागलपन कुटिलतामुक्त, सरल चित्त, पारस्परिक आत्मिक समर्पणको प्रमाण हो।

दालमा ढुंगा मिलाउनु, पेट्रोलमा मट्टीतेल मिलाउनु, राजनीतिमा अस्वस्थ प्रपञ्च गर्नु, कुनै पनि क्षेत्रमा भ्रष्टाचार गर्नु, तुच्छ स्वार्थका लागि अशोभनिय चाकडी गर्नुभन्दा प्रेममा पागल हुने कर्म वा नियति अत्यधिक सुन्दर र स्मरणीय हुन्छ। प्रपञ्च र कुटिलतामा जीवनयापन गर्नुभन्दा पागल प्रेमी भएर जीवन तान्नु धेरै बढी श्रेयस्कर हुन्छ।

सत्य नै भन्ने हो भने प्रेमी-प्रेमिकाको जीवनमा प्रणय मादकताका केही क्षण आइदिएनन् भने त्यो प्रेम साधना नै अपूर्ण हुन्छ। पागल हुन नसक्नेहरू नै सक्कली प्रेमीहरू हुन्। त्यो घडीमा एक क्षणका लागि सम्पूर्ण अस्तित्व नै प्रकम्पित हुन्छ, स्वस्थ रूपले हुन्छ जसलाई वर्तमान युगका महान्तम कवि डब्लु.बी. एट्स कन□ल्याग्रेसन अफ ह्वोल बिइङ भन्छन्। त्यो घडीमा हाम्रो सम्पूर्ण अन्तर्लोक पूर्ण तीव्रतामा उत्तम हुन्छ। एक पलका लागि परस्परमा समग्र विलयनको अनुभूति। द्वैत अद्वैतमा विसर्जित हुन्छ। त्यो नै प्रेम-मादकतामा अनुभूत हुने बेहोसी हो, मादकता हो। प्रत्येक गहन प्रेममा एक मृदु मृत्युको कालबद्ध अनुभूति हुन्छ जसलाई हामी शब्दमा वर्णन गर्न सक्दैनौं। वी डाई इन्टु इच अदर। प्रणय तापमा विपरीत समाजको संकीर्ण चोटमा दुई शरीरहरू जगत्को जञ्जालबाट पलायन गर्छन् त्यो– गहिरिएर हेर्न सक्यो भने– परमात्मालाई चढाएको एक आहुति हो, आत्महुति हो। अर्थ यो नलागोस् कि म त्यस्तो आहुतिको पक्षमा छु।

निरपेक्ष निरीक्षणमा निकालेको निष्पत्ति मात्र हो। प्रेम आफैंमा एक उच्च प्रकारको मृत्यु हो– जहाँ दुई शरीरभित्रका मन र आत्माहरू एक-अर्कामा पूर्णतः विलीन हुन्छन् तब एक अव्यक्तनीय, शब्दातीत आनन्दको, संयोगको घटना घट्छ तर कालबद्ध। एक □ल्यास, झझल्को दिन्छ बुद्धहरूको समाधिको। पुरानो सीमा, संकीर्णता र स्वभावको क्षणिक तिरोहरण हुनु नै अल्पकालीन विलयन, मृत्यु हो। प्रेम र मृत्युबीचको नाता धेरै गहिरो छ। महान् सन्त कविरदास उच्चतम कोटिको मृत्युको आकांक्षी हुनुहुन्छ : 'जिन मरने से जग डरे सो मेरे आनन्द।' कविर परम चैतन्य, समाधिमा लीन हुन चाहनुहुन्छ। लौकिक दुई प्रेमी-प्रेमिकाहरूको आत्मविलयनको चेतन, अचेतन तृष्णा पनि त्यसैको एक क्षणिक झिल्को हो। जीवनलाई राम्रोसित पूर्णतः स्वीकार गर्न सक्नेहरू नै सक्कली प्रेमी हुन्छन्। कलान्तरमा प्रेमको संकीर्ण रेखा नाघेर बृहत्तर जीवनमा प्रवेश गर्छन्। निर्भीक प्रेमीहरूमा सम्भाव्यता हुन्छ चेतनाको उच्चतम शिखरमा चढ्ने। शुष्क हृदयहरू न लौकिक प्रेमी हुन सक्छन्, न परमात्मा प्रेमी।

अहिले याद आयो, अमेरिकी कवि रेनोल्ड जरेलको कविताका केही शब्द। उनी मेरो आस्थाको नजिकको बात मार्छन् त्यो कवितामा। कविता सुन्दर छ, पढ्दा आनन्द आउँछ। जरेल भन्छन्-

Here I am/But it is not right/If just living can do this/Living is more dangerous than anything/It is terrible to be alive.

म यहाँ आएको छु, तर आउनु ठीक थिएन। यदि बाँचिरहनु मेरो नियति हो भने यो धेरै बढी खतरनाक कर्म हो अरू कामभन्दा। बाँच्नु खतरनाक काम हो। जरेल पनि आ□नो जीवन अर्थपूर्ण तरिकाले बाच्न चाहन्छन्। यो निराश व्यञ्जनभित्र पनि उनी प्रेमपूर्ण जीवनको खोजीमा देखिन्छन्, जहाँ केही गतिशीलता हुन्छ– आन्तरिक रूपले। जीवनको यान्त्रिकताबाट निराश भएर यस्तो कविता लेख्न विवश देखिन्छन्। प्रेमको तृष्णा र जीवन बचाइको शुष्कताका बीच गतिमान वा गतिशून्य हुन बाध्य छ मानिस।

**पो.ब.नं. २९७४**



## नीति-नियम

यदि कसैले कसैलाई केही नदिई कुनै वस्तु लिन्छ र यदि कसैले कसैलाई स्वेच्छाले कुनै वस्तु दिएर पुनः लिन चाहन्छ भने ती दुवैथरी धार्मिक हिसाबबाट दण्डनीय छन्।

युद्धबाट पछि हट्ने एवं प्रयास गरेर पनि मुख मोड्नेलाई पृथ्वीले यसरी निल्छ, जसरी कि जसरी सर्पले दुलोभित्र बस्ने मुसो आदिलाई निल्छ। जसले पराक्रम देखाउँछ अथवा लडाइँमा डराएर भाग्दैन उसले मरेपछि पनि अनन्त कालसम्म स्वर्ग पाउँछ।

युद्धमा मरेका शूर-वीरहरूका बारेमा कहिल्यै पीर गर्नु हुँदैन किनकि उसले सबै पाप छोडेर पवित्र भै सुन्दर लोक प्राप्त गरिसकेको हुन्छ।

**–शुक्रनीति**

**अनुवाद : रामहरि बन्जारा**



## चि ठी प त्र

### आपत्ति

साप्ताहिकको वैशाख २८ को प्रथम पृष्ठमा प्रकाशित प्रदीप मेयाङ्बोद्वारा लिखित 'दुर्व्यवहार होइन, □लर्टिङ' शीर्षकको लेख राम्रो लाग्यो। लेख राम्रो भए पनि उक्त लेखको माथिल्लो भागमा प्रकाशित तस्बिरप्रति मेरो आपत्ति छ। तस्बिरलाई तोडमोड गरी अन्य तस्बिरहरूसँग मिलाएर छाप्नु पत्रकारिताको मान्यताविपरीत हुने कुरा तपाईंलाई थाहै हुनुपर्छ। यसरी पत्रिका चलाउने नाममा जथाभावी किसिमले तस्बिर प्रकाशित गर्दा कसैको सामाजिक प्रतिष्ठामा आँच आउने हुँदा यस्ता कुरामा संवेदनाशीलता देखाउन अनुरोध गर्दछु।

**–प्रियदर्शिनी, कुपण्डोल**

*सर्वप्रथम त आ□नो तस्बिरप्रति चासो देखाउँदै पत्र लेख्नुभएकोमा धन्यवाद। उक्त तस्बिर दुई वा त्यसभन्दा बढी तस्बिर जोडिएको वा तोडमोड गरिएको कुरा असत्य भएको जानकारी गराउँछौं। यद्यपि उक्त तस्बिरले तपाईंमा कुनै असहजता उत्पन्न गराएको छ भने त्यसप्रति दुःख प्रकट गर्दै हाम्रो सकारात्मक उद्देश्यलाई बुझिदिन आग्रह गर्दछौं।*

*–सम्पादक*

### रिमिक्स र ओझेल पारिएका स्रष्टाहरू

हिजोआज विख्यात स्रष्टाहरूका मौलिक र कालजयी गीत-संगीत रिमिक्स गरेर गाउने होड नै चलेको छ। समयको माग र नौलो प्रयोग भन्दै ताल न बेतालका शब्द तथा संगीत, सुर न बेसुरका लयमा च्याप भन्दै बीचबीचमा घुसाएर गाउँदा ती मौलिक गीत-संगीत र स्रष्टाको घोर अपमान भएको महसुस हुन्छ। जुन गीत सदाबहार र अमर बनेर प्रत्येक नेपाली श्रोताको मन, मस्तिष्कमा भिजिसकेका थिए तिनै गीतहरूको रिमिक्स माग बढेको छ भन्दै आफ्नो मौलिक गीत-संगीत सिर्जना गर्न नसक्ने र नजान्ने गायक-गायिकाहरू ती कालजयी गीत गाएर आफू चर्चित र सफल भयौं भन्ने भ्रम पालिरहेका छन्। ती वास्तविक सर्जकहरू त अमर छन्। रिमिक्स गीत चर्चित हुने कारण ती गीतको मर्म र भावना विपरीत अङ्ग प्रदर्शन, यौनिक हाउभाउका साथ गरिने अश्लील र उत्तजेक नृत्य मात्र हो। त्यसैले गीत-संगीत चोरेर रिमिक्स गरी वास्तविक स्रष्टाहरू मौलिक र अमर सिर्जनाको घाँटी निमोठ्न प्रोत्साहन दिन अश्लील र उत्तेजक नृत्यमा रमाएर रिमिक्स हेर्ने, सुन्ने दर्शकहरू, अर्काको सिर्जना नक्कल गरेर सफल भएँ भन्ने गायक-गायिकाहरूको अनावश्यक चर्चा चलाइदिने मिडिया तथा आफ्ना सिर्जना बेचेर बाँच्न खोज्ने सर्जकहरू सबैले बेलैमा सचेत हुनुपर्‍यो।

**–चित्र कुइँकेल, फिदिम**

### बन्द भएन

नेपाली समाज धेरै पछाडि रहे पनि हामीहरूले दिनानुदिन बन्दको सामना गर्नु परेको छ। आजको राज्यसत्ता पनि हिजो बन्दको होडकै कारण सम्हाल्न पाएकाले होला बन्दकै भाषा मात्र बुझ्छन्। एउटा गायक स्टेज सोका लागि एक दिनका निम्ति जान्छ, दुर्भाग्य उसको महत्त्वपूर्ण समय बन्दले रोकिदिन्छ। जस्तोसुकै मागमा समेत बन्द आह्वान गर्नु ठीक हो र ? यहाँका बुझ्नेहरूले नै त्यसो गरिदिएपछि सर्वसाधारणको अस्तित्वको के प्रयोजन ? आज तराई बन्द, भोलि राजधानी बन्द, पर्सि गाडी बन्द। यसरी समयलाई बन्द र हड्तालमा फाल्ने हो भने हामी विकासको कुन चरणमा पुगौंला ?

**–दिनेश खड्का (पुरस्कृत पत्र)**

### कविता दोहोरियो

साप्ताहिकमा प्रकाशित धनप्रसाद सुवेदीको कविता 'प्रजातन्त्र' साप्ताहिककै केही महिनाअघिको अंकमा प्रकाशित भएको थियो। एकै व्यक्तिको एउटै कविता दोहोर्‍याएर कविप्रति बढी माया दर्साइएको हो कि ? कविता, कथाको खाँचो भए कहिलेकाहीं हाम्रा लेख-रचना पनि प्रकाशित गरे हुन्थ्यो। यहाँसम्म कि मैले लेखेको पाठक प्रतिक्रिया, अब हाम्रो पालो कहिल्यै प्रकाशित भएनन्। कविता तथा लघुकथा त कति पठाएँ कति ? कतै चिठी नै नपुगेको हो कि सम्पादक ज्यूले लाखापाखा लगाउन खोज्नुभएको हो बुझ्न सकिनँ।

**–ईश्वर ओझा, विराटनगर**

## तीतो सत्य

- दुःखलाई बिर्सन सुखको अनुभूति पनि गर्नुपर्छ।
- धनले होइन, मनले धनी बन्न सिक।
- बोलीमा जतिसुकै माधुर्य भए पनि चिन्नेले हामीलाई हाम्रो कर्मबाट चिन्छन्।

**वीरेन्द्रराज ढकाल, स्याङ्जा**

- भोलिको भरोसामा नबस, जीवन अनिश्चित छ।
- अरूको दुःख-पीडामा हाँस्नु न त सभ्यता मानिन्छ, न मानवीय गुण नै।
- लड्नु ठूलो कुरा होइन, लडेपछि उठ्न नसक्नु ठूलो कुरा हो।

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

- सुख खोज्ने मानिस भौंतारिँदै अझ बढी दुख भोग्न पुग्छ।
- एउटा हाँसोमा हजारौं पीर नष्ट हुन्छ तर आँसुले केवल आँसुलाई आमन्त्रण गर्छ।

**अशोक महत, पनौती**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

# अनुसन्धान प्रतिवेदनमा नेपाली मोडलिङ

नेपालमा मोडलिङ अवस्था समस्या र सम्भावना शीर्षकमा हालै एउटा अनुसन्धान सम्पन्न भएको छ। काठमाडौं विश्वविद्यालयमा एम.बी.ए. प्रथम वर्षमा अध्ययनरत आशिष तिवारी, विशाल चालिसे, मञ्जिल डंगोल, संकेत श्रेष्ठ तथा स्वरूप श्रेष्ठ सम्मिलित समूहले गरेको उक्त अनुसन्धानमा नेपालमा मोडलिङ निरन्तरताको दृष्टिकोणबाट सन्तोषजनक देखिए पनि जुन रूपबाट विकास एवं विस्तार हुनुपर्ने थियो त्यो हुन नसकेको निष्कर्ष निकालिएको छ।

अनुसन्धानका लागि गरिएका यी सबै कार्यबाट अन्ततः नेपालमा मोडलिङ अवस्था समस्या र सम्भावना शीर्षक अन्तर्गत गरिएको अनुसन्धानको परिणाम यस्तो छ :

• मिस नेपाल प्रारम्भ भएको वर्ष अर्थात् सन् १९९४ बाट नेपालमा र्‍याम्प मोडलिङ मौलाएको पाइए पनि सन् १९९६ बाट मात्रै यसले व्यवस्थित रूप अँगालेको देखिन्छ। विगत केही वर्षयता भने र्‍याम्पका अतिरिक्त म्युजिक भिडियो तथा विज्ञापन मोडलिङको क्रेज बढ्न थालेको छ। अहिले इ-मोडलिङको अवधारणाले पनि विस्तार पाइरहेको स्थिति छ।

• र्‍याम्प मोडलिङको विकास क्रमलाई हेर्ने हो भने वि.सं. २०५७ देखि २०५९ सम्ममा संख्यात्मक रूपले र्‍याम्पमा मोडलिङ गतिविधि ४० बाट बढेर १ सयको हाराहारीमा पुगेको छ तर २०६० यता भने र्‍याम्प गतिविधि खस्कँदो देखिन्छ। यद्यपि गत वर्षदेखि भने यसमा सुधारको स्थिति देखिएको छ।

• र्‍याम्प मोडलिङको विकास हुन नसक्नुका पछाडि थुप्रै कारण रहे पनि प्रायोजकको अभाव, कार्यक्रमप्रति विश्वास जगाउन नसक्नु, आयोजक संस्थाहरूबीच आपसी मनमुटाव, खुट्टा तान्ने प्रवृत्ति विद्यमान हुनु आदि प्रमुख कारण देखिएका छन्। यसका अतिरिक्त अधिकांश मोडलमा शैक्षिक योग्यताको अभाव, आधारभूत प्रशिक्षणको कमी, आफ्नो क्षेत्रप्रति जिम्मेबारीको बोध नहुनु, मोडलिङलाई फुर्सदको समय सदुपयोग गर्ने उपायका रूपमा मात्र लिनु आदि कारणले पनि यो क्षेत्रको व्यावसायिक विकासमा असर पुर्‍याएको छ।

• मोडलहरूको हकहित तथा अधिकारको सुरक्षा दिलाउने मोडलिङ संघ-संगठनको अभाव महसुस गरिए पनि यस सम्बन्धमा उल्लेखनीय काम भएको देखिंदैन। जसका कारण नवप्रवेशी लगायत व्यावसायिक मोडलहरूसमेत आर्थिक शोषणमा परेका देखिन्छन्।

• र्‍याम्प मोडलिङ विधामा फेसन सोभन्दा मोडल प्रतियोगिता बढी हावी भएकाले र्‍याम्प मोडलिङको व्यावसायिक परिधि साँघुरिएको अनुभव हुन्छ। पारिश्रमिकको हकमा तीनदेखि आठ हजारको हाराहारीमा र्‍याम्प मोडलिङ अघि बढेको देखिन्छ भने मोडलिङमा बढीमा तीस हजारसम्म पारिश्रमिक प्रदान गरिएको देखिन्छ। म्युजिक भिडियोतर्फ भने मोडलहरूको आम्दानी पाँचदेखि पन्ध्र हजार रुपैयाँसम्म छ।

• विगतमा भन्दा वर्तमान परिस्थितिमा सामाजिक सचेतता बढेको भए पनि समाज उदार बन्न सकेको देखिंदैन। यो क्षेत्रमा केही गलत प्रवृत्ति हावी रहेकाले समाजको दृष्टिकोण अझै नकारात्मक रहेको पाइन्छ।

• यो क्षेत्रमा संलग्न संस्थाहरूबीचको सहकार्य तथा प्रतिस्पर्धा पनि स्वस्थ देखिंदैन। एक-अर्काको खुट्टा तान्ने प्रवृत्तिबाट पनि मोडलिङको व्यावसायिक विकासमा असर परेको छ।

• मोडलिङको विकासमा सरकारी निकाय मौन रहनु तथा यो क्षेत्रलाई पनि उद्योगका रूपमा अघि लान सकिन्छ भन्ने सोच सरकारी क्षेत्रमा नहुनाले पनि मोडलिङ पेशाका रूपमा अघि बढ्न नसकेको अनुभव हुन्छ।

• मोडलिङका अन्य विधाभन्दा विज्ञापन मोडलिङ आम्दानीका दृष्टिले बलियो स्रोत भए पनि नेपाली विज्ञापनमा बजेट कम हुनु, विदेशी विज्ञापन नेपाली भाषामा नेपालमै निर्माण नगरिनु एवं विदेशी विज्ञापनमा भाषा रूपान्तरणले बढी प्राथमिकता पाउनाले नेपाली मोडलहरू मारमा परेका छन्।

उल्लेखित समस्या विद्यमान रहे पनि मोडलिङको राम्रो भविष्यलाई पनि नकार्न सकिंदैन। मोडलिङ पेशाका रूपमा विकसित हुन समय लाग्ने भए पनि निरन्तरताले यसको भविष्य सुनिश्चित गर्ने कुरामा विमति नहोला। यसबाट व्यक्तित्व विकास, आत्मविश्वासमा अभिवृद्धि तथा आफ्नो परिचय बनाउन सक्ने अवसर त छँदैछ अन्य क्षेत्रका लागि पनि अवसर सिर्जना भएका कैयन् उदाहरण छन्।

म्युजिक भिडियो मोडलिङबाट अभिनय क्षेत्रमा प्रशस्त अवसर सिर्जना भएको देखिन्छ। चलचित्र, टेलिचलचित्रमा मोडलहरूको राम्रो उपस्थिति यसकै उपज हो। भिजे, आरजे, फेसन पत्रकार, कोरियोग्राफर, इभेन्ट म्यानेजरदेखि जनसम्पर्कका विभिन्न क्षेत्रसँगै ग्राहक सेवा, एयर होस्टेज, स्टेवार्ड, होटल मार्केटिङ आदि पेशातर्फ पनि मोडलिङबाट सुनिश्चित आधार तथा अवसर सिर्जना भएको देखिन्छ। पछिल्लो समयमा मौलाएको इ-मोडलिङको विस्तारबाट यस क्षेत्रमा थप नयाँ अवसर समेत सिर्जना हुन थालेको छ। समग्रमा भन्नुपर्दा नेपाली मोडलिङ उद्योग विकासको क्रममा छ, व्यावसायिक भविष्यको सम्भावना सहित अघि बढेको छ तर यसको सुनिश्चितताका लागि सम्बन्धित सबै पक्षले यसमा सहकार्यका माध्यमबाट निराकरण गर्नु आवश्यक छ।

# पुरुषको प्रचलित शैली

पुरुष फेसनशैली महिलावर्गको जस्तो विविधतायुक्त र परिवर्तन भैरहने नभएकाले धेरै कुरा अनुमानका आधारमा अघि बढ्ने फेसनविज्ञहरूको राय छ, तथापि अन्तर्राष्ट्रिय फेसन ट्रेन्ड, मिडियाको प्रभावप्रति आँखा चिम्लिन सकिंदैन। विशेषतः पुरुषवर्गमा हेयर स्टाइलिङ, दार्‍हीको शैली, जुत्ता र पाइन्टमा भने केही नवीनता देखिने तर्क सम्बन्धित विज्ञहरूको छ। पुरुष फर्मल ड्रेसकोडमा काम गर्दै आएका पुतलीसडकस्थित डोरमियलका अनिल बज्राचार्य विगतका दिनमा केही हदसम्म हचुवा र अनुमानका आधारमा सुट-पाइन्टको डिजाइनमा काम गरिए पनि आज मिडियाको विभिन्न माध्यम विशेषतः अन्तर्राष्ट्रिय फेसन म्यागाजिन तथा सर्टिङ-सुटिङका क्याटलग नै नयाँ डिजाइनको आधार हुने गरेको बताउँछन्। पुरुष फेसनमा विशेष गरी सुटको मामिलामा सिङ्गल र डबल ब्रेस्ट गरी दुई डिजाइनमा टु बटन, थ्री बटन शैली नै एकपछि अर्को परिवर्तन भैरहेको अनिलले बताए। पाइन्टमा पनि प्लिटेड र नन प्लिटेडको अवधारणा छ। कपडाको टेक्सचरमा परिवर्तन आए पनि फ्याब्रिकमा परिवर्तन नआउने भएकाले विन्टरका लागि वुलन, समरका लागि शून्य प्रतिशत उलन तथा मिडियम खाले फोर सिजन फ्याब्रिकको उपलब्धतामै पुरुष सर्टिङ-सुटिङ फेसनशैली अघि बढेको अनिल बताउँछन्।

Heavy Off-er
- Computer Software all
- Computer Hardware/Network
- Hotel Training (Waiter, Cook)
- Language all Classes
- TOEFL / IELTS (Free Meterials)
- Air Ticketing Course
- Sales & Marketing Course
- Secretarial Course (Short hand)
- Tuition :- +2, All Level
- Staff Nurse Preparation Class

लिंकेज
पुरानो बसपार्क
फोन : ४२२५८१८

# युवाहरुले भित्र्याउँछन् फेसनका नयाँ ट्रेन्ड

**विदुर खतिवडा**

पप गायक राजीव लोहनी आजभोलि 'हेडब्यान्ड' लगाएर हिंडिरहेका हुन्छन् । कुनै बेला महिलाहरूले मात्र लगाउने हेडब्यान्ड अहिले आएर पुरुषहरूका निम्ति आकर्षण बनेको छ । राजीवको हेडब्यान्ड मोहलाई अहिलेको एउटा फेसन ट्रेन्ड मान्न सकिन्छ । बलिउड नायक अभिषेक बच्चनले हेडब्यान्ड लगाएर हिंड्न थालेपछि अहिलेको युवा पुस्ता त्यसतर्फ लहसिएको हो । 'हेडब्यान्ड लगाउन थालेको दुई महिना हुन लाग्यो,' राजधानीस्थित एक कलेजमा प्लस टु अध्ययनरत विराटनगरका रविन लुइँटेलले साप्ताहिकसँग भने- 'कलेजमा लगाउन नमिल्ने भएकाले कलेज जाँदा-आउँदा लगाउने गरेको छु ।'

केशलाई पूरै पछाडि फर्काएर स्ट्रेट गर्ने चाहना राखेका रविनले हेडब्यान्ड लगाउँदा व्यङ्ग्यको सिकार बन्नुपरेको अनुभव सुनाए । रविन भन्छन्- 'मैले एक जना दाइले लगाएको देखेर त्यसैको सिको गरेको थिएँ, परिवार र आफन्तले के गरेको भनेर प्रश्न तेर्स्याउँथे । यता साथीहरूले मेरो जस्तै हेडब्यान्ड लगाएर हिंड्न थालेपछि भने मलाई राहत महसुस भएको छ ।'

फेसनलाई आत्मसात् गर्नमा अहिलेका युवाहरू सबैभन्दा अग्रपङ्क्तिमा छन् । उनीहरू फेसनको ट्रेन्डलाई सबैभन्दा अगाडि रहेर आत्मसात् गर्छन् । 'अहिलेका युवाहरूमा सौन्दर्य चेतना असाध्यै छ,' हेयर डिजाइनर नील डेविड भन्छन्- 'पार्लरमा आउने महिला र पुरुष ग्राहकको सङ्ख्या बराबर देखेको छु । जबकि केही वर्षअघिसम्म महिलाहरू मात्र पार्लर जाने चलन थियो ।' डेविडका अनुसार अहिलेका युवाहरूमा सबैभन्दा चलेको फेसन ट्रेन्ड भनेकै हेयर स्ट्रेट हो । त्यस्तै थ्रेडिङ, फेसियल, मेनिक्योर र पेडिक्योर गराउने युवकहरूको संख्या पनि बढ्दै गएको छ ।

चञ्चले उमेर भएकाले युवाहरू सही वा गलत नछुट्याई चलेको ट्रेन्डलाई पछ्याइरहेका हुन्छन् । बलिउड चलचित्र धुमको प्रभावमा मोटरबाइक मोडिफाई गरेर हिंड्ने नेपाली युवापुस्ताको संख्या पनि उल्लेख्य छ । 'मोडिफाई बाइकमा मात्र लागू हुँदैन,' ग्लोबल कलेजमा बीबीएस अध्ययनरत आशिष भट्टराई भन्छन्- 'कलेज जीवनमा रहेका अधिकांश विद्यार्थी आफ्नो नियमित 'युनिफर्म' मा समेत मोडिफाई चाहिरहेका हुन्छन् । सपक्क आइरन लगाइएको युनिफर्मलाई हल्का रफ ढंगले लगाइएको हुन्छ ।

कलेज ड्रेसलाई चुज ड्रेसमा रूपान्तर गर्ने चलन अहिले छ ।' कलेजले युनिफर्म सिलाउनका लागि टेलर्सको ठेगाना दिएपछि विद्यार्थी आफैं त्यहाँ पुगेर ड्रेस डिजाइनको कन्सेप्ट दिइरहेका भेट्टिन्छन् । मोजाको माथिल्लो भाग देखाउने गरी पाइन्टलाई चुज बनाइन्छ भने सर्टलाई लुज गरिन्छ । कलेज युनिफर्मको सर्टको एक पाटोलाई पाइन्टभित्र घुसार्ने र अर्को पाटोलाई बाहिर निकाल्ने ट्रेन्ड पनि छ । कलेज जाँदा युवाहरू फेसनेबल चस्मा पनि साथै लिएर जान्छन् र कलेज सकिनेबित्तिकै निकालेर लगाउँछन् ।

प्रायः निजी क्षेत्रका कलेजमा कडा अनुशासन लगाइए पनि विद्यार्थीहरू भने त्यसमा स्वतन्त्रता खोजिरहेका हुन्छन् ।

टिनएजमा प्रवेश गरेकादेखि टिनएज पार गरेका अधिकांश युवामा अहिले सबैभन्दा बढी प्रभाव ऱ्याप गीतको छ । नेपालमा ऱ्याप संगीतको लोकप्रियता बढ्दै जाँदा हिपहप पहिरनको फेसन पनि चल्न थालेको हो । अहिले हिपहपकै बजार छ, काठमाडौं मलस्थित रेडिमेड पहिरन विक्रेता रोहित केसीका अनुसार आफ्नो शारीरिक बनावटभन्दा ठूलो आकारका हिपहप पहिरनमा पनि उनीहरू विभिन्न ब्रान्ड खोजिरहेका हुन्छन् । हिपहप ड्रेसमा लुज टिसर्ट, सर्ट र पाइन्ट पर्छन् । त्यसैगरी यस्ता पहिरन लगाउनेले सुनचाँदीका गहनाका अतिरिक्त अन्य एसेसरिज पनि लगाउने गरेका छन् । यसबाहेक ब्रान्डेड स्पोर्टिज सुज पनि हिपहप ड्रेसमै पर्छ । अग्रभाग □ल्याट भएको जुत्ता उनीहरूको रोजाइमा पर्छ ।

कलेज जीवनमा चलेको अर्को फेसन हो, मोवाइलको अत्यधिक प्रयोग । कक्षा ११ मा अध्ययन गर्ने विद्यार्थीहरूले समेत मोबाइल बोक्ने गरेका छन्, प्राध्यापक भूपाल पौडेल भन्छन्- 'कक्षामा पढाइरहेका बेलामा समेत विद्यार्थी डेक्समुनि राखेर मोबाइल टेक्स्ट टाइप गरिरहेको भेट्टिन्छ ।' मोबाइलमा पनि पछिल्लो बहुप्रविधियुक्त मोबाइल कसले बोकेको छ भन्ने चर्चा चल्ने गरेको आशिष बताउँछन् । बजारमा आएका महँगा मोबाइलदेखि पामटपसम्म विद्यार्थीहरूले बोक्ने गरेका छन् । कलेज तथा विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थीमा आर्थिक असमानता नदेखियोस् भनेर एउटै युनिफर्मको व्यवस्था गरिएको भए पनि त्यसैमा पनि उनीहरू महँगा ब्रान्डको प्रयोग गर्न रुचाउने प्राध्यापक पौडेल बताउँछन् ।

रफ पहिरन विशेष गरेर जिन्स लगाउने चलन युवाहरूमा चलेको अर्को फेसन हो । फाटेको, टालेको वा च्यातिएको जस्तो देखिने पहिरनमा उनीहरूलाई सहज महसुस हुने गरेको छ ।

**फेसनमा पछाडि छैनन् कलेज युवतीहरू**

कुनै बेला पद्मकन्या कलेजले अनिवार्य रूपमा युवतीहरूलाई कलेज ड्रेसमा आउन निर्देशन दिन्थ्यो । ड्रेसमा नआए अनुशासनको कारबाही पनि हुन्थ्यो, तर अहिले पद्मकन्या आउने धेरै छात्राले अन्य पहिरन पनि प्रयोग गर्न थालेका छन् । 'समयअनुसार कलेजले पनि युनिफर्ममा परिवर्तन ल्याउनुपर्छ,' कलेजकी छात्रा मनिला श्रेष्ठ भन्छिन्- 'तर हेर्दा सभ्यचाहिँ देखिनु आवश्यक छ ।' मनिलाका अनुसार कुनै बेला केश छोडेर कलेज आउन हुन्न भनिए पनि त्यो अहिलेको हकमा मिल्दो कुरा होइन ।

अहिलेका युवतीहरू आधुनिक फेसनको यो दौडमा एकदम अगाडि देखिन्छन् । युनिसेक्सको अवधारणा-अन्तर्गत युवतीहरूले लगाउने कतिपय पहिरन युवकहरूका लागि अमिल्दो देखिए पनि युवकहरूका प्रायः सबै पहिरन युवतीहरूका लागि योग्य देखिन्छन् ।

अहिले कलेजहरूले युनिफर्ममा स्कर्टलाई पनि मान्यता दिएपछि कलेजबाहिर मात्र लगाउनुपर्ने ड्रेस उनीहरूले कलेजमै लगाउन पाउने भएका छन् । भिजे प्रियङ्का कार्की भन्छिन्- 'स्कर्ट लगाएर हिंड्न मन लागे पनि बाटोमा पछि फर्की-फर्की हेर्नेहरूका कारण लगाउन अप्ठचारो लाग्छ ।' त्यसो त काठमाडौंका मुख्य बजारमा स्कर्ट लगाएर हिंड्ने युवतीहरूको संख्या अहिले उल्लेख्य देखिन्छ ।

गर्मी महिनामा विशेष गरी युवतीहरू फेसनमय हुन्छन् । स्लिभलेस पहिरनमा सजिएर हिंड्ने चाहना उनीहरूमा हुन्छ । त्यसैले कलेज धाउने कतिपय युवतीले सर्टलाई फोल्ड गरेर सेमी स्लिभलेस बनाएका हुन्छन् । कलेज बाहिर हुँदा हाफपाइन्ट लगाएर हिंड्ने फेसन पनि युवतीहरूमाभ्क लोकप्रिय हुँदै गएको छ ।

'अहिले चलेका धेरै फेसनमा केटाकेटीमा समान ट्रेन्ड देखिन्छ,' त्रिचन्द्र कलेजमा समाजशास्त्रतर्फ स्नातक अध्ययनरत अमृता थापा भन्छिन्- 'पहिरन मात्र होइन, दुवैले एकै प्रकारका एसेसरिजमा ध्यान दिइरहेका हुन्छन् । त्यस्तै हिपहप र चुज ड्रेसमा पनि धेरै समानता भेट्न सकिन्छ ।' युवतीहरू विभिन्न प्रकारका इयर रिङ, झुम्का, टप, नत्थी, बेङगल चुरा, ब्रासलेट, औंठी आदि एसेसरिज प्रयोग गर्न रुचाउन थालेका छन् । सुनचाँदीजस्ता बहुमूल्य गहना लगाउने ट्रेन्ड घट्नु अचम्मलाग्दो पक्ष रहेको अमृता बताउँछिन् ।

त्यसै पनि महिलाहरू सौन्दर्यको मामलामा बढी सचेत हुन्छन् । आकर्षक ढंगले मेकअप गर्नु उनीहरूको चाहना हुन्छ । स्याफ्रोन ब्युटिपार्लर एन्ड कस्मेटिक्स सञ्चालन गर्दै आएकी अमृताका अनुसार मेकअपमा पनि पछिल्लो फेसनमा उनीहरूको आकर्षण हुन्छ ।

कुनै समय केश पर्म गर्ने महिलाहरू अहिले आएर स्ट्रेटको मोहमा तानिएका छन् । स्कुले विद्यार्थीदेखि कलेजसम्मका सबै छात्रामा अहिले चर्चा हुने गरेको विषय नै हेयर स्ट्रेट हो । त्यस्तै मेहन्दी लगाउन र टाटु खोप्नमा पनि युवतीहरू त्यत्तिकै चासो दिन्छन् । स्पोर्टिज ब्रान्डमा पनि युवतीहरू त्यत्तिकै कन्सस छन् । स्पोर्टिज पहिरन खुला हुने भएकाले लगाउन सजिलो हुने उनीहरू बताउँछन् । पेन्सिल हिल, क्लोज स्यान्डलका विकल्पमा यस्ता स्पोर्टिज जुत्तामा पनि युवतीहरूको आकर्षणमा छ ।

पार्लर धाउने युवायुवती दुवैमा चलेको अर्को फेसन हो, केश रङ्गाउने । विभिन्न कलर तथा हाइलाइटका साथै मेहन्दीको प्रयोग गर्ने चलन अहिले अत्यधिक छ । त्यसैगरी शारीरिक सुन्दरता बढाउन विभिन्न प्रकारका मसाज गर्ने ट्रेन्ड पनि विकसित हुँदै गएको छ ।


नेपाल सरकार तथा (EIA-NEPAL) बाट मान्यता प्राप्त
प्राईभेट TEST/SLC मा भर्ना खुल्यो
(विगत TEST तथा SLC परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल)
"English तथा Nepali दुवै माध्यममा कक्षा संचालन हुने"
Harvard Int'l Academy
Koteshwor, Ktm.Ph:2050153
(कोटेश्वर प्रहरी बीटवाट ३० मी. भित्र)


उद्घोषण तालिम
एस.एल.सी. तथा प्लस टु दिएर बसेका विद्यार्थीहरुलाई अब गुणस्तरीय RJ तथा प्राविधिक तालिम दक्ष रेडियोकर्मी कै व्यवस्थापनको संस्थाबाट
विशेषता
- दक्ष प्रशिक्षक/प्राविधिक
- Practical आफ्नै स्टुडियोमा
- विज्ञापनमा बोल्ने तथा कार्यक्रम संचालन गर्ने अवसर
प्रशिक्षक: सञ्जय वराल, पवन आचार्य मुनाल शिशिर, कला सुब्बा, महिमा भट्टराई
सम्पर्क: Bikalpa, The Option Kumari Temple Street, Kupondole
फोन: ५०११५२३, हटलाइन: २३८०७४४

खाली समयलाई सिपमुलक तालिममा सदुपयोग गरौं ।
Office Package, Web Page Designing, Graphic Designing, Advanced Multimedia, E-Commerce गर्नेलाई English, Japanese, French, Korean मध्ये कुनै एक भाषा वा Anchoring, Guitar, Dance मध्ये कुनै एक निःशुल्क अथवा २५% छुटमा धमाधम भर्ना लिइदैछ ।
यो योजना जेष्ठ १० गते सम्म मात्र लागु हुनेछ ।
Free Stationery & Unlimited Internet Facility
लिंकेज बागबजार, फोन: ४-२३२६०८ भक्तपुर जाने मिनिबसपार्क अगाडी

PRIVATE TEST/SLC
२०६४ को लागि भर्ना खुल्यो
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा Test/S.L.C. फेल भएर स्कुल जान नसकेका विद्यार्थीहरुका लागि Private Test/SLC तयारी कक्षामा धमाधम भर्ना लिईदैछ । सिट सीमित छ ।
(English and Nepali both medium)
Bright Future Institute
मोबाइल: ९८५१००२८०४, फोन नं।: ४४६३०७३, चावहिल, काठमाडौं ।

प्राइभेट
Test/S.L.C.
बिगत बर्षहरूको अपार सफलता पछि २०६४ को लागि पनि Private Test/S.L.C. मा धमाधम भर्ना लिइदैछ ।
कक्षा समयः बिहान र दिउसो
माध्यमः अंग्रेजी र नेपाली
साथै Computer, Language/ Tuition Classes संचालन भईरहेका छन् ।
EVEREST Educational Centre
Jamal, Kathmandu
Ph.: 4224838

प्राइभेट test/S.L.C
कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका तथा test,S.L.C. फेल भई स्कूल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहने विद्यार्थीलाई सुर्वण अवसर ............
♦ अंग्रेजी र नेपाली भाषामा पढाइने
♦ कक्षा समय: विहान र दिउँसो
♦ कक्षा १० को पुस्तक पढे पुग्ने
♦ कमजोर विद्यार्थीलाई Math,Science, Englsih को Free Tuition
♦ शुरुका १० जना वा ग्रुपमा आउनेलाई छुटको व्यवस्था
KINGS ACADEMY
कोटेश्वर, रत्न शिक्षा क्याम्पस अगाडि
फोन: ४६००२४५,९८४१२६८२६७, ९८०३१४६१३४

प्राइभेट TEST/SLC
दोस्रो ग्रुपमा भर्ना खुल्यो ।
➡ नेपाल सरकारद्वारा मान्यता प्राप्त ।
➡ कक्षा ८ पास भए पुग्ने साथै कक्षा ९, १० र SLC फेल भएपनि फरक नपर्ने ।
➡ दुर्गम, दलित तथा आर्थिक अवस्था कमजोर भएकालाई १००%सम्म छात्रवृत्तिको ब्यवस्था ।
➡ विहान, बेलुका र दिउँसो तथा नेपाली र अंग्रेजी दुवै माध्यमबाट पढाइने ।
➡ वर्षौ अनुभवी शिक्षक शिक्षिकाद्वारा पढाइने ।
➡ उमेर नाघेका, जागिरे तथा गृहिणीले घरैमा बसेर पनि परीक्षा दिन सक्ने ।


वासिङ्गटन एकेडेमी
नयाँ बानेश्वर डिपार्टमेन्टल स्टोर अगाडि, फोन: ४७८२१६२

# फेसन शून्य नेपाली टेलिभिजन

**अश्विनी कोइराला**

विश्वलाई फेसन सिकाउने गुरु टेलिभिजन नै हो । टेलिभिजनको पर्दामा हिपहप गायकको म्युजिक भिडियो प्रसारण नभै सहरमा हिपहप पहिरन चल्तीमा आउँदैन । खेलाडीहरूको केश बाँध्ने तथा काट्ने शैली त्यतिखेर मात्र चल्तीमा आउँछ, जतिखेर उनीहरूको खेल टेलिभिजनबाट प्रसारण हुन्छ । मोडल, कलाकार तथा समाजमा विशेष पहिचान बनाएका व्यक्तिहरूको पहिरन एवं हाउभाउ त्यतिखेर नक्कल हुन्छ जतिखेर उनीहरूलाई टेलिभिजनले कभर गर्छ । टेलिभिजनले विश्वफेसनमा क्रान्तिकारी परिवर्तन ल्याएको छ । विश्वमा फेसनकै लागि धेरै कम टेलिभिजन सञ्चालनमा छन्, तर फेसनको गर्मी यति बढी छ कि धार्मिक कार्यक्रम प्रसारण गर्ने टेलिभिजनबाट पनि फेसनको नक्कल हुने गरेको छ । स्वामी रामदेवको केश, दारी तथा पलेंटी मार्ने शैलीको नक्कल भएबाटै फेसनमा टेलिभिजनले पारेको प्रभाव आँकलन गर्न सकिन्छ ।



विश्व फेसनमा टेलिभिजनको प्रभाव यति धेरै भए पनि नेपाली टेलिभिजन च्यानलहरूले नेपाली दर्शकलाई त्यति प्रभावित तुल्याउन सकेका छैनन् । २०४१ सालमा नेपाल टेलिभिजनको प्रसारण भएयता नेपाली दर्शक टेलिभिजनको फेसनबाट थोरै मात्र प्रभावित भए । राष्ट्रिय टेलिभिजन भएकाले नेपाल टेलिभिजनको ध्यान दर्शक के कुरा रुचाउँछन् भन्नेतर्फ कहिल्यै गएन । बरु दर्शकलाई आफूले के दिनुपर्ने हो भन्ने कुरा मात्र एकोहोरो प्रसारण भैरह्यो । यो एकोहोरो नीतिका कारण कहिलेकाहीँ विशेष कार्यक्रमका केही विशेष कुरालाई दर्शकले रुचाए पनि त्यसलाई जीवनको अङ्ग बनाएनन् । तत्कालका लागि दर्शकको पहिरन, हाउभाउ एवं जीवनशैलीमा केही प्रभाव परे पनि त्यो दीर्घकालीन हुन सकेन ।

विज्ञहरूका अनुसार नेपाल टेलिभिजनको भन्डै साढे दुई दशकको इतिहासमा राजनैतिक, आर्थिक एवं सामाजिक ज्ञान दिए पनि यसले नेपाली दर्शकलाई फेसनको ज्ञान दिन सकेन । अप्रत्यक्ष रूपमा कुनै विशेष व्यक्ति वा कार्यक्रममार्फत कुनै फेसनलाई सीमित दर्शकले ग्रहण गरे पनि त्यो नेपालीहरूको आवश्यकता बन्न सकेन । विज्ञहरूले यसलाई नेपाल टेलिभिजनको कमजोरीका रूपमा व्याख्या गरेका छन् । आमसञ्चारका अध्यापक विष्णु उप्रेती भन्छन्, 'टेलिभिजनले सामाजिक, आर्थिक एवं राजनैतिक सन्देश मात्र दिँदैन, समाजको जीवन पनि परिवर्तन गरिरहेको हुन्छ । यदि फेसनको हकमा नेपाल टेलिभिजनको योगदान हेर्ने हो भने त्यो प्रभावकारी देखिँदैन ।'

उप्रेतीको विचारमा दर्शकहरू भारतीय टेलिभिजनबाट प्रसारण हुने टेलिश्रृङ्खलाका पहिरन, गहना, बोल्ने शैली मात्र होइन, पात्रको मनोविज्ञानबाट पनि प्रभावित हुने गरेका छन् । कुमकुम साडी, कसौटी लेहेंगा, दुर्गेस नन्दनी गाजल, प्रेरणा गहना, बजाज सुट, जस्सी चस्मा यसका उदाहरण हुन् । जुहु बुटिकद्वारा भारतीय कलाकारका लागि डिजाइन भएका पहिरन लोकप्रिय भएपछि उक्त पहिरनको कपी राइट भारतका ठूला-ठूला कपडा उद्योगले लिने गरेका छन् । जब टेलिश्रृङ्खलामार्फत ती पहिरनको माग बढ्छ, कपडा उद्योगले ती पहिरन बजारमा पठाउने गरेको छ । यसबाट भारतीय पहिरन उद्योगमा टेलिभिजनकै कारण करोडौं रुपैयाँ लगानी भएको छ ।

भारतीय सुट बजारमा पिटर इङ्ल्यान्ड तथा रेमन्डले टेलिश्रृङ्खलाका पात्रको पहिरनका लागि लाखौं रुपैयाँको प्रतिलिपि अधिकार खरिद गरेका छन् । त्यतिमात्र होइन, तुलसीको भूमिकाबाट लोकप्रिय भएकी स्मृति इरानीले लगाएको टीका यति लोकप्रिय भएको छ कि टीकाको नाम नै तुलसी टीका राखिएको छ । जसको प्रतिलिपि अधिकार नै लाखौं रुपैयाँमा खरिद गरिएको बताइन्छ । टेलिश्रृङ्खला 'सास भी कभी बहु थी' मा तुलसीले लगाउने टीका करिब पाँच वर्षदेखि भारतमा मात्र होइन, विश्वभरि रहेका मध्यवर्गीय हिन्दूमा लोकप्रिय रहेको अनुमान छ । रत्ना बिन्दीया उद्योग मुम्बईबाट उत्पादित तुलसी टीकाको बजार यही टेलिश्रृङ्खलाकै कारण विश्वभर लोकप्रिय भएको छ ।

त्यसो त भारतीय फेसन बजारमा टेलिभिजनले जुन प्रभाव पारेको छ, त्यो युरोप-अमेरिकाका लागि नौलो कुरा होइन । आफ्नो नयाँ उत्पादनलाई लोकप्रिय कलाकार, खेलाडी एवं प्रतिष्ठित व्यक्तिमार्फत युरोप-अमेरिकाका सबैजसो पहिरन, गहना, जुत्ता आदि उद्योगले आफ्नो प्रभाव पार्ने गरेको इतिहास पुरानै हो । टेलिभिजनकै कारण युरोपेली तथा अमेरिकी समाजमा ब्रान्डप्रति मानिसहरू सचेत भएका हुन् । आफ्नो ब्रान्डलाई स्थापित गर्न एडिडास, नाइकजस्ता कम्पनीले वार्षिक करोडौं डलर टेलिभिजन तथा टेलिभिजनमा देखिने व्यक्तिहरूका निम्ति खर्च गर्दै आएका छन् ।

नेपालमा भने टेलिभिजन स्थापनाको रजत महोत्सव मनाउने तयारी भैरहँदा फेसनमा यसको कुनै प्रभाव देखिँदैन । नेपाल टेलिभिजनबाट प्रसारण हुने टेलिश्रृङ्खलाका प्रभावशाली पात्रहरूको पहिरनलाई अहिलेसम्म व्यवसायीकरण गरिएको छैन । आखिर किन यस्तो हुन्छ ? सीमापार व्यवसायका अरुण गोयल भन्छन्– 'नेपाली टेलिभिजनका पात्रहरू हामीले आयात गरेका सामग्री प्रयोग गर्छन् । जुन आमनेपालीले पनि प्रयोग गरिरहेका हुन्छन् । त्यसैले नेपाली टेलिभिजन व्यवसायभन्दा धेरै पछाडि छ ।'

विदेशी टेलिभिजनको प्रत्यक्ष प्रभावका कारण नेपालीहरू एकैपटक विश्वमा चलेको फेसन प्रयोग गर्ने हैसियत राख्छन् । खुला बजारका कारण नेपाली बजारमा विश्वमा चलेको फेसन तुरुन्तै पाइने अवस्था छ । यिनै कारणले फेसन बजारमा नेपाली टेलिभिजनहरूको योगदान न्यून देखिएको छ ।

**निजी च्यानल केही अगाडि**

नेपाल टेलिभिजनका कारण फेसन बजार मौलाउन नसके पनि निजी क्षेत्रबाट स्थापित टेलिभिजनहरूले आफ्ना प्रस्तोता, कलाकार एवं प्राविधिकहरूलाई रोल मोडल बनाउने प्रयास गरिरहेका छन् । कान्तिपुर टेलिभिजनमा सुरजसिंह ठकुरी, माल्भिका सुब्बा, संगीता श्रेष्ठका पहिरन एवं हाउभाउ दर्शकहरूका लागि अनुकरण योग्य हुने गरेका छन् । इमेज च्यानलका आसिफ तथा पल्लवी ढकाल, नेपाल वानकी पुष्पा जोशीका पहिरन एवं शैली नेपाली युवाहरूबीच चर्चित छन् । विजयकुमार तथा भूषण दहालको तीलचामले केश मन पराउने दर्शकको संख्या पनि बढिरहेको छ । टेलिभिजनले विचार मात्र होइन, जीवनशैली पनि दिनुपर्छ भन्ने पछिल्लो मान्यताका कारण निजी टेलिभिजनहरूले आफ्ना प्रस्तोता एवं कलाकारलाई आकर्षक बन्नै पर्ने नियम बनाएको छ । कान्तिपुर टेलिभिजनले यही मान्यताकै कारण आकर्षक शैलीमा समाचार भन्ने, समाचारवाचकले गाढा खैरो रङ्गको सुट लगाउनुपर्ने नियम जारी गरको छ ।

निजी टेलिभिजन च्यानलबाट प्रसारण हुने टेलिश्रृङ्खलाका पात्र तथा परिवेशलाई अत्याधुनिक बनाउने होड पनि चलेको छ । आजभोलि प्रसारण हुने टेलिसिरियलका पात्रहरू आकर्षक डिजाइनका पहिरन लगाउने, उच्च वर्गीय परिवारको कथा प्रस्तुत गर्ने परिवेशमा महँगा देखिने सामग्रीहरू देखाउने चलन बढेको छ । यसले दर्शकहरूको ध्यान नेपाली टेलिश्रृङ्खलातर्फ जान थालेको छ । यही सिको गर्दै नेपाल टेलिभिजनबाट प्रसारण हुने टेलिश्रृङ्खलाका कथा दुःखी, पीडित नारीको क्रन्दनबाट हटेर करोडौं रुपैयाँको व्यवसायतर्फ लम्कन थालेको छ । कथाले नै उच्चस्तरीय एवं आकर्षक पहिरन एवं हाउभाउको माग गरेका कारण पनि नेपाली टेलिश्रृङ्खलाको स्तर बढेको छ । यति हुँदाहुँदै पनि उनीहरूको फेसन नै अनुकरण गर्न सक्ने अवस्था भने छैन ।

**हास्य टेलिश्रृङ्खला**

नेपाली टेलिभिजनको सबैभन्दा सशक्त पाटो हास्य टेलिश्रृङ्खलालाई मानिएको छ । नेपाल टेलिभिजनको स्थापनाकालदेखि नै मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यले नेपाली दर्शकलाई हँसाएनन् मात्र, उनीहरूले दर्शकलाई विशेष जीवनशैली सिकाए । मह जोडीको सयौं टेलिश्रृङ्खलामार्फत मह जोडी नेपाली समाजमा स्थापित मात्र भएन, उनीहरूद्वारा अभिनीत पात्र नेपाली जीवनका मानक बने । आज पनि १५ गते, लालपुर्जाजस्ता श्रृङ्खलाका पात्रलाई नेपाली दर्शकहरू सम्झिरहेका छन् ।

मह जोडीपछि टेलिभिजनमा जमेका सन्तोष पन्तको हिजोआजका कुराभित्रका कतिपय प्रसङ्ग तथा पात्रहरूले पनि नेपाली दर्शकमा गहिरो छाप छाडे । दीपकराज गिरी तथा दीपाश्री निरौलाले देखाएका दृश्यको मात्र चर्चा हुँदैन, उनीहरूका कैला केशको पनि चर्चा हुन्छ । 'जीरे खुर्सानी' का पात्रहरूको हाउभाउ शैली सबैभन्दा बढी लोकप्रिय छ ।

जितु नेपालको मुन्द्रा, किरण केसीको राता मकै, शिवहरि पौडेलको मुखमा हान्नुजस्तो आदि थेगोले बालबालिकाहरूबीच फेसनको रूप लिएको छ । अध्यापक उप्रेती भन्छन्– 'नेपाली टेलिभिजनले फेसनमा ल्याउन सक्ने भनेकै बोली, व्यवहार एवं जीवनशैली हो, जुन हास्य टेलिश्रृङ्खलाले गरिरहेका छन् ।' उप्रेतीको विचारमा नेपालजस्तो कमजोर आर्थिक अवस्था भएको मुलुकमा टेलिभिजनले लोकप्रिय बनाएका कुरालाई व्यवसायीकरण गर्न सम्भव छैन । त्यसो भन्दैमा नेपाली टेलिभिजनले नेपाली समाजलाई फेसनमा कुनै योगदान दिएन भन्न पनि मिल्दैन । नेपाली शैलीका थोगो एवं नेपाली समाजको सोचलाई यसले फेसनका रूपमा बाहिर ल्याएको छ ।

फेसन भन्नेबित्तिकै पहिरन वा गरगहना मात्रै नभएर जीवनशैली पनि बुझिने भएकाले नेपाली टेलिभिजनले व्यावसायिक फेसनमा प्रभाव नपारे पनि आफ्ना दर्शकमा निश्चित जीवनशैली अपनाउन योगदान गरेको प्रस्ट देखिन्छ ।


प्राइभेट Test/S.L.C.
विगत वर्षहरूमा 100% पास गराउन सफल ।
२०६४ को लागि Private/ Test/S.L.C. भर्ना खुल्यो ।
कक्षा समय : बिहान र दिउसो
माध्यम : अंग्रेजी र नेपाली
साथै Computer, Languages/Tuition Classes सञ्चालन भइरहेको छ
Kathmandu Multiple Institute
Bhotahity, Kathmandu
Ph 4232203

वेटर तालिम
विदेश जानेलाई
Five Star होटलको स्टेण्डर्डमा सञ्चालित
दैनिक: १ घण्टा थेउरी र ८ घण्टा प्राक्टिकल
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर चोक, शंखमुलतर्फ (कोलम्बस कलेजको ठीक अगाडि)
फोन : ४७८१०६१/९८४१३८७६९७
१० जनालाई मात्र

सुवर्ण अवसर ! सुवर्ण अवसर !
❖ तपाई एस. एल. सी. को परिक्षा दिएर खाली समय बिताई रहनु भएको छ ?
❖ परिक्षा सके पछि के गर्ने भन्ने सोचाईमा भौतारीनु भएको छ ?
❖ खाली समयको सदुपयोग गर्न चाहानु हुन्छ ?
❖ तपाईले आफुलाई दक्ष स्वास्थ्य कर्मीको रुपमा प्रस्तुत हुने चाहाना राख्नु भएको छ ?
❖ तपाईमा विश्वका Canada, Australia, Israel, German, U.K. मा गएर काम गर्ने इच्छा छ ?
❖ तपाईले Nursing तथा H. A. पढ्ने चाहाना राख्नु भएको छ ?
❖ स्वदेशमा रहेका अस्पताल, नर्सिङ्ग होम क्लिनीक, स्वास्थ्य चौकी NGO, INGO हरुमा स्वास्थ्य कर्मी भई काम गर्ने इच्छा छ ?
यि सबै समस्याको समाधानका लागि हामी तपाईलाई पूर्ण सहयोग गर्ने छौं ।
जन स्वास्थ्य विकास केन्द्र
फोन: २०८३१६२ कोटेश्वर, ०१-६२१८९३४, बालाजुचोक, काठमाडौं
E-mail:- phdc_org@yahoo.com

उद्घोषण तालिम
नयाँ वर्ष २०६४ सालको उपलक्ष्यमा एस.एल.सी. दिएर बसेका विद्यार्थीहरुलाई विशेष छुट सहित धमाधम उद्घोषण (RJ/VJ) तालिम दिईदै छ ।
हाम्रा विशेषताहरू
१. ८०% भन्दा बढिलाई रोजगार दिलाउन सफल ।
२. Theory र Practical संगसँगै गराइने ।
३. सबैभन्दा पुरानो र विश्वासिलो ।
४. तालिमको अन्त्यमा १ घण्टाको कार्यक्रम रेकर्ड गर्न दिइने ।
सम्पर्क पानस मिडिया एण्ड ट्रेनिङ्ग सेन्टर
प्रदर्शनी मार्ग
फोन : २००३०९८

'सबैको लागि शिक्षा'
PRIVATE TEST/S.L.C. 2064
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा TEST र S.L.C. फेल भएका, जागिर खाएर पढ्न चाहने र विविध कारणले स्कूल छाडेका विद्यार्थीहरुलाई Private Test/S.L.C. मा विशेष छुटका साथ धमाधम भर्ना लिईदैछ ।
कक्षा सुरु: वैशाख २ गतेबाट
SHIVAPURI OPEN SCHOOL
सामाखुसी, कपुरधाराचोक,
फोन: ४-३६२१२५, ९८४१५३७६८०

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईनेछ
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper मा धमाधम भर्ना लिईदैछ।
Cook Training गर्नेका लागि Waiter, Housekeeping वा English Language FREEमा
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

KEI for BE ENTRANCE
Admission open: Preparation Classes
• Managed by Highly experienced teachers and Post graduate Enginneers of IOE Pulchowk Campus.
• Excellent result in IOE Entrance with top 10 students. (BE 96%, ME 98 % and IOE topper)
• Provided Text books, Question banks & Practice Sheets.
Kantipur Educational Institute (KEI)
Kupandol, Tel: 5540917, GPO Box: 8973 NPC115
Web:www.kei.edu.np/email:info@kei.edu.np

# फेसनमा अग्रणी धरान

धरानमा कुनै फेसन सो आयोजना नभएको यही जेठ महिनामा ठ्याक्कै दुई वर्ष पूरा हुँदैछ । आधुनिक र फेसनको सहरका रूपमा 'मिनी हङकङ' का नामले ख्याति कमाएको धरानमा दुई-दुई वर्षसम्म ऱ्याम्पमा मोडलिङ नहुनु पक्कै राम्रो कुरा होइन तर पनि धरानेहरू नयाँ-नयाँ फेसन भित्र्याउन भने सफल छन् । युवा-युवतीहरूले फेसनको सहर धरानको चार्म घट्न दिएका छैनन् ।

स्टेज वा ऱ्याम्पमा प्रस्तुत गर्नुअघि नै धरानमा नयाँ-नयाँ फेसन सहरभरि छ्याप्छ्याप्ती फैलिसकेको हुन्छ । लामो समयदेखि यहाँको फेसनलाई नजिकबाट नियालिरहेका कोरियोग्राफर तथा फोटोग्राफर वीरेन सुब्बा भन्छन्- 'छाताचोकदेखि भानुचोकसम्मको सडक मोडलहरू क्याटवाक गर्ने ऱ्याम्प वा स्टेजभन्दा भन्दा कम छैन । युरोपेली तथा पश्चिम एसियाको फेसन नेपालमा पहिलो पटक धरानको यही सडकबाट सुरु हुँदै आएको छ । त्यसपछि मात्रै मुलुकका अन्य सहरमा नयाँ फेसनले प्रवेश पाउँछ ।'

कोरियोग्राफर/फोटोग्राफर सुब्बाको भनाइसँग यहाँको तन्नेरी पुस्ता पनि सहमत छ । फेसनमा धरानलाई उछिन्न अरू सहरलाई निकै कठिन भएको उनीहरू बताउँछन् । बढ्दो वैदेशिक सम्पर्क, शैक्षिक तथा सूचना-प्रविधिको प्रभाव आदिका कारण यहाँका जो-कोही पनि 'शरीर सुहाउँदो मौसमअनुसारको पहिरन' लाई नै फेसन भन्न रुचाउँछन् ।

युरोपेली तथा पश्चिम एसियाली मुलुकहरूसँगको दशकौं लामो सम्बन्धले नै धरानलाई फेसनमा अग्रणी सहरका रूपमा स्थापित गरेको हो । धरान लाहुरेहरूको बाक्लो बस्तीले ढाकेको छ । पूर्वी पहाडबाट भर्ती भएका लाहुरेहरू आफ्नो तन्नेरी जीवन हङकङ, सिंगापुर, बेलायत, ब्रुनाईजस्ता विकसित मुलुकहरूमा बिताउँछन् । जागिरे अवस्थामै आफ्ना सन्तान तथा पत्नीलाई पनि पल्टनमा लान्छन् ।

विदेशमा रहँदा स्थानीय परिवेशको आधुनिक फेसन गर्नुपर्छ । 'त्यसैले उनीहरू नेपाल फर्कंदा विकसित मुलुकका फेसन यहाँ आफूसँगै लिएर आउँछन्,' -मोडल तथा कोरियोग्राफर तारा चाम्लिङले साप्ताहिकसँग बताइन् । झन्डै एक दशकयता मोडलिङमा सक्रिय तारा अहिलेका मोडलहरूमा अग्रज मानिन्छिन् । फेसन सो आयोजना नभए पनि धरानमा यतिबेला दुई दर्जनभन्दा बढी मोडल सक्रिय छन् । ऱ्याम्प मोडलिङ यहाँ ठ्याक्कै एक दशकअघि सुरु भएको हो । हेर्नै संगीतको लोकप्रियतासँगै करिब एक दर्जन मोडल म्युजिक भिडियोमा व्यस्त छन् ।

माओवादी द्वन्द्वसँगै यहाँ सेनाको पहिरन कम्ब्याटको फेसन सुरु भैसकेको थियो । यहाँ कम्ब्याटको फेसन चलेको दुई वर्षपछि मात्रै मुलुकका अन्य सहरमा कम्ब्याट क्रेज देखिएको थियो । हिपहप पहिरन चलेको यहाँ वर्षौं बितिसकेको छ । चुज स्टाइल र पङ्क स्टाइल यहींबाट वर्षौंअघि राजधानी हुँदै देशका अन्य सहर प्रवेश गरेको थियो । यहाँका किशोरकिशोरीहरूमा एक वर्षयता मेटल फेसन चलिरहेको छ ।

मेहर कलेक्सनका सञ्चालक मेहरलाल श्रेष्ठ भन्छन्- 'यहाँ शरीर एवं मौसम सुहाउँदो फेसन गर्नेहरूको बाहुल्य छ ।' यहाँ इन्टरनेट र टेलिभिजन हेरेर फेसनेबल पहिरन बजारमा खोज्न आउनेहरूको बाहुल्य छ । यहाँ संगीतकर्मीले जस्तै कानमा टप्स, गलामा विभिन्न किसिमका लकेट हातमा विविध किसिमका बाला नलगाउने युवायुवती भेट्न मुस्किलै पर्छ ।

तन्नेरी पुस्ता तथा बालबालिकाहरूमा पाश्चात्य फेसनको प्रभुत्व भए पनि यहाँका महिलाहरू भने भारतीय फेसनबाट प्रभावित छन् । बालबालिका तथा युवाहरू हलिउड र अंग्रेजी संगीतकर्मीहरूको फेसन पछ्याउन चाहन्छन् भने गृहिणी तथा पाका महिलाहरू बलिउड र हिन्दी सिरियलबाट प्रभावित छन् । उनीहरू कलाकारहरूले लगाएको जस्तै पहिरन डिजाइनरहरूलाई अर्डर दिन्छन् ।

रोजगारीका क्रममा हङकङ, सिंगापुर, बेलायत, ब्रुनाई, अमेरिका आदि विभिन्न विकसित मुलुकमा रहेका हजारौं धरानेले आउने-जाने क्रममै धरानेहरूले युरोपेली तथा आधुनिक फेसन यहाँ भित्र्याउने गरेको फेसन डिजाइनर हेमा राई बताउँछिन् । शैक्षिक तथा सूचना-प्रविधिको बढ्दो प्रभावसँगै धरानवासीहरू फेसनप्रति निकै कन्सस भैसकेका छन् । एक दशकअघिसम्म टेलरिङ सेन्टरहरूमा धरानेहरूको लस्कर देखिन्थ्यो भने हिजोआज गल्ली र चोकहरूमा बग्रेल्ती खुलेका बुटिकहरूमा घुइँचो लाग्ने गरेको छ ।

धरानवासीहरू कडा ह्यान्डवर्क, प्याचवर्क तथा इम्ब्राइडरी गरिएका पहिरन रुचाउँछन् । विदेशमा रहेका धरानेहरू यहींकै बुटिकहरूबाट आफ्ना निम्ति फेसनेबल पहिरन मगाउँछन् । उनीहरू टेलिफोनमा आफ्नो शरीरको नाप बताउँछन्, बैङ्कबाट पैसा बुझाउँछन् अनि कुरियर अथवा नातेदारहरूमार्फत् पहिरन मगाउँछन् ।

कुल १ लाख पनि जनसंख्या नभएको धरानमा एक दर्जन बुटिकले राम्रै व्यापार गरिरहेका छन् । यहाँका दुई इन्स्टिच्युटले सयौंलाई फेसन डिजाइनिङसम्बन्धी आधारभूत तालिम दिइसकेको छ ।

'यहाँका युवा-युवतीहरू शरीर सुहाउँदो तथा मौसमअनुकुल फेसन प्रयोग गर्न हिचकिचाउँदैनन्,' -फेसन डिजाइनर हेमाले बताइन् । हेमाका अनुसार त्यसैले त यहींकै सडकमा नयाँ-नयाँ फेसन देख्न सकिन्छ, जुन अन्य सहरमा पाइँदैन । गर्मीमा खुला पहिरन लगाउनु यहाँ सामान्य मानिन्छ । नियमित आयोजना हुने यहाँका डान्सपार्टी तथा कन्सर्टहरूमा पनि नवीन फेसन देख्न सकिन्छ । धरान पहिरन तथा गहनाको फेसनमा मात्रै अग्रणी छैन, धरानेहरूको बोल्ने शैली, बस्ने, हिंड्ने र खाने स्टाइल पनि अरू सहरका मानिसहरूको भन्दा भिन्न तथा स्टाइलिस्ट छ । कपाल रङ्गाउन होस् वा ड्रेसअप गर्न, धरानेहरू निकै अगाडि छन् ।

-राजु घिसिङ



निश्चल सुवेदी
२०६१ जेठ ४




शाश्वत तन्डुकार
२०५६ जेठ ४



गंगा शाही
२०५८ जेठ ५



जमुना शाही
२०५८ जेठ ५



आदित्य श्रेष्ठ
२०५८ जेठ ६



समीर थापा
२०६० जेठ ६



आज्ञा न्यौपाने
२०५९ जेठ ६



रिदम साह
२०५८ जेठ ८




विशाल पटेल
२०६० जेठ ९



प्रनिश भुजू
२०५५ जेठ १०



कृतिका भट्टराई
२०५९ जेठ ८



## जन्मदिनको शुभकामना

नाम :............................................

जन्म मिति :............................................

स्कुल :............................................

ठेगाना : ............................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# फेसनमा आभूषणको संसार



आभूषण अधिकांश माहिलाको चाहना हो । परिवर्तित समय परिस्थितिसँग यो चाहनामा सुविधा र आरामको दृष्टिकोण पनि थपिएको छ । प्रतिस्पर्धा र बेफुर्सदिलो जीवनशैलीका कारण गरगहनाको छनौट र फेसनमा पर्याप्त परिवर्तन आएको महसुस हुन्छ । कम बजेटमा स्टाइलिस, बोल्ड र फेसनेवल लुकको माग भएअनुरूप हिजोआज ट्रेन्डी फेसन र फ्युजन ज्वेलरीको चलन बढेको निरिता ज्वेलरीका प्रतिभा याकथुम्बा बताउँछिन् । याकथुम्बाका अनुसार हिजोआज आर्गेनिक वस्तुहरू जस्तै जुट, बैम्बु, रंगीन मोती, विड्स, बुड, बोन, मेटल, वाएर, नटस आदिप्रति आकर्षण बढेको पाइन्छ ।

उपरोक्त वस्तुहरूलाई गहनाको स्वरूप दिन कलर कम्बिनेसन, स्टाइल र डिजाइनप्रति विशेष ध्यान दिनुपर्ने प्रतिभा बताउँछिन् । जुनसुकै मौसम, जस्तोसुकै वातावरण तथा पहिरनसित मेल गरेर लगाउन सकिने, कम बजेटमा उपलब्ध हुने र स्टाइलिस एवं फेसनेबल पनि देखिने भएकाले यस्तो फेसन अर्थात् मेटल इमिटेसन ज्वेलरीप्रति क्रेज बढेको उनको धारणा छ । बिड्स तथा स्टोनहरूबाट ज्वेलरी डिजाइन गर्ने प्रतिभा यसका लागि चाहिने बिड्स एवं स्टोनहरू नेपाली बजारबाहेक भारत, चीन, थाइल्यान्ड आदि मुलुकबाट कलेक्सन गर्छिन् । यस्ता फेसन ज्वलेरीतर्फ विशेष गरी ब्रोच, नेकलेस, रिङ, ब्रासलेट इयरिङ, पेन्डेन्ट, आर्मलेट, एङकललेट आदि प्रचलनमा रहेको पाइन्छ ।

प्राचीन कालदेखि नै प्रतिष्ठा र निवेशका रूप लिइँदै आएको सुनका गरगहनाप्रतिको आकर्षणमा कमी नआए पनि यसको प्रयोग भने अवसर र वातावरण परिवर्तन भैरहने भएकाले यी गरगहनाको निश्चित स्टाइल र डिजाइन १-२ वर्षसम्म रहने र फेरि परिवर्तन हुने गरेको व्यवसायीहरू बताउँछन् । सुनका गरगहना विशेष गरी वैवाहिक समारोहमा बढी प्रयोग हुन्छन्, जसमा बेडिङ सेट, ठूलो नेकलेस, हार, औंठी, सौभाग्य तिलहरी, नत्थी, सानो मंगलसूत्र र चुरा बढी प्रचलनमा देखिन्छन् ।

छुट्टाछुट्टै गहना खरिद गर्दा मूल्य, गुणस्तर र डिजाइनजस्ता कुरामा समस्या हुने भएकाले बेडिङ सेटको माग बढेको व्यवसायीहरूको कथन छ । विवाह गहनामा शिरबन्दी, मानटीका, बिच्छी, पायल ह्वाइट गोल्ड, नेकलेस, नत्थी, रानीहार, चोकर, क्रिस्टल मंगलसूत्र, मीनाकारी गरिएका हिरा तथा सुनका गहना, डायमन्ड सोलिटियर, औंठी, टप, नेकलेस, चुरालगायत रुवी एवं डायमन्डमा ह्वाइट गोल्डजडित डिजाइनको चल्ती रहेको पाइन्छ । उल्लेखित अधिकांश गरगहना लेजर कटिङद्वारा डिजाइन गरिएका हुने र सिंगापुर, दुबई, मलेसिया, हङकङ आदि स्थानबाट आयात गर्ने गरिएको गरगहना व्यवसायीहरू बताउँछन् । अन्य फेसनशैलीमा जस्तै गरगहनाको शैलीमा आउने परिवर्तन पनि चलचित्र र टेलिभिजनबाटै देखिन्छ ।

फिल्मी हस्ती र सिरियलका पात्रले लगाएका गरगहनाको डिजाइन नै बढी प्रचलनमा रहने भएकाले ज्वेलरी डिजाइनरहरू गरगहनाको शैलीमा आउने परिवर्तनको आधार चलचित्र र सिरियललाई मान्छन् । विशेषतः औंठी, इयररिङ, नेकलेस, हार, चेन र चुराका डिजाइनमा परिवर्तन भैरहेको धारणा व्यवसायीहरूको छ । सुन, चाँदी, हीरा, मोती, कुन्दन प्लेटेनियम आदि प्रेसियस एवं सेमिप्रेसियस स्टोनको प्रयोग भएका गरगहनाका अतिरिक्त एन्टिक, फेसन, जंक, अक्सिडाइज, फ्युजन, मेटल, ट्रेन्डी टाटुजस्ता ज्वेलरीको क्रेज विशेषतः युवापुस्तामा देख्न पाइन्छ ।

कम मूल्य, दर्जनौं भेराइटीमा उपलब्ध सुन्दर एवं आकर्षक फेसनेवल र स्टाइलिस पनि भएकाले यस्ता ज्वेलरी हिजोआज हट फेसन आइटम बनेको पाइन्छ । हीरा तथा प्लेटेनियमका गहना महँगा भएकाले उच्चवर्गमा मात्रै सीमित देखिन्छ । सुनका गहना भने सबै वर्गमा आफ्नै हिसाबले प्रयोगमा देखिन्छ । कम बजेटमा उपलब्ध हुने, डिजाइन एवं आकर्षणमा कुनै कमी नदेखिने तथा सुनका गहनाजस्तै देखिने भएकाले गोल्ड प्लेटेड गरगहनाको प्रचलन पनि उत्तिकै छ, फेसन र स्टाइलको संसारमा ।


संविधान सभा भनेको जनताले
आफुलाई शासन गर्ने विधान
आफुद्वारा चुनिएका प्रतिनिधिहरुद्वारा
निर्माण गरिने पद्धति हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

कक्षा ८ पास, S.L.C. हातमा
Private Test/ S.L.C. -2064
५० % छुटमा भर्ना खुल्यो
100% Result
नियमित कक्षा, दक्ष तथा अनुभवी शिक्षक, अंग्रेजी तथा नेपाली माध्यम विहानी, दिवा र सन्ध्या समूह ।
Third Vision Academy, Lagankhel
2121717, 9841202591

प्राइभेट Test / S.L.C.
विगत ५ बर्ष देखि Private Test/ S.L.C. मा 100% विद्यार्थी उत्तीर्ण गराउन सफल एक मात्र Institute मा २०६४ सालको लागि नयाँ भर्ना खुल्यो ।
कक्षा समय: बिहान र दिउँसो माध्यम: English र नेपाली
साथै कोरियन र अंग्रेजी भाषाको नयाँ कक्षाहरु संचालन भइरहेको छ ।
Model Educational Institute
बागबजार (P. K. Campus को गेट अगाडी), Tel: 4-218146

साँच्चीकै Anchor बन्ने हो भने
के तपाईलाई थाहा छ ?
कान्तिपुर FM का बरिष्ठ उद्‌धोषक हेम सुबेदीले बिगत ४ वर्ष देखि रेडियो/स्टेज उद्‌धोषणाको राष्ट्रिय/अन्तराष्ट्रिय पूर्ण कोर्स दिने एकमात्र स्थान हो ▼
International Rays Media
Maitidevi
(अन्यत्र नभुक्किनु होला)
सम्पर्कः 016203421, 4424604, 9841351327

LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिदैछ ।
3 महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel:- 4249576

# नक्कले छन् चलचित्रकर्मी






• **अहिलेकी** नम्बर एक नायिका रेखा थापासँग छ सय जोरभन्दा बढी लुगा होलान्। तीमध्ये धेरैजसो टिसर्ट तथा स्कर्ट नै छन्।

• नायक भुवन केसीले चलचित्र 'सपना' मा धेरैजसो समय दौरा-सुरुवाल लगाएका छन्। दौरा-सुरुवालमा समेत उनले बुट लगाउन छाडेका छैनन्।

• धेरै अभिनेता-अभिनेत्रीले यतिबेला केश रंगाएका छन् वा विभिन्न तौरतरिकाले केश मिलाएका छन्।

• अधिकांश चलचित्रकर्मी ब्रान्डेड सामानको प्रयोगमा सचेत छैनन्। उनीहरूका अनुसार जुन सुहाउँछ, जस्तो राम्रो लाग्छ, त्यही र त्यस्तै लगाउने हो।

'राजेश दाइ तपाईं किन केश काट्नुहुन्न ? जुन चलचित्रमा पनि उस्तै ?' केही समयअघि नेपाली चलचित्रका सुपरस्टार राजेश हमालसँग कसैले सोधेको थियो। उनले हाई काढ्दै भनेका थिए- के गर्नु ? कन्ट्युनिटीको कुरा आउँछ। एउटा चलचित्रका लागि केश मिलायो, अर्को सुटिङ हुन बाँकी चलचित्रसँग मिल्दैन। सायद यही कारणले उनी १६ वर्षअघि प्रदर्शित चलचित्र युगदेखि युगसम्मकै गेटअपमा देखिइरहेका छन्।

राजेश हमाल मात्रै होइन, नेपाली चलचित्रका अधिकांश नायकको गेटअप सधैं एउटै हुने गरेको छ। जस्तो सुहाउँछ त्यस्तै लगाइन्छ भनेर जवाफ दिए पनि उनीहरूलाई सुहाउने-नसुहाउने कुराको मापन गर्ने कुनै यन्त्र छैन। उनीहरूको यस किसिमको जवाफलाई फेसनसम्बन्धी ज्ञानको कमी वा अल्छीपनका रूपमा पनि बुझ्न सकिन्छ।

राजेश हमाल तथा अर्का नायक निखिल उप्रेतीलाई फेसनसम्बन्धी ज्ञान भए पनि दुवै व्यावहारिक रूपमा लथालिंगे देखिन्छन्। उनीहरूले हेर्दा सुहाउने भन्दा पनि लगाउँदा सजिलो हुने पहिरन रोजेको पाइन्छ। फेसनेबल नायकका रूपमा भुवन केसीले सबैभन्दा बढी प्रशंसा पाएका छन्। धेरै विषयमा भुवनको कुरा काट्ने चलचित्रकर्मीहरू पनि फेसनको कुरा आएपछि भने उनको प्रशंसा गर्न थाल्छन्। भुवन पनि आफूले गर्ने फेसनप्रति सन्तुष्ट छन्। उनी भन्छन्- 'म जमानाअनुसार फेसन गर्छु।' हिन्दी चलचित्रका नायकद्वय सलमान खान र साहरूख खानको ड्रेसअप मन पराउने भुवन पनि ब्रान्ड कन्सस भने छैनन्।

भुवन ट्रेन्डको पछि लाग्दैनन्। उनी भन्छन्- हाम्रो आम्दानीका कारण पनि फेसन सेलिब्रेटीहरूको ड्रेसअप फलो गर्न सकिँदैन। उनको बुटको चर्चा सबैभन्दा बढी हुन्छ। जस्तोसुकै ड्रेसअप गरे पनि उनी बुट छोड्दैनन्। दौरा-सुरुवालमा पनि बुट ? भुवन भन्छन्- यो मेरो परिचय हो। खुइलिन थालेको भुवनको केश अहिले तन्नेरीको झैं गाँजिएको देख्न सकिन्छ। उनले भर्खरै टाउकोमा कपाल उमारेका हुन् तर उनी यो रहस्य हम्मेसी खोल्न चाहँदैनन्। अमेरिका गएर कपाल उमारेर आएँ भने पनि उनले नेपालमै यस्तो कार्य गरेको थाहा भएको छ। भुवन भन्छन्- कपाल मिलाउने काम हो, जहाँ गरे पनि हुन्छ।

भुवनपछि राम्रो ड्रेसअप गर्ने नायकमा रमित ढुंगाना पर्छन्। रमित सुहाउँदो ड्रेसअप गर्छन् भन्ने कुरा आमचलचित्रकर्मीले बुझेका छन्। राजेश हमालको नक्कल गर्न खोज्ने नायकका रूपमा चिनिए पनि रमित चटक्क परेका पहिरन लगाउन चुकेका छैनन्। उनले केशचाहिँ नायक हमालकै जस्तो छ।

नायकद्वय दिलीप रायमाझी र विराज भट्ट पनि सकेसम्म सुहाउँदो ड्रेसअप गर्ने प्रयास गर्छन् तर उनीहरूको पहिरनको चर्चा भने कमै हुन्छ। फेसनको संसारमा बिपना थापाको नाम पहिलो नम्बरमा लिइन्छ। अमेरिका पलायन हुनुअघि यो स्थानमा नायिका करिश्मा मानन्धरलाई राखिन्थ्यो। यद्यपि बिपना र करिश्मामा एउटा कुरा फरक छ। त्यो के हो भने करिश्मा फेसन बुझ्छिन् र सोहीअनुसारको ड्रेसअप गर्छिन्, तर बिपना फेसन बुझेर पनि ड्रेसअपमा खासै मतलब राख्दिनन्।

विपना थापालाई जत्तिको फेसनको ज्ञान चलचित्र क्षेत्रमा अरू कसैलाई छैन भन्नेहरू पनि छन्। विपनाज फेसन क्लब सञ्चालन गरेर बसेकी विपना डिजाइनको काम आफैं गर्छिन्। गाडी खरिद गरेदेखि ब्याग बोक्न छोडेकी बिपनालाई हेयर स्टाइलका बारेमा पनि राम्रै ज्ञान छ।

ऋचा घिमिरेलाई पनि ड्रेसअप गर्न जान्ने नायिका मानिन्छ। समय र परिस्थितिअनुसार उनी कहिले साडी-चोलो, कहिले स्कर्ट त कहिले जिन्स पेन्ट र टिसर्टमा देखा पर्छिन्। अर्की नायिका अरुणिमा लम्साल पनि सुहाउँदो पहिरन लगाउन जान्दछिन्। नायिका उषा पौडेल र निरुता सिंह ड्रेसअप गर्न औसत मानिन्छन् भने झरना थापा ड्रेसअप गर्न नजान्ने नायिकाका रूपमा चिनिन्छिन्। फेसनका बारेमा धेरै ज्ञान नभए पनि आखिर चर्चाचाहिँ नायिका रेखा थापाकै पहिरनको हुन्छ। बुटिकमा आफ्ना पहिरन डिजाइन गराउने रेखा प्रायः स्कर्ट लगाउन मन पराउँछिन्। रेखा मेकअपचाहिँ हम्मेसि गर्दिनन्। उनी भन्छिन्- मेरो फेस उत्ताउलो छ। मेकअप गरेँ भने अझ उत्ताउली देखिन्छु। रेखा थप्छिन्- हेवी मेकअप त चलचित्रमा मात्रै हो।

गाडी खरिद गरेदेखि रेखाले पनि ब्याग बोक्न छोडिन्। उनी भन्छिन्- ब्याग नबोके पनि कलेक्सनचाहिँ गरि नै रहेकी छु। रेखाको केश कर्ली छ। त्यसैले उनलाई आफ्नो केश मन पर्दैन। उनी कहिले केश सीधा पार्छिन् त कहिले रंग्याउँछिन्। रेखाको सौख भन्नु नै नयाँ-नयाँ पहिरन हो। उनी फेसन ट्रेन्डमा हिँड्न भने चाहँदिनन्। उनलाई नायिकामा करिश्मा मानन्धर र नायकमा श्रीकृष्ण श्रेष्ठको ड्रेसअप मनपर्छ। अहिलेका नायकहरूमा चाहिँ रमित ढुंगानाले गरेको फेसन उनलाई मन पर्छ।

सानो पर्दातर्फ कुनै पनि कलाकार ब्राण्डेड पहिरन लगाउँदैनन्। उनीहरू पनि सुहाउँदिलो भयो भने जस्तो पनि लगाउने बताउँछन्। टेलिभिजनका चर्चित र स्थापित नायिकाद्वय सरिता लामिछाने र दीपाश्री निरौलाका अनुसार उनीहरू फेसन ट्रेन्डको पछाडि दगुर्दैनन्। यी जोडीसँग पनि सयौं जोर पहिरन भए पनि तीमध्ये धेरैजसो फिल्मी पहिरन हुन्। हिजोआज मोटाउँदै गएपछि दीपाश्री भन्छिन्- मोटो शरीर छोप्ने पाराले ड्रेसअप गर्नुपर्छ, तर सरिताको चाहिँ ठ्याक्कै उल्टो छ। स्लिम भएका कारण कहिलेकाहीं हेभी देखिन पनि त्यस्तै प्रकारका पहिरन छनौट गर्नुपर्छ। अभिनेतातर्फ दीपकराज गिरीले बेलाबखत रंगाउने केश तथा जितु नेपालको मुन्द्राको चर्चा बढी हुने गरेको छ।

**– दिवस गुरागाईं**

## टप फोर



| **नायक** | **फेसन** |
|---|---|
| भुवन के.सी. | सधैं टिपटप |
| रमित ढुंगाना | हमालको परिमार्जित नक्कल |
| दिलीप रायमाझी | बलिउड नक्कल |
| राजेश हमाल | मतलब छैन |



| **नायिका** | |
|---|---|
| विपना थापा | धेरै ज्ञान थोरै व्यवहार |
| ऋचा घिमिरे | जहाँ पनि फिट |
| रेखा थापा | तडक-भडक |
| अरुणिमा लम्साल | देशअनुसारको भेष |
| **निर्देशक** | |
| नारायण पुरी | सधैं योङ |
| शोभित बस्नेत | झिल्के पहिरन |
| युवराज लामा | सुकिलो देखिने |
| आकाश अधिकारी | सोभर |
| **संगीतकार** | |
| शम्भुजीत बाँस्कोटा | प्रयास तन्नेरी देखिने |
| चेतन सापकोटा | देखासिकी |
| महेश खड्का | प्रयास टिपटप देखिने |
| सुरेश अधिकारी | क्रमशः बुढ्यौली |





# फेसनकर्मीहरूका फेसनशैली

• रोजिन शाक्य

गायक एड्रियन प्रधानको सेन्टिमेन्टल गीत 'सारा खुसी....' गीतमा पहिलो पटक राजलाई जुन गेटअपमा देखियो त्यस्तै गेटअपमा अन्य थुप्रै सेन्टिमेन्टल गीतका भिडियोमा पनि देख्न पाइयो। स्पाइकी हेयर स्टाइल, कालो चस्मा, शरीरमा टम्म मिलेको टिसर्ट र रफ लुक नै राजको पहिचान बनेको देखिन्छ। म्युजिक भिडियोबाटै चर्चा पाएका अर्का मोडल आमिर गौतमको गेटअप पनि करिब-करिब राजकै जस्तो देखिन्छ, तर उनी भने रोमान्टिक गीतका भिडियोमा फिचर भएका छन्।

स्ट्रेट गरिएको केश, कालो चस्मा र रफ स्टाइलले आमिरलाई भारतीय नायक जोन अब्राहमसँग तुलना गर्न लायक बनाएको देखिन्छ। आमिर र राजलाई नजिकबाट चिन्नेहरू उनीहरूलाई रफ लुक नै सुहाएको बताउँछन्। अर्कातिर चकलेटी मुहार भएका विनय श्रेष्ठ र निरोज शाक्यलाई प्रायः क्लिन शेभमै देख्न पाइन्छ। फरक लुक यी दुवैलाई त्यति सुहाउँदैन, प्रशंसकहरू यसै भन्छन्।

फेसन र स्टाइलका सम्बन्धमा हरेक व्यक्तिको आ-आफ्नै सोचाइ, चाहना अनि छनौट हुने गरेको पाइन्छ। कोही ट्रेन्डलाई पछ्याउन रुचाउँछन्, कोही समय र आफू सुहाउँदो शैलीलाई प्राथमिकता दिन्छन्। कोही ब्रान्डमा बढी जोड दिन्छन् त कोही आफ्नो इच्छालाई। आफ्नो लुकमा परिवर्तन गरिरहन रुचाउने मोडल गुरु आमाको परिचय बनाएकी द च्याम्पकी जयन सुब्बा मानन्धरले नयाँ वर्षको अवसरमा आफ्नो केशलाई हाइलाइट गरेकी छिन्।

ब्रान्डका मामिलामा विशेष गरी जुत्ता र ब्यागमा बढी सचेत जयन यसपटक आफ्नो फेसन शैलीमा इयर रिङलाई बढी प्राथमिकता दिएको बताउँछिन्। उनी प्रायः गरी जुत्ता र ह्यान्डब्यागको जोडा मिलाएर हिंड्न रुचाउँछिन्। अन्य फेसन शैलीभन्दा आफूले लगाउने जुत्ताको मामिलामा प्रथम मिस नेपाल रुवी राणा पनि उत्तिकै सजग देखिन्छिन्। उनी प्रायः बेन्टली र पेल्ज ब्रान्डका जुत्ता लगाउँछिन्। ब्युटिसियन पेसामा पनि संलग्न रहेकाले रुवी राणा अधिकतर फ्ल्याट सुजलाई प्राथमिकता दिन्छिन्।

आफूले लगाउने पहिरनअनुसार गरगहना छनौट गर्ने भए पनि राणालाई सुनका गरगहनाप्रति खासै रुचि छैन। विशेष गरी कालो, हरियो र अरेन्ज कलरका साडीहरू बढी मनपर्ने भए पनि आफूलाई कुर्तासलवारमै बढी आराम महसुस हुने राणाको कथन छ। मिस नेपाल शीताष्मा चन्द भने पहिरनभन्दा बढी आफूले प्रयोग गर्ने सौन्दर्य प्रसाधनलाई जोड दिन्छिन्। महँगो र सस्तोभन्दा पनि आफ्नो छालालाई फाइदा पुऱ्याउने प्रसाधन प्रयोग गर्ने शीताष्मा सौन्दर्य प्रशाधनको मामिलामा ब्रान्ड सजग हुनुपर्ने धारणा राख्छिन्।

फुटवेयरमा स्लिपर नै आफूलाई आरामदायक लाग्ने बताउने शीताष्मा मिस नेपाल प्रतियोगिताको अनुभवपछि भने आफू हाई हिल सुजतर्फ आकर्षित भइन्। ब्लु र पिङ्क रंग मन पराउने शीताष्मालाई हेभी गरगहनाभन्दा लाइट गरगहनाले बढी लोभ्याउँछन्। आफ्नो अनुहार अलिक लामो भएकाले घाँटीमा भन्दा कानमा इयर रिङ लगाउने सल्लाह आफूले पाउने गरेको उनी बताउँछिन्।

फेसनकर्मीहरू अरूभन्दा फरक देखिने मामिलामा पनि उत्तिकै अगाडि छन्। मोडल संयोजनमा व्यस्त ड्रिम्स अनलिमिटेडका विजय श्रेष्ठ न्युरोडस्थित एक जिन्स टेलर्समा आफ्ना लागि पाइन्ट र सर्टको नाप दिँदै थिए। उनको शरीरको नाप लिने टेलर मास्टर पनि अचम्म मान्दै थिए। कारण विजयले सिलाउन लगाएको पाइन्ट र सर्ट दुवै हिपहप शैलीको थियो। सर्ट धेरै हदसम्म लुज, कलर, सोल्जर लेन्थ, लम्बाइ आदि सबै चलनचल्तीको भन्दा लामो, ठूलो पकेटयुक्त आदि।

सर्ट दुई जना व्यक्ति अटाउन सकिनेजस्तो अनि पाइन्ट पनि हिपहप शैलीको। 'म अरूभन्दा फरक देखिन चाहन्छु, त्यसैले यस्तो ड्रेसअपमा देखिन चाहेको तर सधैं यस्तो गेटअप सुहाउँदैन, कामको प्रकृतिअनुसार म फर्मल, क्याजुयल पनि लगाउँछु,' विजय बताउँछन्। आफ्नो फेसन शैली परिवर्तन गरिरहने मामिलामा हेयर स्टाइलिस्ट नील डेबिडको आफ्नै विशेषता छ। उनी आफ्नो हेयर स्टाइल परिवर्तन गरिहन्छन्।

केही समयअघि मात्रै हेयर एक्सटेन्सन गराएका नील डेविड मास्टर स्टार प्रतियोगितामा निर्णायकका रूपमा प्रस्तुत हुँदा स्पाइकी हेयर स्टाइलमा वरगन्डी रंगको हेयर कलरमा देखिएका थिए। घरमा उनलाई उनको बाबा फेसन एडिक्ट भनेर सम्बोधन गर्छन्। नील आफैं पनि फेसन डिजाइनिङका विद्यार्थी रहिसकेकाले उनलाई आफ्नो ड्रेसअप परिवर्तन गरिरहन मन लाग्छ। नयाँ किनेको जिन्सलाई उनी आफ्नै ढंगले पुनः डिजाइन गरेर लगाउँछन्। उनलाई जिग-ज्याग हेयर स्टाइल मनपर्छ भने ब्लू, सिल्भर, ग्रीन, बरगन्डी रंगका हेयर कलर।

मिस टुरिज्म क्विनको तयारीमा जुटेका जीईईका अनुप सक्सेना भने आफ्नो दाह्रीको स्टाइल परिवर्तन गरिरहन रुचाउँछन्। कहिले हाफ फ्रेन्च कट त कहिले फुल फ्रेन्च कट दाह्री राख्ने अनुप सक्सेनाले केही समयअघि आफ्नो दाह्रीलाई नयाँ रूप दिएका छन्।

अहिले पातलो साइड लकसम्म जोड्ने गरी फ्रेन्च कट शैलीमै दाह्रीलाई तीन भागमा बाँडेर नयाँ स्टाइल सिर्जना गरेका छन्। अनुप दाह्रीबाहेक अन्य मामिलामा खासै सौखिन देखिँदैनन्। उनी प्रायः क्याजुयल वेयर र स्पोर्ट्स सुजमै देखिन्छन्। फर्मल तथा पार्टीहरूमा भने उनी सुट, जुत्ता र मोजाको कलर कम्बिनेसनमा देखिन्छन्। भिडियो मोडलका रूपमा परिचय बनाएकी ऋचा शर्मा यस पटकको समरमा आफ्नो फेसन शैलीमा परिवर्तन ल्याउने सोचाइमा छिन्।

आफ्नो वार्डरोबमा जिन्सको कलेक्सन बढी रहे पनि यस पटकको समरमा उनी स्लीभलेस पहिरनका साथ स्कर्टमा ठाँटिन थालेकी छिन्। आफ्नो छालाका लागि वर्षभरि नै सनस्क्रिन, ओठमा लिप ग्लस र आँखामा गाजल लगाउने ऋचालाई ब्याकलेस र ट्युब मन पर्दैन। आफू खासै ब्रान्ड कन्सियस नभएको बताउने ऋचा कानमा ठूलाठूला इयरिङ लगाउन रुचाउँछिन् भने आफ्नो ब्युटी बोन्स नै घाँटीको नेचुरल एक्सेसरिज भएकोमा दंग देखिन्छिन्।

मोडल एवं वर्ल्ड मिस युनिभर्सिटी नेपाल- २००७ उषा रजककै शब्दमा भन्नुपर्दा उनको फेसन स्टेटमेन्ट भनेको फिलिङ गुड लुकिङ गुड, फिलिङ कम्फर्टेबल र गेटिङ आइडेन्टेटी हो। उनी लो बजेट एक्सेसरिजलाई मिक्स एन्ड म्याच गरेर लगाउन मन पराउँछिन्। पिङ्क र ब्ल्याक उनलाई मनपर्ने रंग हुन् भने आफ्नो व्यक्तित्वलाई उजागर गर्न उनी पेन्सिल हिल सुजमा बढी जोड दिन्छिन्। आफ्नो वार्डरोवको मुख्य अंश भनेकै जिन्स भएको बताउने मिस टिन खुश्बु ओलीलाई वास्ड जिन्स भने खासै मनपर्दैन।

खुश्बु चुज पाइन्टप्रति बढी झुकाव राख्छिन्। डेनिम र ट्याङ्क टप उनको फेसन स्टेटमेन्ट भए पनि पार्टीमा भने उनी वन पिस ड्रेसमा सजिन रुचाउँछिन्। कालो, सेतो र खैरो रंग बढी रुचाउने खुश्बु प्रायः मेकअप गर्दिनन्। पिन्क र ब्राउन आईस्याडोमा आफूलाई सहज महसुस गर्ने खुश्बु फर्मल कार्यक्रममा सहभागी हुँदा भने गाजल र आइस्याडो लगाउँछिन्। अधिकतर युवाहरूको रोजाइमा पर्ने जिन्स र टिसर्टमा आफूलाई सजिलो महसुस गर्ने लक्स सुपर मोडल सोनु पौडेललाई सेतो, कालो र खैरो पहिरन बढी मनपर्छ।

फर्मल कार्यक्रममा लङ कोट तथा पाइन्ट र वनपिस ड्रेस लगाउन रुचाउने सोनुलाई विवाह समारोहहरूमा साडी नै मन पर्छ। गोल्ड र सिल्भरका गहना खासै नरुचाउने सोनुलाई डायमन्डका गहना भने मन पर्छन्। माला र इयररिङको सौख राख्ने सोनु आफूले मालामा बढी खर्च गर्ने गरेको बताउँछिन्।

अवसर तथा वातावरणअनुसार अनुसार फर्मल वा क्याजुएल पहिरन लगाउन रुचाउने मिस्टर युनिभर्सिटी इन्टरनेसनल २००६ नीरज बराल आफू फेसनको क्षेत्रमा आएयता आफ्नो ड्रेसिङ सेन्स राम्रो भएको बताउँछन्। समाजले चिन्न थालेपछि आफ्नो लवाइमा केही परिवर्तन आएको उनको धारणा छ। फेसनेवल देखिनुभन्दा लगाएको पहिरन आफ्नो व्यक्तित्वलाई सुहाएको हुनुपर्छ भन्ने मान्यता नीरजको छ। नीरज रफ लुकभन्दा आफूलाई क्लिन सेभ लुक मनपर्ने बताउँछन्।

आफ्नो लामो केशलाई स्ट्रेट गरेका म्यान हन्ट इन्टरनेसनलका मिस्टर पर्सनालिटी चन्दन अग्रवालले भने क्लिन सेभ गरेर ओठमुनि चिन्डी दाह्री राखेका छन्। उनी त्यसलाई आफ्नो स्टाइल बताउँछन्। नियमित व्यायाम, ध्यान र सन्तुलित भोजनलाई आफ्नो जीवनशैलीको अभिन्न अंग मान्ने चन्दन क्याजुएल र फर्मल दुवै फेसनशैली अवसर र समयअनुसार अँगाल्न मन पराउँछन्। उनी जिन्ससित क्याजुयल कोट मिलाएर लगाउन रुचाउँछन्। कहिले लामो त कहिले बेल ट्रिम जेन्टलम्यान लुक, कहिले फ्रेन्च कट रफ लुक त कहिले क्लिन सेभमा देखा पर्ने पूर्वमोडल एवं कोरियोग्राफर प्रशान्त ताम्राकार फेसनका मामिलामा आरामलाई सबैभन्दा बढी महत्त्व दिन्छन्।



चस्मा र जुत्तामा बढी खर्च गर्ने प्रशान्त अन्य फेसन शैलीभन्दा इनर वेयरमा ब्रान्ड सजग देखिन्छन्। इनरवेअरमा उनी जकी ब्रान्ड प्रयोग गर्छन्। ब्ल्याक एन्ड ह्वाइट उनलाई मनपर्ने रंग हो भने फर्मल लुकमा पनि उनी ब्ल्याक सुटलाई नै महत्त्व दिन्छन्। समर क्याजुएलमा भने उनी ट्रेकिङ स्टाइल लुज टिसर्ट, हाफपाइन्ट तथा ट्रङ्क आदि रुचाउँछन्।







# तन्नेरी साप्ताहिकको मध्यपृष्ठ

**सुब्रत आचार्य**

साप्ताहिक बल्ल तन्नेरी भएको छ। मानिस १२ वर्ष पूरा भएर १३ वर्षमा प्रवेश गर्नेबित्तिकै ऊ उत्ताउलो उमेर अर्थात् 'टिनएज'मा प्रवेश गर्छ। यस अर्थमा साप्ताहिक पनि 'टिनएजर' भएको छ। यो अवधिमा साप्ताहिक 'टिनएजर'हरूका लागि पनि गतिलो खुराक बनिरह्यो। केही 'टिनएजर'लाई सोधियो- 'हरेक शुक्रबार साप्ताहिक हातमा परेपछि सबैभन्दा पहिले कुन पृष्ठ पल्टाउनुहुन्छ?' जवाफ दिने शैली फरक भए पनि धेरैको जवाफ थियो- 'मध्यपृष्ठ।' महिला हुन् वा पुरुष, पाठकहरूले साप्ताहिकको हरेक अंक हातमा पर्नेबित्तिकै एकपटक 'मध्यपृष्ठ'मा कसको, कस्तो तस्बिर प्रकाशित भएको छ भनेर हेर्ने गरेको पाइन्छ।

०६३ भरि मध्यपृष्ठमा कुल ४९ वटा तस्बिर प्रकाशित भए, जसमध्ये ३९ वटा विभिन्न महिला मोडल, नायिका आदिका एकल तस्बिर थिए। बाँकी तस्बिर परिस्थितिबमोजिम थिए। वैशाख ८ गते शुक्रबार पनि देशभरिका जनता लोकतन्त्र प्राप्तिका लागि आन्दोलनरत थिए। आन्दोलन उत्कर्षमा थियो। एक जिम्मेवार पत्रिकाको हैसियतले साप्ताहिकले आफ्नै तरिकाबाट आन्दोलनमा ऐक्यबद्धता जनायो।

उक्त दिन प्रकाशित साप्ताहिकको मध्यपृष्ठमा आन्दोलनका विभिन्न तस्बिरको 'कोलाज' प्रकाशित भयो। शीर्षक राखिएको थियो- 'इतिहास रच्दैछन् जनता'। त्यसपछि वैशाख ११ गते राति लोकतन्त्रको घोषणा भएपछि १५ गते प्रकाशित मध्यपृष्ठमा विजय जुलुसका विभिन्न तस्बिरको अर्को 'कोलाज' प्रकाशित भयो, जसको शीर्षक थियो- 'फेरि इतिहास रचे जनताले'। वैशाख २९ गते लोकतन्त्रमाथि कुदृष्टि राख्ने तथा षड्यन्त्र गर्न खोज्नेहरूलाई खबरदारी गर्दै बागबजारको 'लोकतन्त्र भित्तो' अगाडि लोकतान्त्रिक टिसर्ट लगाएका पाँच जना युवतीको तस्बिर प्रकाशित भयो।

जेठ २६ गते विश्वकप फुटबलको रन्को लागिसकेको थियो। टाइसिटसहित नेपाली राष्ट्रिय फुटबल टिमका तीन जना खेलाडी र तीन जना मोडलको संयुक्त तस्बिर प्रकाशित भयो। यसै क्रममा मानविकी विषय पढेर पनि उत्कृष्टतामा पुग्न सकिन्छ भन्ने लक्ष्य लिएका पाँच जना छात्राको तस्बिर पनि प्रकाशित भयो। भदौ महिनामा हिन्दू महिलाहरूका लागि रमाइलो एवं महत्त्वपूर्ण चाड हरितालिका तीजको अवसरमा चर्चित मोडल तथा टेलिभिजनकर्मीहरू संगीता श्रेष्ठ, माल्भिका सुब्बा, प्रियंका कार्की तथा निशा अधिकारीको 'तीजविशेष' तस्बिरले मध्यपृष्ठमा ठाउँ पायो।

दसैंका अवसरमा साप्ताहिकले पाठकहरूका लागि भनेर नायिका गरिमा पन्तलाई देवी भवानीको 'गेटअप'मा प्रस्तुत गऱ्यो। पोखरामा कान्तिपुर पब्लिकेसन्सद्वारा आयोजित 'एक्सप्लोरिङ वियोन्ड'मा साप्ताहिकको टिसर्ट लगाएका पोखरेली मोडलहरूको फेसन सोका तस्बिर पनि हेर्न लायक थिए भने दीपावलीका अवसरमा प्रकाशित कृतना बासकोटाका तस्बिर पनि आकर्षक रहे। अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिताहरू क्रमशः मिस वर्ल्ड, मिस युनिभर्स र मिस अर्थका विजेता सुन्दरीहरूका आकर्षक तस्बिरले पुस १४ गतेको अंकमा स्थान पायो।

'प्रणय दिवस'का अवसरमा नायिका एवं साप्ताहिकको लोकप्रिय स्तम्भ 'लभगुरु'की स्तम्भकार रेखा थापा तथा प्रेमप्रधान गीतका गायक अनिल सिंहका रोमान्टिक पोजहरू पनि धेरैले मन पराए। फागुपूर्णिमाका अवसरमा चाड विशेष रमाइलो तस्बिर फागुन १८ गतेको अंकमा प्रकाशित हुँदा त्यसले फागु खेल्नेहरूमा उत्साह मात्र बढाएन, त्यसले तराईको वेशभूषा र संस्कृतिको झझल्कोसमेत दियो। महिला मोडल, नायिका आदिका एकल तस्बिरहरूका अतिरिक्त समय-परिस्थितिअनुरूप तस्बिर प्रकाशित भएकोमा गत वर्ष धेरै पाठकबाट राम्रो प्रतिक्रिया प्राप्त भएको थियो।

## बेस्ट अफ दि बेस्ट

| मोडल | तस्बिर |
|---|---|
| पूजाना | साइबरसंसार डटकम |
| यमुना उप्रेती | राजीव श्रेष्ठ |
| विजया राई | भेषबन्धु ढकाल |
| पूर्णिमा गुरुङ | साइबरसंसार डटकम |
| सोनु खड्का | कवीन्द्रमान शाक्य |
| जेनिषा मोक्तान | राजीव श्रेष्ठ |
| पूजा लामा | पोखरासिटी डटकम |
| रेजिना उप्रेती | राजीव श्रेष्ठ |
| अरुणिमा लम्साल | इनसा डटकम |
| रञ्जना शर्मा | कमल श्रेष्ठ |

## मध्यपृष्ठ सुन्दरीहरू

**वर्षभरि मध्यपृष्ठमा प्रकाशित सुन्दरीहरूका तस्बिरमध्ये सर्वाधिक पाठकले रुचाएको आधारमा हरेक वर्ष साप्ताहिकको वार्षिकोत्सव अंकमा उत्कृष्ट दस सुन्दरी छनौट गरिन्छ। यस वर्ष साप्ताहिकले चलचित्र, संगीत, मोडलिङ तथा टेलिभिजनका क्षेत्रमा कार्यरत केही पुरुष सेलिब्रेटीहरूसँग सरसल्लाह गर्दै उनीहरूको सम्झनामा रहेका मध्यपृष्ठ सुन्दरीका बारेमा छलफल गरियो। साथै केही पाठकसँग प्रत्यक्ष भेटेर राय लिने काम पनि भयो। त्यसकै आधारमा यस पटकका दस उत्कृष्ट सुन्दरीको छनौट गरिएको छ। ०६३ भरि प्रकाशित मध्यपृष्ठ सुन्दरीहरूका बारेमा पुरुष सेलिब्रेटीहरू के भन्छन्? प्रस्तुत छ उनीहरूको भनाइ जस्ताको तस्तै :**

एकैछिन है? ..... अँ मलाई पूजानाको नीलो बिकनी लगाएको पोस्टर मनपरेको थियो। त्यो तस्बिरमा त उनी मल्लिका सेरावतजस्ती देखिएकी थिइन्। सायद मेरो विचारमा सबैभन्दा बेस्ट पोस्टर त्यही हो।

**–दिलीप रायमाझी (चलचित्र अभिनेता)**

मलाई सम्झना भएकोमा जेनिषा मोक्तान, विजया राई, पूजाना, पूजा लामा....नै हुन्। यिनीहरूलाई आकर्षक, ग्ल्यामरस र फोटोग्राफीका आधारमा क्रम मिलाउने हो भने नम्बर एकमा पूजाना, दुईमा विजया राई, तीनमा जेनिषा र चारमा पूजा लामा हुन सक्छन् कि?

**–आसिफ शाह (भिजे/गायक)**

खै, सबै त याद भएन, एकैछिन है.... ब्लु ड्रेस लगाएकी पूजानाको पनि यसै वर्ष छापिएको होइन? त्यो राम्रो थियो। अर्को अरुणिमा लम्साल र रेजिना उप्रेतीको पोस्टर पनि याद छ।

**–निखिल उप्रेती (चलचित्र अभिनेता)**

**बाँकी पृष्ठ २१ मा**

# बढ्यो फेसन कन्सस

पृष्ठ १ बाट जारी

वर्तमान ट्रेन्डलाई पछ्याउनैपर्छ ।' बेलायती फेसन संसारलाई कर्मथलो बनाएकी नेपाली ड्रेस डिजाइनर संयुक्ता श्रेष्ठले साप्ताहिकलाई भनिन्– 'यद्यपि अध्ययनलाई प्राथमिकता नदिई फेसनलाई मात्र महत्त्व दिनु भनेको मुर्खता हो ।' बेलायती फेसन कलेजमा ड्रेस डिजाइनिङ कोर्स सकेर त्यही काम गरिरहेकी संयुक्ता भन्छिन्– 'फेसन मानिसको जीवनशैलीका हरेक पक्षसँग जोडिएकाले उसलाई चिनाउन यसले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ, समग्रमा व्यक्तित्वको परिचय नै उसले आत्मसात् गरेको फेसनबाट प्रस्ट हुन्छ ।' संयुक्ताका अनुसार फेसनले मानिसको आवरण परिचयका साथै उसको भित्री परिचयलाई पनि मुखरित गराउन सक्छ ।

'फेसन' तीन अक्षरको यो शब्दले मानिसको शिरदेखि पैतालासम्मको सजावट र मानव-जीवनका हरेक पक्षलाई प्रतिनिधित्व गर्छ । फेसनभित्र हेयर स्टाइलदेखि मेकअप, गरगहना, पहिरन, टाटु हुँदै जुत्ता मात्र होइन, अरूलाई प्रभाव पार्न सक्ने व्यवहार अथवा शैली पनि पर्छ । मानवसभ्यताको विकासक्रमसँगै फेसनको इतिहास प्रारम्भ हुन्छ । ढुङ्गेयुगदेखि अहिलेसम्म आइपुग्दा मानिसको जीवनशैलीमा आएको परिवर्तनसँग फेसनले प्रत्यक्ष सम्बन्ध राख्छ । विशेष गरी कुनै एक निश्चित समयमा चर्चित अथवा सेलिब्रेटी भनिएका व्यक्तित्वहरू वा समाजका अग्रजहरूको प्रेरणादायी जीवनशैली आममानिसका निम्ति अनुकरणीय हुनु नै फेसन हो ।

विश्वव्यापीकरणको लहर चल्दै जाँदा फेसनको परिभाषा र प्रयोग पनि फराकिलो भैसकेको छ । 'कुनै फेसन कहाँबाट चल्यो भन्ने भन्दा पनि त्यसको प्रभाव नक्कल गर्न योग्य लायक छ-छैन भन्ने कुरा महत्त्वपूर्ण हो,' टेलिभिजन कार्यक्रम प्रस्तोता भिजे सुरजसिंह ठकुरी भन्छन्- 'मेरो अनुभवमा मैले फाटेको जिन्स पाइन्टमा सुन्दरता देखें, त्यसपछि मेरो रोजाइमा त्यस प्रकारका जिन्स पाइन्ट पर्न थाले । यो सबैलाई मन पर्नुपर्छ भन्ने पनि छैन ।' भिजे ठकुरीको यो भनाइले खुला तथा स्वतन्त्रताको चाहना राख्ने युवाहरू विश्वव्यापीकरणले फैलाएका जुनसुकै चाखलाग्दा फेसनको पछि दौडन सक्छन् भन्नेतर्फ इङ्गित गर्छ ।



पश्चिमी संस्कृतिको फेसनको प्रभावले जरो गाड्यो भनेर चिन्ता गर्नेहरू पनि भेट्टिन्छन् तर आम-उपभोक्ताको रुचिलाई त्यहाँको फेसनले आफूतर्फ आकर्षित गर्न सक्नु नै उनीहरूको सफलता हो । डिजाइनर संयुक्ता भन्छिन्- 'मुख्य कुरा सिर्जना हो, उत्कृष्ट सिर्जना वा शैली जताको भए पनि नक्कल गर्न योग्य हुन्छ ।'

त्यति मात्र होइन, पूर्वेली फेसनका कतिपय प्रभाव पश्चिमी समाजमा पनि पर्ने गरेको छ । एउटा उदाहरण हुन् डेविड बेकह्याम । बेकह्यामले आफ्नी श्रीमती 'भिक्टोरिया' को नाम हातको नाडीमा देवनागरी लिपिमा टाटु खोपेका छन् । यसबाहेक पूर्वेली सभ्यताको महत्ता बुझेर नै यहाँको भाषा र संस्कृतिप्रति पश्चिमाहरूको चासो पनि त्यत्तिकै देखिने गरेको छ ।

फेसनको संसारमा नेपाली फेसनको आफ्नै मौलिक पहिचान रहिआएको छ । परम्परागत वेशभूषा र रहनसहनमा विशेष ध्यान दिँदै आएका नेपालीहरू विभिन्न पर्व तथा उत्सवका अवसरमा आफ्नो पृथक् पहिचान देखाउने क्रममा हुन्छन् । यसबाहेक पनि नेपाली मौलिक फेसनका कतिपय शैलीलाई आधुनिक स्वरूप दिएर प्रयोग गर्ने चलन पनि छ । विशेष गरेर पछिल्लो अवधिमा डिजाइन र पहिरनका लागि लोकप्रिय 'बुटिक' को संख्या बढेकाले समयअनुसार चल्न खोजिरहेकाहरूले ट्रेन्डलाई पछ्याउन खोजेको पुष्टि हुन्छ ।

'कसलाई कस्तो प्रकारको पहिरन सुहाउँछ भन्ने कुरा ड्रेस डिजाइनरले निर्णय गर्न सक्ने भएकाले बुटिकको लोकप्रियता बढेको हो,' डिजाइनर संयुक्ता भन्छिन्- 'एक दशकअघि आधा दर्जन बुटिक भएकोमा अहिले त्यो संख्या दुई सय नाघिसकेको छ ।' बुटिकमा युवा उमेर मात्र होइन, बालबालिकादेखि अधबैंसे र वृद्धवृद्धाहरूसमेत जाने ट्रेन्ड बसेको संयुक्ताले बताइन् । नेपालीहरूमा फेसन चेतना बढ्दै गएको कुरा यसबाट पनि पुष्टि हुन्छ ।

त्रिचन्द्र कलेजमा समाजशास्त्रतर्फ स्नातक तह अध्ययनरत अमृता थापा फेसनबाट सबैभन्दा पहिले युवापुस्ता प्रभावित हुने गरेको बताउँछिन् । 'टिनएज र टिनएज पार गरेकाहरूलाई नै हेर्नुहोस् न,' अमृताले भनिन्– 'पछिल्लो अवधिका सबै फेसन त्यहीं भेट्टिन्छ ।'

कुनै बेला लामो केश पाल्ने, ब्यागी र प्यारालल पाइन्ट लगाउने युवापुस्ता अहिले चुज ड्रेसलाई अँगालिरहेको छ । त्यस्तै हिपहप ड्रेस अर्को ट्रेन्ड हो भने परम्परागत सुनचाँदीका गहनाको विकल्पमा कम मूल्यका 'एसेसरिज' को प्रयोग बढी छ । अमृताका अनुसार युवतीहरूमा सर्ट मिडीमा स्ल्याक्स, स्कर्ट, हाफपाइन्ट लगाउने फेसन चलेको छ । हेयर डिजाइनमा स्ट्रेटिङ गर्ने प्रचलनलाई आमनागरिकले पछ्याएका छन् । चर्चित हेयर डिजाइनर नील डेविड भन्छन्- 'युवतीहरूबीच मात्र लोकप्रिय स्ट्रेटिङमा युवाहरू पनि त्यत्तिकै आकर्षित छन् । डेविडका अनुसार अहिले सौन्दर्य उपचारमा युवतीभन्दा युवाहरू बढी चासो दिन्छन् ।

## अग्रणी ब्रान्ड जोन प्लेयर

**रेडिमेड पहिरनको क्षेत्रमा अलग पहिचान कायम गरिसकेको 'जोन प्लेयर' नेपाली उपभोक्ताहरूले पनि सर्वाधिक रुचाएको ब्रान्ड हो । पुरुषका लागि विभिन्न प्रकारका सर्ट, टिसर्ट तथा पाइन्ट उत्पादन गरिरहेको जोन प्लेयरका उत्पादनको व्यवस्थापन सूर्य नेपालले गर्दै आएको छ । सन् २००३ देखि नेपाली बजारमा प्रवेश गरेको यो ब्रान्डले स्तरीय कच्चा सामग्रीको प्रयोग गरेर बलियो तथा स्टाइलिस्ट पहिरन बजारमा ल्याउने गरेको छ ।**

**जोन प्लेयर पहिरनका उत्पादन औद्योगिक नगरी विराटनगरमा हुन्छ । जोन प्लेयरका उत्पादनहरू विभिन्न स्थानमा रहेका फेसन सोरुम तथा डिपार्टमेन्टल स्टोरमा उपलब्ध छन् । जोन प्लेयरले उपभोक्तालाई उत्कृष्ट सुविधा उपलब्ध गराउने उद्देश्यले एक्सक्लुसिभ ब्रान्डेड आउटलेट्स (ईबीओ) ल्याएको छ, जसअन्तर्गत उपभोक्ताले एकै स्थानमा जोनप्लेयरका विविध पहिरन खरिद गर्न सक्छन् । कम्पनीले जनाएअनुसार ब्लुबर्ड मल र युनाइटेड ट्रेड सेन्टरमा इबीओ सो–रुम सञ्चालनमा आइसकेका छन् । जोन प्लेयरले ईबीओ सोरुममार्फत पुरुष उपभोक्ताले पहिरन खरिदमा अत्यधिक सन्तुष्टि लिन सक्ने विश्वास लिएको छ ।**

अहिलेको नेपाली पुस्ता चलिरहेको फेसनप्रति कत्तिको लगाव राख्छ भन्ने कुरा ब्रान्ड कन्ससनेसले पनि पुष्टि गर्छ । जोन प्लेयर, युएफओ, एडिडास, नाइक, क्याल्भिन क्लिन, बोसिनीजस्ता ब्रान्ड मात्र लगाएर हिंड्नेहरू बजारमा प्रशस्त देखिन्छन् । फेसनको पछिल्लो संस्करणको आकर्षक पक्ष युनिसेक्स पहिरनको प्रयोग बढ्नु पनि हो । युवा-युवतीहरूका लागि एकै प्रकारका पहिरन नै युनिसेक्स हो जसलाई युवा र युवती दुवैले प्रयोग गर्न सक्छन् । दाजुभाइ-दिदीबहिनी तथा युवक-युवती साथीबीच एउटै ब्रान्डका युनिसेक्स पहिरन लगाइन्छ । काठमाडौं मलस्थित गल्ज एन्ड गाइज फेसन सोरुमका विनय अग्रवालका अनुसार नयाँ पुस्ताका युवा-युवतीसँगै आएर पछिल्लो फेसनका पहिरन खोजिरहेका हुन्छन् । अग्रवालका अनुसार विशेष गरी टिनएजका नेपाली युवायुवती बैंकक, सिंगापुर तथा हङकङका विभिन्न ब्रान्डका पहिरन खोजिरहेका हुन्छन् । अग्रवाल भन्छन्- 'रोजेको कपडा लगाउन पाइने भएकाले 'रेडिमेड' पहिरनमा नयाँ पुस्ताको लगाव बढी छ ।

फेसनको नयाँ ट्रेन्ड भित्र्याउन टेलिभिजन कार्यक्रम, चलचित्र तथा म्युजिक भिडियोहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । केही समयअघिसम्म भारतीय च्यानलको फेसनमा बढी चासो राख्ने नेपालीहरू अहिले विकसित पश्चिमा मुलुकको फेसन खोजिरहेका भेटिन्छन् । त्यस्तै आफूलाई मन परेका सेलिब्रेटीहरूको फेसन अँगाल्नेहरू पनि त्यत्तिकै छन् ।

फेरि एकपटक मालिङ्गालाई भेटौं, कालो वर्णका मालिङ्गाको पाखुरामा कुँदिएको वाइसेपको टाटुले पनि उनीप्रति थप आकर्षण बढाएको पत्रपत्रिकाहरूले उल्लेख गरेका छन् । यसले के पुष्टि गर्छ भने मानिसको वर्ण र प्राकृतिक सौन्दर्य जस्तो भए पनि उसले नयाँ शैलीको फेसन ट्रेन्डलाई आत्मसात् गरेको छ भने उसको व्यक्तित्व अहिलेको समाजका निम्ति प्रभावशाली ठहरिन्छ । त्यसैले आफ्नो व्यक्तित्वमा निखार ल्याउन फेसनको यो दौडमा सामेल हुने कि ?

# नेपाली फेसन स्टाइलको आधार



परिधि र नियम नहुनु नै सम्भवतः फेसनको नियम हो। वातावरणीय तातो-चिसोबाट शरीरलाई जोगाउन त्यहीअनुसारका कपडा र पहिरनको विकास भएको भए पनि आधुनिक जीवनशैलीसम्म आइपुग्दा पहिरन व्यक्तिको व्यक्तित्वको पहिचान बन्न पुगेको छ। आज अवसर, मौसम, वातावरण, कामको प्रकृति, व्यक्तित्व एवं सुन्दरताको पर्याय बनेको देखिन्छ फेसन। यही कारणले पनि फेसनमा थुप्रै परिवर्तन-परिमार्जन आएको अनुभव हुन्छ।

छिटको बीस हाते गुन्यू र तुना जोडिएको अनि बाहुला भएको चोलोदेखि देउडा शैलीको कुर्ता-सलवार हुँदै विभिन्न वर्क र इम्ब्रोइडरी गरिएका जर्जेट सिफन र क्रेपका साडी र ब्याकलेस ब्लाउज। खादीको बाक्लो भोटो र घुँडासम्म आउने फरियादेखि नैनसूत कपडाबाट सिलाइएका दौरा-सुरुवाल हुँदै क्रस पकेट भएका नन प्लिटेड पाइन्ट र थ्री बटन सिंगल ब्रेस्ट कोटसम्मको यात्रा तय गरेको नेपाली फेसन शैली उतिखेर देवानन्द, दिलीपकुमार, सम्मी कपुर, साधना, आशा पारेख, मुमताज आदिबाट प्रभावित देखिन्थ्यो। आज शाहरुख, सलमान, ऋतिक, जोन, विपासा, रानी, प्रीति, प्रियंका, ऐश्वर्या आदिबाहेक रमोला, पार्वती, तुलसी, प्रेरणा, कोमोलिकाजस्ता चरित्रबाट पनि प्रभावित देखिन्छ।



यसबाहेक एम टिभी, एफ टिभी र ट्रान्स जेनेरेसनको छुट्टै जमात पनि देख्न पाइन्छ। नेपाली फेसनशैली पाश्चात्य र बलिउड शैलीको धेरै नक्कल गरेर र थोरै अक्कल पुऱ्याएर परिमार्जित स्वरूपमा अघि बढेको कुरा त्यस्ता फेसनशैली अँगाल्ने तथा फेसन सिर्जना गर्ने दुवै पक्ष स्वीकार गर्छन्।

फेसन कल्पनाको संसार हो। फेसन सिर्जनाको माध्यमबाट पहिरनका रूपमा अभिव्यक्त हुन्छ। पहिरनको कल्पना फेसन डिजाइनरको मस्तिष्कमा जन्मन्छ र त्यसलाई कागजमा उतारिसकेपछि आफ्नो कला-सीप, अनुभव, दक्षता र सिर्जनशीलताअनुरूप एउटा राम्रो पहिरन मूर्त रूपमा अभिव्यक्त हुन्छ। यसरी आफ्नो सिर्जनशीलतालाई पहिरनका रूपमा अभिव्यक्त गर्नु सोचेअनुरूप सजिलो भने छैन। तरुणिकाज क्रिएसनकी डिजाइनर तरुनिका महतो अन्तर्राष्ट्रिय फेसन ट्रेन्ड, नेपाली समाज र संस्कृतिमा सम्भाव्यता, नेपाली हावापानी र मौसमको अनुकूलता एवं आफ्नो कल्पनाशीलतालाई ध्यानमा राखेर पहिरन डिजाइन गर्ने गरेको बताउँछिन्। ग्राहकको चाहना र उद्देश्यमाथि पनि धेरै कुरा निर्भर गर्ने उनको अनुभव छ। बुटिक सञ्चालनमै लामो अनुभव बोकेका आकर्षण बुटिकका संगीत श्रेष्ठ, फेसन डिजाइनिङ क्षेत्रमा अनुभवसँगै चुनौती पनि बढ्ने बताउँछन्।

संगीतका अनुसार नयाँ बुटिक सञ्चालन गर्नु जति सजिलो छ त्यति गाह्रो छ बुटिकलाई निरन्तरता दिनु, ग्राहकको मन जित्नु र आफ्ना सिर्जनामा ग्राहकको रोजाइअनुसार नवीनता ल्याउनु। संगीत आफूले कुनै पहिरन तयार गर्दा मौसमको वास्तविकता, त्यसअनुसारको फ्याब्रिकको उपलब्धता, कलर स्किमको छनौट, डिजाइन र कट्सको विविधताका आधारमा गर्ने गरेको बताउँछन्।

कुपन्डोलस्थित इम्याजिन बुटिकका डिजाइनर विष्णु गौतम व्यक्तिको चाहना पनि परिवर्तन हुँदै गएकाले नयाँ-नयाँ फेसनशैलीका बारेमा अपडेट हुनु नितान्त आवश्यक भएको अनुभव सुनाउँछन्। मिस नेपाल २००५ मा अफिसियल डिजाइनरको अनुभव सँगालेका गौतम फेसनका मामिलामा ग्राहकवर्गमा सजगता बढेको कुरा स्वीकार गर्छन्।

फ्याब्रिक, डिजाइन र कट्समा परिवर्तन आइरहने भएकाले यस विषयमा सजगता अपनाउँदै आफूले पहिरन तयार गर्दा मार्केट ट्रेन्ड, ग्राहकको माग र आवश्यकतासँग आफ्नो सिर्जनालाई पनि उत्तिकै महत्त्व दिने विष्णु औंल्याउँछन्। एली, भोग, लामोड, फेमिना, कोस्मोजस्ता फेसन म्यागजिन नौलो फेसनशैलीको राम्रो स्रोत रहेको विष्णुको अनुभव छ। यसका साथै टेलिभिजन च्यानल, तिनमा पनि विशेष गरी फेसन च्यानल तथा हिन्दी सिरियलमा पनि ध्यान पुऱ्याउनुपर्ने उनको विचार छ।


विभिन्न फेसन म्यागाजिन, टेलिभिजन च्यानलका साथै वेबसाइटको माध्यमबाट नयाँ-नयाँ फेसनशैलीका बारेमा अपडेट हुने डिजाइनर तरुणिका महतोका अनुसार नारी फेसनमा बालाजी फिल्म्सका सिरियल विशेष प्रभावशाली छन्। तिनमा पनि कुर्ता-सलबार, साडी र लेहेंगामा बढी प्रभाव पाइन्छ।


पहिलेको तुलनामा बुटिक आउनेहरूमा सजगता निकै बढेको अनुभव डिजाइनर तरुणिका महतोको पनि छ। आजका ग्राहकहरू आफूले लगानी गरेको हरेक पैसाको असुली गर्न राम्रोसँग जान्दछन्– तरुणिका बताउँछिन्। विदेशमा ब्रान्ड लेबल विकास भैसकेको अवस्थामा अक्कल पुऱ्याएर नक्कल गरिएको फेसनसँगै अघि बढेको नेपाली शैलीमा इन्डोवेस्टर्न फ्युजन शैली बढी पपुलर देखिन्छ।

यद्यपि डिजाइनरहरूले आफ्नो मौलिक सिर्जनालाई पनि प्राथमिकता दिइरहेको पाइन्छ। आफ्नो सिर्जनामा केही नयाँ प्रयोग गर्न रुचाउने डिजाइनर संगीत श्रेष्ठ यसपटक इम्ब्रोइडरीमा चलेको ट्रेन्डका अतिरिक्त एप्लिक, क्रोसिया, प्याचकवर्कमा प्रयोग गर्ने मुडमा देखिन्छन्। गत वर्ष पिङ्क कलरमा प्रयोग गरेझैं यसपटक सी-ग्रीन तथा ब्लु कलरमा प्रयोग गर्ने संगीत बताउँछन्।

प्रयोगबाटै नयाँ शैली जन्मने भएकाले प्रयोग चुनौतीपूर्ण भए पनि त्यसलाई अँगाल्नुपर्ने तर्क डिजाइनर तरुणिका महतोको छ। अन्य पहिरनमा भन्दा साडी र लेहेंगामा ग्राहकहरूले ढुक्क भएर खर्च गर्न चाहने भएकाले यी पहिरनमा आफ्नो कला-सीपलाई प्रयोग गर्ने धेरै अवसर रहने उनी बताउँछिन्।

**-रोजिन शाक्य**



# संगीतकर्मी : सबैभन्दा फेसनबल

सुव्रत आचार्य

• दश वर्षअघि र्‍याप गायक निर्णय श्रेष्ठ अमेरिकाबाट फर्किएपछि आमासँग विशालबजारमा लुगा किन्न गए। अमेरिकामा र्‍याप गाउनेहरूको फेसनको प्रभाव उनमा परिसकेको थियो। उनी आफ्नो शरीरभन्दा ठूलो पाइन्ट र टिसर्ट, टाउकोमा स्कार्फ, त्यसमाथि रातो क्याप अनि गगल्स लगाएर हिंड्न थालिसकेका थिए। त्यतिबेला नेपालका युवाहरूमा त्यसको प्रभाव परिसकेको थिएन। यहाँ चुज पाइन्टकै फेसन थियो। विशालबजारका आधा दर्जन पसल चहारे पनि उनकी आमाले छोराका लागि हिपहप पाइन्ट किन्न सकिनन्।



निर्णय भने आफ्नो साइजभन्दा निकै ठूलो पाइन्ट किनेर हिपहप फेसन गर्ने दाउमा थिए। आमाले नमाने पनि अन्ततः जिद्दी गरेरै भए पनि उनले उक्त पाइन्ट खरिद गरिछाडे। अहिले बजारमा जतातत्तै हिपहप पाइन्टको फेसन छ। निर्णय अहिले त्यतिबेला आफ्नो हिपहप फेसन देख्दा अचम्म मान्नेहरूमध्ये केहीले त्यही फेसन गरेर हिंडेको देखिरहेका छन्।

## मेकअप र हेयरस्टाइल

सुगम पोखरेलले गायनयात्रा थाल्दा उनको हेयर स्टाइल सामान्य थियो। बिस्तारै उनले केश पाल्न थाले। त्यसपछि उनको घुम्रिएको केश कुमसम्म पुग्यो। अहिले पनि उनको केश लामै छ, तर कानभन्दा अलिकति मात्र तल। सुगम भन्छन्- 'केशमा रंग लगाउने काम अहिलेसम्म गरेको छैन, तर हेयर स्टाइलले मानिसको स्वरूप नै बदल्छ।' गायक अनिल सिंह सबैभन्दा बढी केशमै ध्यान दिन्छन्। केही सातामै उनको केश लामो, छोटो वा अन्य कुनै स्वरूपमा परिवर्तन भैसकेको हुन्छ। पहिले कुनै एक हेयर स्टाइलिस्टको सल्लाहमा केश बनाउने अनिल अहिले नीलडेविडसँग सल्लाह लिन्छन्। गायक क्रान्ति आले बीचमा सिउँदो बनाएको हेयर स्टाइलमा देखिन्छन्। उनको हेयर स्टाइल हिन्दी चलचित्र 'तेरे नाम'मा सलमान खानले गरेको हेयर स्टाइलसँग मिल्छ। आले यो हेयर स्टाइल परिवर्तन गर्न चाहँदैनन्। बरु हल्का हाइलाइट गर्न मन पराउँछन्। नवोदित गायक जबिकले पनि केश पालेका छन्। दिनहुँ केश नुहाउने उनको बानी छ। 'एक्स्ट्रा' देखाउन उनले पहेंलो हाइलाइट गरेका छन्। गायक बाबु बोगटी एकताका आफ्नो घुम्रिएको केशका कारण चिन्तित थिए। पछि उनले 'हेयर स्ट्रेट' गरे। केही समय त्यो हेयर स्टाइलमा देखिए पनि अन्ततः अहिले उनी पुरानै हेयर स्टाइलमा फर्किएका छन्। गायिकाहरूमा भने प्रायः सबैको हेयर स्टाइल उस्तै छ।

• पपगायक नवीन के. भट्टराई क्यापको अगाडिको भाग पछाडि फर्काएर लगाउँछन्। डेढ दशकअघि रहरैरहरले पप गायक बनेका नवीनका केही गीत श्रोताहरूले मन पराएपछि एकाएक उनी 'पप स्टार' भए। विभिन्न कन्सर्टमा देखिँदा होस् वा म्युजिक भिडियोमा अभिनय गर्दा, उनको टाउकोमा क्याप हुन्थ्यो। उनको क्याप लगाउने शैलीबाट त्यतिबेला उनका प्रशंसकहरू पनि प्रभावित भए।

'नवीनको जस्तो क्याप' लगाउनेहरू पनि देखिए। अर्कातर्फ जुन बेला पनि क्याप लगाउनाले नवीनलाई भने एउटा समस्या पर्‍यो। उनको केश तीव्र गतिमा झर्न थाल्यो। त्यसपछि उनले एकपटक पूरै टाउको खौरिए। अहिले उनले टाउको पछिल्तिर रहेको केश बाटेका छन्। रमाइलो कुरा के छ भने उनले अझै पनि 'पछाडि फर्काइएको क्याप' लगाउन छाडेका छैनन्।

• जिन्सका पहिरन प्रायः सबै गायक/गायिका लगाउँछन्, तर गायक धीरज राईले भने आफूलाई जिन्सको पहिरन मात्र लगाउने गायकका रूपमा परिचित गराएका छन्। टाइट जिन्स पाइन्ट, ज्याकेट, टिसर्ट र बुटमा उनी आफूलाई फेसनेबल मान्छन्। जिन्स पाइन्टको फेसन टाइटबाट बेलीबटम हुँदै हिपहपसम्म पुगे पनि उनलाई त्यसको मतलब छैन। राई टाइट जिन्समै आफूलाई सहज महसुस गर्छन्। स्टेजमा गीत गाउँदा उनी





आफू जोसमा आउँछन नै, सँगसँगै दर्शकहरूलाई पनि जोस्याउँछन्। धेरै नै जोसमा आएर उनले आफूले लगाएको ज्याकेट कैयन् पटक दर्शकको हुलमा हुर्‍याएका छन्।

• गायक निमा रुम्बा पप गायकहरूमा सबैभन्दा सुकिला मानिन्छन्। एक पटक एउटा एवार्ड कार्यक्रममा उनले चार जना अन्य पपगायकसँग संयुक्त गीत प्रस्तुत गरेका थिए। अरू गायकहरू 'क्याजुअल वेयर'मा निकै फेसनेबल देखिँदा निमा भने सेतो रंगको थ्री-पिस सुटमा देखिए।

उनको उक्त अलग ड्रेसअपले त्यतिबेला सबैलाई प्रभाव पारेको थियो। गायक भएदेखि निमाले आफूलाई सफा र चिटिक्क पारिरहेका छन्। उनको धारणामा सेलिब्रेटी भएपछि सबैको ध्यान आफ्ना क्रियाकलाप र लवाइ-खवाइमा हुन थाल्छ। त्यसैले पनि उनी सुकिलो देखिन मन पराउँछन्।

• झन्डै १६ वर्षअघि आफ्नो गायन क्यारियर आरम्भ गर्दा गायिका नलिना चित्रकारको केश घुम्रिएको थियो। त्यसलाई उनका इष्टमित्रहरू 'साइबाबा कट' भन्थे। सिल्की केश मन पराउने नलिनालाई आफ्नो केश मन पर्दैनथ्यो तर कुनै उपाय थिएन, त्यसैले त्यत्तिकै १० वर्ष बित्यो। छ वर्षअघि एउटा फोटोसेसनका क्रममा केश 'टेम्पोररी स्ट्रेट' गरेपछि उनलाई त्यो मन परेछ।

केही समयपछि कार्यक्रमको सिलसिलामा कोरिया पुग्दा उनले नेपाली रुपैयाँ ८ हजारजति तिरेर केश स्ट्रेट गरिन्। उनको 'न्यू लुक' सबैले मन पराएपछि उनी अचेल हरेक छ महिनामा केश स्ट्रेट गर्छिन्। अहिले नलिना भन्छिन्- 'भो, अब चाहिएन कर्ली केश।'

• र्‍याप गायक डीए ६९ अर्थात् सुदिन पोखरेल पेसाले कान्तिपुर टेलिभिजनका समाचारवाचक हुन्। उनी जुँगा नपाली चिउँडोमुन्तिर दाह्री पाल्छन्। उनका कतिपय प्रशंसकले उनको जस्तो 'स्पाइक स्टाइल'को केश र दाह्री पाल्ने गरेका छन्। यद्यपि दाह्री पाल्नु उनका लागि फेसन होइन, बाध्यता हो भन्ने कुरा कसैलाई थाहा छैन।

सानैमा क्रिकेट खेल्दा बलले लागेर उनको चिउँडोमा चोट लागेको थियो। त्यसको खत अहिले पनि छ। त्यसैलाई छोप्न ०५२ सालदेखि उनले दाह्री पाल्न थालेका हुन्। अर्को कुरा, ब्राह्मण भए पनि उनको दाह्री चिउँडोमा मात्रै धेरै आउँछ। जुँगा भने धेरै आउँदैन।

यी छवटा उदाहरणले नेपाली गीतसंगीत क्षेत्रको फेसन र स्टाइललाई प्रतिनिधित्व गरेको छ। उदाहरणहरूमा पछाडि फर्काइएको क्यापको फेसन गर्न खोज्दा कपाल झरेर नवीन के भट्टराईलाई त्यो फेसन सधैंलाई अँगाल्नुपर्ने बाध्यता भएको छ भने बाध्यताले पालेको सुदिनको दाह्री फेसन भएको छ।

फेसन प्रविधिको फाइदा उठाउँदै गायिका नलिनाले आफूलाई मन नपरेको केश परिवर्तन गरिन् भने धीरज राई आफ्नो जिन्स रुचि तत्काल परिवर्तन गर्ने मुडमा छैनन्। नेपाली समाजमा 'सेलिब्रेटी'को दर्जा पाएकाहरूमध्ये लोकप्रियतामा संगीतकर्मीहरू नै अगाडि छन्।

उनीहरूको चर्चा सबैभन्दा बढी हुन्छ भने उनीहरूका प्रशंसकहरू पनि अन्य क्षेत्रका सेलिब्रेटीहरूको तुलनामा बढी नै पाइन्छन्। संगीतकर्ममा लागेकाहरूमध्ये पनि पप र र्‍याप गीतका संगीतकर्मीहरू अरूको तुलनामा बढी 'फेसन कन्सस' छन्। बजारमा तत्काल कुनै फेसन आउनेबित्तिकै सेलिब्रेटीहरूमध्ये सबैभन्दा पहिलो खरिदकर्ता उनीहरू नै हुन्छन्।

### ब्रान्डका कुरा

स्थापित गायकहरूमा पनि सबै 'ब्रान्ड कन्सस' छैनन्। प्रायः क्याजुअल वेयरमा देखिने गायिका मौसमी गुरुङ 'जीओडार्नो' का टिसर्ट लगाउन मन पराउँछिन्। गायक निमा रुम्बा 'ग्याप'का टिसर्ट तथा सर्ट लगाउँछन् भने पाइन्टमा ब्रान्डेड लगाए पनि उनको 'च्वाइस' सबै ब्रान्डमा उत्तिकै छ। उनलाई विशेष गरी कालमिन, जारा, फ्रेन्च कलेक्सन, लिभाइज आदि ब्रान्ड मन पर्छन्।

अधिकांश छालाका जुत्ता लगाउने निमा




त्यसमा पनि विशेष ब्रान्ड नहुने बताउँछन्। राम्रो र सुहाउने पहिरन लगाउने निमा आफ्ना पहिरनहरू विदेशमै खरिद गर्छन्। गायक रामकृष्ण ढकाल दिन-प्रतिदिन फेसनेबल हुँदै गएका छन्। कटनका पाइन्ट र सर्टमा छालाको जुत्ता लगाउने ढकाल आजभोलि क्याजुअल वेयरमा पनि देखिन थालेका छन्। उनी प्रायःजसो ब्रेन्टली र डा. मार्टिनका जुत्ता लगाउँछन् भने जोन प्लेयर्सका सर्ट पाइन्ट उनलाई निकै मन पर्छन्। क्याजुअलमा उनलाई कुनै पनि ब्रान्डका टिसर्ट वा पाइन्ट भए हुन्छ, तर सुहाउने हुनुपर्छ भन्ने उनको धारणा छ।



संगीतकारहरूमा आलोकश्री, शम्भुजित बाँस्कोटा, न्ह्यू बज्राचार्य आदि केही संगीतकार मात्रै 'ब्रान्ड कन्सियस' छन्। विदेश डुलिरहने बाँस्कोटा उतैबाट पहिरन खरिद गरेर ल्याउँछन्। पहिले उनी भारतीय ब्रान्डका पहिरन लगाउँथे भने स्वदेशमा उत्पादित लत्ता-कपडा पनि उनी लगाउन पछि पर्दैनन्। आधुनिक गीतका संगीतकारमा शिलाबहादुर मोक्तान आफूलाई खासै फेसनेबल मान्दैनन्। उनकी गायिका पत्नी कुन्ती मोक्तान पनि साडी र चोलोमै आफूलाई सहज महसुस गर्छिन्। जबकी उनीहरूका दुई गायिका छोरी शीतल र सुवानी भने आधुनिक अनि सुहाउने तर उत्ताउलो नदेखिने फेसन रुचाउँछन्। उनीहरू ब्रान्डमा भन्दा सुहाउने पहिरनमा बढी ध्यान दिन्छन्। संगीतकार मोक्तान आफूलाई सुहाउने हल्का रंगका सर्ट पाइन्टहरू प्रायः बिमल सर्टिङ-सुटिङकै लगाउन मन पराउँछन्।

संगीतकार आलोकश्री आफूलाई निकै ब्रान्ड कन्सस मान्छन्। उनी पेपे जिन्सका क्याजुअल पाइन्ट लगाउँछन् भने जोन प्लेयर्सका सर्ट। उनी जहिले पनि इटालियन ब्रान्डेड जुत्ता लगाउँछन्। १४ वर्षअघि युरोप गएपछि ब्रान्डेड फेसन गर्न थालेको आलोकले बताए।

फेसनेबल गीतकारहरूमध्ये पपगीतका गीतकार नरेशदेव पन्त झट्ट हेर्दा गीतकार नभै गायकजस्ता देखिन्छन्। उनी ब्रान्डेड पहिरन लगाउनुपर्छ भन्ने मान्यता राख्छन्। यद्यपि उनी आफूलाई सुहाउने आधुनिक पहिरनमा बढी ध्यान दिन्छन्। गीतकार भूपेन्द्र खड्का आफूलाई त्यति फेसनेबल मान्दैनन। 'शरीर ढाक्न सुहाउने लुगा लगाउनुपर्छ, ब्रान्ड जुनसुकै होस्, उनले भने।

गायिका नलिना चित्रकार बुटिकमा बनाइएका कुर्ता र युएफओका टिसर्ट लगाउँछिन्। नेपाली संगीतकर्मीहरूमध्ये र्‍याप गायक डिए ६९ अर्थात् सुदिन सबैभन्दा बढी 'ब्रान्ड कन्सस' पाइए। टिम्बरल्यान्डको लेदर सुज, रिबोकको स्पोर्ट्स सुज, जोन प्लेयर्सको सर्ट, रकवेभरको टिसर्ट, फ्याटफार्म र सबजोनका पाइन्ट, ओटोको गगल्स लगाउने सुदिन समाचार पढ्ने बेलामा मात्रै सुट लगाउँछन्। यद्यपि उनलाई कहिलेकाहीं क्याजुअल पहिरनमा खादीको कोट लगाएको पनि देखिन्छ। उनी प्रायः हिपहप पाइन्ट र टिसर्टमा सजिन मनपराउँछन्।

## संगीतकर्मीका एसेसरिज

गगल्स नलगाउने संगीतकर्मीभन्दा लगाउने धेरै छन्। 'बाइकमा दिनभरि यताउता डुलिरहनुपर्छ, गग त लगाउनै पर्‍यो नि,' -गायक मिग्मा शेर्पा बताउँछन्। उनी फेसन परिवर्तन हुनेबित्तिकै फेसनअनुसारको गग परिवर्तन गरिहाल्छन्। गाडीमा गुड्ने भए पनि रामकृष्ण ढकाल गग लगाउन मन पराउँछन्। उनलाई 'रेबन' ब्रान्डका गगल्स लगाउँदा आनन्द लाग्छ। निमा रुम्बा भने पहिले महँगो गगल्स लगाउँथे। 'धेरै गग हराएँ, कति त फुटे। त्यसैले महँगो गग लगाउन छाडे,' -उनले बताए। गगल्स लगाउन लोकगायक रामचन्द्र काफ्ले पनि पछि छैनन्। म्युजिक भिडियोहरूमा पनि उनी गगल्समै ठाँटिएका हुन्छन्।

गायिकाहरू भने ह्यान्ड ब्याग बोक्न निकै रुचाउँछन्। प्रायः गायिकाहरू अन्य युवतीहरूसरह पार्टीमा जाँदा सानो चिटिक्क परेको ह्यान्डब्याग बोक्छन् भने कामविशेषमा अलिक ठूलो ब्याग बोक्छन्। गायिका प्राश्ना शाक्य पनि ब्याग बोक्न निकै मन पराउँछिन्। यद्यपि उनी आफैं ब्याग किन्दिनन्। उनकी बहिनी ह्यान्डब्यागकी सौखिन भएकाले प्राश्ना उनले किनेका ब्यागहरू नै बोक्छिन्।

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



नवविवाहित जोडी हनिमुन मनाउन पोखरा जाने तरखरमा थिए, एक्कासि दाँत दुःखेका कारण उनीहरू डेन्टिस्टकहाँ पुगेछन् । अस्पताल पुग्नेबित्तिकै दुलहीले डेन्टिस्टसँग भनिछन्– हेर्नुस् न, हामी हनिमुन मनाउन हिंड्नै लागेका थियौं, दाँत दुःखेर जँचाउन आएको । कृपया छिटोभन्दा छिटो दुखेको दाँतमा इन्जेक्सन पनि नलगाई पाँच मिनेटमै उखेलिदिनुपर्‍यो । नवविवाहित दुलहीको कुरा सुनेर डाक्टरले छक्क पर्दै भनेछ : तपाईं त साँच्चिकै बहादुर महिला हुनुहुँदो रहेछ । दुखेको दाँत त्यो पनि इन्जेक्सन नलगाई पाँच मिनेटमै उखेल्न दिन सक्ने ? मानें तपाईंलाई । ल भन्नुस्, कुनचाहिं हो फुकाल्नुपर्ने दाँत ?

नवविवाहित दुलही आफ्नो दुलाहातिर हेर्दै : प्रिय, डाक्टरलाई देखाइदेऊ कुनचाहिँ हो तिम्रो दुःखेको दाँत ?

०००

एउटा अस्पतालमा डाक्टरसँग बिरामी : डाक्टरसाहेब, मलाई जन्डिस नै भएको हो त ? मैले सुनेको छु– यो अस्पतालमा बिरामीलाई रोग एउटा लागेको हुन्छ अनि उपचारचाहिँ अर्कै रोगको गरेकाले धेरै बिरामी मर्ने गरेका छन्, हो ?

डाक्टर : हैन, हैन, तपाईं त्यसको चिन्ता नलिनुस् । तपाईंलाई जन्डिस लागेको हो, त्यसैले यदि तपाईं मर्नुभयो भने पनि जन्डिसकै कारणले मर्नुहुन्छ, आत्तिनु पर्दैन ।

०००

बैंकक घुम्न दुई महिना छुट्टी लिएको एक कर्मचारी अफिस आउन थालेको एक साता नहुँदै फेरि विवाह गर्नका लागि अर्को एक साताको छुट्टी मागेको देखेर अफिसको हाकिम रिसाउँदै : हैन अस्ति मात्र दुई महिनाको छुट्टीमा बसेको होइन ? त्यही दुई महिनाको बिदामै विवाह पनि गरेको भए भैहाल्थ्यो नि ? किन फेरि एक साता अर्को बिदा मागेर बिहे गर्नुपर्‍यो तिमीलाई ?

कर्मचारी : तपाईंलाई म मुर्ख छु जस्तो लाग्छ कि क्याहो ? विवाह गरेर त्यस्तो आनन्ददायक बिदा चौपट पार्नु छ र मलाई ?

०००

हुलाक कार्यालय पुगेको बिकुरामलाई दाहिने हातमा प्लास्टर गरेकी एउटी राम्री युवती आएर : दाइ, मलाई एउटा सहयोग गरिदिनुहुन्छ ? हेर्नुस् न, म लेख्न सक्दिनँ, मैले यो पोस्टकार्डमा केही लेखेर परिवारलाई पठाउनु छ ।

विकुरामले दङ्ग पर्दै राम्री युवतीले भनेजस्तै गरी पोस्टकार्डमा लेखेर सहयोग गरेछ र अन्तमा सोधेछ : बहिनी, अब अरू पनि केही सहयोग गर्नुपर्छ कि ?

राम्री युवती : अब पोस्टकार्डको पुछारमा लेखिदिनुस् न– कृपया पोस्टकार्डमा अक्षरचाहिँ कागले छेरेको जस्तो भएकोमा क्षमा चाहन्छु ।

०००

## कविता

### स्वार्थी समाज

तिमीप्रति समर्पणको भाव ममा छ
तर केही गुणको अभाव ममा छ
तिम्रा निम्ति काँडाबीच फुल्न सक्छु
तर पत्र-पत्र हेर्दा दाग ममा छ
चन्द्र धरातल टेक्न तिमीलाई लग्थे
तर मलाई थिच्ने पहाड ममा छ
तिम्रा बाधा हटाउथेँ, जन्जिर तोड्थेँ
तर रुग्ण शिथिल हाड ममा छ
तिमीलाई स्वच्छन्द जीवन जिउन दिन्थेँ
तर स्वार्थी समाजको दबाब ममा छ ।

– ज्ञानेन्द्र गजल

### घर आउने गर बूढा

साँझ अलि छिटो घर आउने गर बूढा
होइन भने कुरा काट्छन् हाम्रो वरपर बूढा
ठसठस्ती गन्हाएर तिम्ले ढोका हानेपछि
रिसाएर गाली गर्न लाग्छ मलाई कर बूढा
खानै परे खाइवरी आ□नै घर सुत बरु
तिमीबिना मेरो पनि अरू को नै छ र बूढा
तिम्रो चाला ठीक छैन तिमी आफैंले बुझ्नुपर्‍यो
हुर्काउनु लालाबाला मलाई कसको भर बूढा
तिम्रो बानी सुध्रिए चढाउँछु कालो भाले
भन्दै सधैं भगवान्सँग वर माग्छु म बूढा ।

– माधव बेल्बासे

### वेदनाका कुरा गरौं

मेरो सानो झुपडीमा
तिम्रो मन अट्छ भने
त्यही झुपडीमा तिम्रो
सारा जीवन बित्छ भने
आऊ बाँध अँगालोमा
वेदनाको कुरा गरौं
टुक्रिएको यो मुटुमा
ममताको खाटो भरौं ।
वाचा जलेपछि
सपनाका सबै महल
बिपनामा ढलेपछि
जिउने रहर मर्दो रै'छ
वाचा सबै जलेपछि ।



– दिनेश श्रेष्ठ



### तिम्रो याद

एकान्तमा तिम्रो याद कति धेरै मीठो
तिम्रै यादमा बितिदिन्छ रात पनि छिटो-छिटो
सपनामा आउँछौ तिमी मेरो अँगालोमा
आधा रातमा झस्किएर उठ्दा अँगालो हुन्छ रित्तो
एकान्तमा तिम्रो याद धेरै कति मीठो ?

– प्रल्हादशरण श्रेष्ठ

### माया पाउने रहर

परदेखि समीपमा आउन मन लाग्यो
अजम्बरी माया हजुरको लाउन मन लाग्यो
फरासिलो बोलीचाली सुन्दर रूप रै'छ
लावण्यको मोहभित्र छाउन मन लाग्यो
बग्यौ तिमी मनभित्र गजलगंगा बनी
तिम्राबारेमा गजल-गीत गाउन मन लाग्यो
धेरै भो माया मेरो एकोहोरो मात्र
अलिकति तिम्रो पनि पाउन मन लाग्यो ।

– कमल पुरी

### छोडी जाने भएपछि

आखिर माया लायौ किन, छोडी जाने भएपछि
सारा वाचा कसम कस्तो, तोडी जाने भएपछि
युगौंयुग बाँच्छु भन्थ्यौ, तिम्रो साथ पाएदेखि
आश्वासनको घैलो किन, फोडी जाने भएपछि
तिमी जाने बाटोभरि काँडैकाँडा किन होला
पलभरका तिम्रा याद जोडी जाने भएपछि
सागरका मनभित्र फुलाएका फूलहरू
लिई जाऊ मुना सारा, गोडी जाने भएपछि ।

– सागर अभागी

## लघुकथा

### धर्तीको बोझ

साँझको ६ बजेको छ । रमित दरबारमार्गको प्रसिद्ध रेस्टुराँअघि बसेर कसैलाई कुरिरहेको छ । त्यसै बेला एउटा अपाङ्ग रमितको छेउमा आएर भन्यो– 'बाबु ५ रुपैयाँ दिनुहोस्, तपाईंको कल्याण हुन्छ ।'

रमितले नरमाइलो मानेर अपाङ्गलाई हेर्‍यो । अपाङ्गले फेरि भन्यो, 'बाबु ५ रुपैयाँ दिनुहोस्, तपाईंको कल्याण हुन्छ ।'

रमितले भन्यो, 'छैन पैसा-सैसा ।' केही बेर घृणापूर्वक अपाङ्गलाई हेर्दै आफैं भुत्भुतायो, 'धर्तीका भार, किन बाँचिरहेका होलान् ।'

अपाङ्गले कुरा सुने पनि केही नसुनेझैं गरी छेउ लाग्यो । उसलाई आफू साँच्चै धर्तीकै भार हो कि भन्दै आफूलाई किन अपाङ्ग बनायौ भनेर भगवान्सँग गुनासो गर्न थाल्यो ।



केही बेरपछि एउटी अर्धनग्न युवती आँखा सन्काउँदै रमितको छेउमा आई । दुवैबीच मोलमोलाइ चल्यो । अन्त्यमा १ हजार रुपैयाँमा कुरा फिक्स गरी उनीहरू छेउकै होटलमा उक्लिए । दुवैको कुरा सुनिरहेको अपाङ्गले होटलतिर गैरहेका रमित र युवतीलाई हेर्दै पिच्च थुक्यो र भन्यो– 'यस्ता धर्तीका बोझले किन बाँच्नु ?'

परशुराम पन्थी

# घोडालाई परिवार नियोजन

मानिसको बन्ध्याकरण त नौलो भएन । बहरगोरु र बोकाहरूलाई सुमरेर बन्ध्याकरण गर्ने चलन पनि छँदैछ । तर घोडाको पनि बन्ध्याकरण ? अचम्म लाग्यो होला । मात्तिएको बोका र गोरुको बहरलाई सुमरेर साम्य पारेजस्तै अचेल रसुवाको लाङटाङ क्षेत्रका घोडाहरूको बन्ध्याकरण (भ्यासेक्टोमी) गर्न थालेको छ । मात्तिएका तन्नेरी घोडाहरू अनुशासनहीन हुन थालेपछि उनीहरूलाई शान्त पार्न यो विधि अपनाइएको हो । गत साता यहाँ विशेषज्ञ टोलीद्वारा २० वटा बन्ध्याकरण गरिएको छ ।

पर्यटकहरूका लागि प्रयोग गरिँदै आएका तन्नेरी घोडाको उत्ताउलोपन नियन्त्रण गर्न बन्ध्याकरण गरिएको जिल्ला पशु सेवा कार्यालय प्रमुख डा.रामप्रकाश प्रधानले बताए । घोडीको तुलनामा घोडाहरू बढी मात्तिन्छन् । सन्तान घटाउन नभै नियन्त्रण गर्न भ्यासेक्टोमी गरिएको हो, डा. प्रधान भन्छन्– 'घोडीको भने बन्ध्याकरण गरिएको छैन ।'

लाङटाङ तथा स्याफ्रुक्षेत्रमा २ सयको हाराहारीमा पर्यटक यात्रामा प्रयोग गरिने घोडा छन् । पर्यटकीय गन्तव्यका रूपमा रहेको लाङटाङ, क्यान्जेन तथा आसपासका क्षेत्रमा हिमाली दृश्यावलोकनका लागि पर्यटकहरू घोडा चढ्न मन पराउँछन् ।

परीक्षणका रूपमा गत वर्ष स्याफ्रुका ६ वटा घोडाको बन्ध्याकरण प्रभावकारी भएपछि अन्य घोडाको पनि बन्ध्याकरण गर्न थालिएको हो । हालसम्म यहाँका ६६ घोडाको भ्यासेक्टोमी गरिसकिएको छ । प्रजननका लागि आवश्यक पर्ने केही घोडा छाडेर सबैको बन्ध्याकरण गरिएको छ ।

जथाभावी उफ्रेर पर्यटकहरूलाई फालिदिने, नियन्त्रणमा नआउने घोडाहरूको बन्ध्याकरणपछि तिनलाई अनुशासित तवरले हिंडाउन सकिएको पर्यटन व्यवसायी दोर्जे तमाङ बताउँछन् । २० देखि ५० हजार रुपैयाँसम्म मूल्य पर्ने स्थानीय घोडा बिक्री गरेर मनाङ र मुस्ताङसम्म पुर्‍याइने गरेको छ । घोडाका लागि उपयुक्त हावापानी रहेको यस क्षेत्रमा पर्यटकीय आगमनमा वृद्धिसँगै घोडापालकहरूमा उत्साह छाउँछ । यो वर्ष पर्यटकहरूको संख्या बढेकाले यहाँका घोडाले धमाधम काम पाइरहेका छन् ।

–नवदीप अजनवी

# कविता सुनाउन गाउँमा

धादिङ- कोठामा बसेर रचिएको सिर्जना जनताको वास्तविक सिर्जना हुन सकेन । गाउँको कविता गाउँमै पुगेर लेख्ने र भन्ने एउटा आन्दोलन नै चलाए साहित्यकार सरुभक्तले । ०५५ सालदेखि उनले चलाएको संरक्षण कविता आन्दोलनले अहिलेसम्म पनि निरन्तरता पाइरहेको छ । गएको साता एक हूल स्रष्टा सरुभक्तको अगुवाइमा धादिङको विकट गाउँ जवाङ पुगेको थियो । सरुभक्तलाई साथ दिने स्रष्टामा इन्द्रकुमार विकल्प, नवराज अधिकारी, इन्द्रप्रसाद रेग्मी, सरस्वती श्रेष्ठ सरु, सरस्वती प्रतीक्षा, सुरेश रानाभाट, अल्पज्ञानी सरिता तिवारी आदि थिए । धादिङबाट पनि नवीनबाबु पहाडीको नेतृत्वमा गएको एक हूल कवि-कवयित्री त्यहाँ पुगेका थिए ।

चेपाङ, गुरुङ र घले जातिको बसोबास रहेको उक्त गाउँमा पुगेका कवि-कवयित्रीहरूले गाउँकै कविता लेखे र गाउँलेलाई भेला गराई सुनाए । कविता आन्दोलनका परिकल्पनाकार सरुभक्त कविताप्रति गाउँलेको अनुराग देखेर दंग देखिन्थे । उनले गाउँकै सेरोफेरोमा रहेर रचेको 'आँधी, भीर र सपनाहरू' कवितामा गाउँलेको अपार साथ बटुले ।

सरुभक्तको परिकल्पनामा ०५३ मा संरक्षण कविता यात्रा नामबाट आरम्भ भै संरक्षण कविता आन्दोलनका रूपमा परिणत भएर ०५५ देखि अहिलेसम्म जारी छ ।

इजरायल / कोरिया
के तपाई इजरायल तथा कोरिया जाँदै हुनुहुन्छ ? यदि जाँदै हुनुहुन्छ भने हिब्रु भाषा/कोरियन भाषा सिकी दक्ष भई जानुहोस् ।
हाम्रा सेवाहरू :
१. हिब्रु (Hebrew) भाषा, कोरियन भाषा, तथा अंग्रेजी भाषा तालिम ।
२. केयर गिभर, House Keeping, Nursing तथा Orientation तालिम ।
३. Cook/Waiter तालिम ।
सम्पर्क: पाइथागोरस एकेडेमी
प्रर्दशनीमार्ग, पुतलीसडक, काठमाडौं, फोन : ४२६०६३२

ग्यारेन्टी उपचार
विदेशको सफलता पछि स्वदेशमा लोकप्रिय
यौन
उत्तेजना नहुने, शीघ्र स्खलन तथा शारीरिक यौन शक्ति (महिला-पुरुष)
स्तन
बढाउने, घटाउने तथा टाइट गराउने
पोतो
अनुहारको चायाँ, कालो पोतो, डण्डीफोरबाट मुक्ति
झन्झटिलो उपकरण होइन स्वदेशी आयुर्वेदिक पद्धति
दम, वाथ, ग्याष्टिकबाट पूर्ण मुक्ति
No Side effect, 100% Guarantee
4672065, 2084130

AXIS MEDIA AXIS MEDIA AXIS MEDIA
उद्घोषण
Exam दिएर बसेकाहरुलाई विषेश उद्घोषण तालिममा
धमाधम नयाँ कक्षा संचालन भैरहेको छ ।
प्रमुख प्रशिक्षक RJ/VJ
• कुसुम बज्राचार्य
• नरेश भट्टराई
• महिमा भट्टराई
• शिरोमणि दवाडी
• विपक समिर
• रिता लिम्बु
• विनोद खड्का
• दिनेश दुलाल
लगायत अन्य थुप्रै चर्चित RJ/VJ हरु ।
थुप्रै R.J./V.J. उत्पादनको विश्वासिलो नाम
आफ्नै F.M को कार्यक्रम चलाउने १००% ग्यारेण्टी
Axis Media & Entertainment
Bagbazar, Kathmandu
Tel.: 2331656
Vist us: www.axismedia.com.np
१०००/- छुट सहित




बूढी, जन्मदिनको अवसरमा मंगलमय शुभकामना ।

**बूढा 'राज'**

नयाँ वर्षसँगै नयाँ कक्षामा प्रवेश गरेका सम्पूर्ण साथीमा उत्तरोत्तर प्रगतिको शुभकामना । विशेष हेली केयरकी साथीको हरेक पाइलाले सफलता चुमोस् भन्ने मंगलमय शुभकामना ।

**आइसिंह**

बबि, काठमाडौं मलअगाडि भेट हुँदा किन नबोलेको ? सायद भाउजूसँग भएर होला । दिदीको विवाह भएछ, बधाई भनिदेऊ । तिमीले मलाई नसम्झे पनि मैले तिमीलाई धेरै सम्झिरहेको छु । तिम्रो जीवनमा मजस्ता धेरै भए पनि मेरो जीवनमा तिमी मात्रै छौ । यो मुटुको हरेक धड्कनमा तिमी मात्रै धडकिन्छौ । धेरै-धेरै सम्झना र न्यानो माया ।

**सुरज**

मिलनसार, घमन्ड नगर्ने, धनी-गरिब नछुट्याउने, सुखमा मात्रै होइन दु:खमा पनि साथ दिने, कसैको भावनामाथि खेलबाड नगर्ने, खुला विचारधारा भएका, मित्रतालाई प्रेरणाको स्रोतका रूपमा लिने, साथै मित्रतालाई दिगो राख्ने असल पुरुष साथी बनाउन चाहने महिलाहरूलाई इमेल गर्न अनुरोध छ ।

**single_friend2007@yahoo.com**

प्रीति, हामी दूरीका रूपमा टाढा भए पनि मनभरिको मायाले एकदमै नजिकै छौं । यो मनले हरक्षण तिमीलाई भेट्न खोजिरहन्छ । म तिम्रा भावनाहरू साट्न चाहन्छु । तिमीलाई भेट्न छिटै आउँदैछु । तिमीविना कुनै पनि कुरा कल्पना गर्न सक्दिनँ, प्रत्येक दिन तिम्रो कलको प्रतीक्षामा हुन्छु । तिमीविना एक्लै बस्न साह्रै गाह्रो भैसक्यो । मेरो प्रतीक्षामा बस, म चाँडै आउँदैछु ।

**समीर**

दस वर्षअघि मैले तिम्रो आशय बुझ्न र हतारमा विवाह गरें । त्यसबाट तिमीलाई पर्न गएको चोटका लागि आई एम सरी । अहिले तिमी विवाह गर्दैछौ । विश्वास गर, म हाम्रो बारेमा कसैलाई बताउन्न । सक्छ्यौ भने तिम्रो विवाहमा मलाई नबोलाए पनि हुन्छ ।

**गायक**

निशा, समस्यामा परेकाले तिम्रो विवाहमा चाहेर पनि उपस्थित हुन सकिन । अझै केही महिना आउन पाउँदिन । फर्केर आएपछि तिम्रो जोडीलाई एउटा पार्टी मेरो तर्फबाट बुक गरेहुन्छ । विवाहमा आउन नपाए पनि मेरो आशीर्वाद सदा तिमीहरूलाई छ ।

**सन्तोष दाइ, मलेसिया**

गंगा, पैसा कहिल्यै सम्बन्धभन्दा ठूलो हुन सक्दैन । पहिले मेरो पसलमा तिमी सधै आउँथ्यौ । डेरा सरेर गएपछि आउनै छाड्यौ । आन्टीले भन्नुभएको-तिमी मसँग लिएको पैसा तिर्न सक्षम भएपछि मात्रै आउँछौ रे । पैसा बिस्तारै तिर्दै गर्नु, एक पटक त आऊ । वर्षौंको हाम्रो सम्बन्ध के अब पैसाका कारण टुक्रिने भयो ?

**तीर्थ**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/- अनिवार्य

## जीवनको गोरेटो

### वनभोज कार्यक्रममा

दिनभरिको कामले थाकेर जीउ सिथिल थियो । कार्यालयबाट कोठामा आउँदा झमक्क साँझ पर्न लागेको थियो । दिन पनि धेरै छोटा भएका रहेछन् । कोठाभित्र पस्न नपाउँदै साथीहरूले फोन गरे छिटो आऊ भनेर । बेलुका करिब ६ बजे छिटो-छिटो बाहिर निस्किएँ, ओहो □ बाहिरको वातावरण त कति छिटो परिवर्तन भएको ? सहर झिलिमिलीमा परिवर्तन हुँदै थियो । बाटोमा सवारी साधनको चाप थियो । बल्ल बल्ल बाटो काटें ।

आजको वनभोज कार्यक्रमका लागि पहिले नै खबर पाएको थिएँ । म हतार-हतारमा बाहिर निस्केर अबुधावीको लिवा सेन्टर पुगें । साथीहरू पहिले नै तम्तयार अवस्थामा रहेछन् । केवल मेरो प्रतीक्षा रहेछ । जब म त्यहाँ पुगें, सबै साथीसँग हात मिलाउँदा-मिलाउँदै हाम्रो गाडी आफ्नो बाटो तताउन थाल्यो । यात्रा गर्दा मेरो सानैदेखि लागेको बानी वरपरका सुन्दर दृश्यहरूलाई आँखामा कैद गर्ने रहँदै आएको छ । आज पनि बाहिरका दृश्य दृष्टिमा कैद गर्दै बिस्तारै गन्तव्यतिर लाग्यौं, गाडीमा हामी लगभग १५ जनाजति थियौं । अन्तिम सिटमा एक जना महिला थिइन् । मैले उनलाई पहिलो पटक देखेको थिएँ । गफगाफ गर्दै हामी अघि बढ्यौं ।

बेलुकाको समय भएकाले मौसम शान्त थियो । वरिपरिको कृत्रिम-प्राकृतिक वातावरण विवाहमा बेहुली सिंगारिएझैं सिंगारिएको देखिन्थ्यो । पानीका फोहोराहरूले त्यो ठाउँलाई अझ सुन्दर बनाएको थियो । वरपर स-साना बालबालिकाहरू आफ्ना बाबुआमासँग खेलिरहेका देखिन्थे । सम्झिन्न भन्दाभन्दै पनि मन कहाँ मान्थ्यो र □ थाम्न सकिनँ, मन अमिलो भएर आयो । घरमा आफ्नै परिवारसँग खेलेको सम्झना भयो । साथीहरू डिनर तयार गराउँदै थिए । मैले हामीसँगै आएकी बहिनीका बारेमा बुझ्ने चेष्टा गरें । पहिले त बोल्न डर लाग्यो । प्रवासमा पहिलो पटक ती अपरिचित बहिनीसँग बोल्दा कता-कता नौलो अनुभव भयो । बिस्तारै उनका बारेमा बुझ्दै जाँदा साह्रै दु:ख लाग्यो । पारिवारिकदेखि लिएर यहाँसम्मको यात्राका क्रममा उनले पाएको दु:ख सुन्दा मन रोएर आयो । युएईमा आएको जम्मा ५ महिना भएको रहेछ । घरको अत्याचार सहन नसकेर भागेर हिंडेकी



थिइन् उनी । यो उनको मात्र नभएर खाडी देश भित्रिएका अन्य महिलाहरूको पनि व्यथा हो ।

बहिनीसँग सामान्य कुराकानी गरेपछि म त्यो पार्क वरिपरि घुम्न थालें । पहिलो पटक भएकाले कता-कता काठमाडौंको थानकोटस्थित त्रिभुवन पार्कको याद आयो । कतै बालबच्चा त कतै जीवनसँगिनी सँग हातेमालो गर्दै हिंडेका जोडी आहा कस्तो रमाइलो । नेपालमै हुन्थ्यौ भने त हामी पनि यसरी नै परिवार सँगै हुन्थ्यौं होला नि, मनमनै कल्पना गर्दै थिए । साथीहरू भलिबल खेल्न थालेका थिए । पहिलेको भन्दा केही बाक्लो देखिन्थ्यो साथीहरूको उपस्थिति । केही साथीहरू तस्बिर खिचाउन मस्त थिए, कोहि भलिबल खेल्न । म पनि भलिबल खेल्न थालेँ ।

समयले कति बेला डाँडो काटेछ थाहै भएन । भोलिपल्ट ड्युटी हुने साथीहरू बिस्तारै-बिस्तारै पातलिँदै गए । हामी भने खानमै व्यस्त थियौं । दिनभरिको कामको भारलाई भुलाउन त्यो समयले साथ थिएको थियो । हामी पेट पूजा गरिसकेपछि गोलबद्ध भएर विभिन्न विषयमा कुराकानी गर्न थाल्यौं, तत्काल त्यही समयमा ती बहिनीको समस्याका बारेमा पनि केही कुरा कोट्यायौं र उपस्थितमध्येबाटै उनका लागि केही रकम पनि संकलन गर्‍यौं ।

नचाहँदा-नचाहँदै पनि हामीले छुट्टिनैपर्ने भएको थियो । घडीले रातको ११ नाघिसकेको थियो । मौसम चिसिँदै गएको थियो । साथीहरूसँग बिदाइको हात हल्लाउँदै हामी आफ्नो गन्तव्यतर्फ लम्कियौं तर पनि उक्त पार्कमा अझै रमझम थियो । मध्यरात हुँदासम्म पनि त्यहाँ त्यस्तै भीड थियो । फेरि अर्को दिन यस्तै रमाइलो गर्न आउने वाचाका साथ हामी त्यो ठाउँलाई छाडेर आ-आ□नो कोठातर्फ लाग्यौं ।

**–खेमनाथ पौडेल**

## साप्ताहिक साथी



धेरै साथी बनाउने र उनीहरूसँग घुम्ने रुचि भएका १७ वर्षीय प्रकाश धड्कन ५ फिट ४ इन्च अग्ला छन् । गहुँगोरो वर्णका प्रकाश प्रवीणता प्रमाणपत्र तह प्रथम वर्षमा अध्ययन गर्छन् । जस्तोसुकै परिस्थितिमा पनि साथ दिने साथीको खोजी गरिरहेका प्रकाशलाई uckeyprakash.com मा सम्पर्क गर्न सकिन्छ ।



स्नातक दोस्रो वर्षमा अध्ययनरत भूपेन्द्रजङ्ग कुँवर ५ फिट ७ इन्च अग्ला छन् । मिलनसार स्वभावका अविवाहित भूपेन्द्र अध्ययन, भ्रमण तथा गीत-सङ्गीतमा रुचि राख्छन् । धूम्रपान-मद्यपान नगर्ने एवं झूटो नबोल्ने साथीको खोजीमा रहेका भूपेन्द्रलाई साडेपानी- ६, बछुरिया, कैलालीमा सम्पर्क गर्न सकिन्छ ।



-बीबीएस अध्ययनरत आफ्नै व्यवसाय गरिरहेका प्रितम छेत्री ५ फिट १० इन्च अग्ला छन् । मिलनसार स्वभावका अविवाहित प्रीतम दु:खमा साथ दिने स्वभावका छन् । प्रीतम साहित्यिक कृतिहरू अध्ययन गर्न रुचाउँछन् । जीवनप्रति सकारात्मक सोच राख्ने, मित्रतालाई निरन्तरता दिने एवं कहिल्यै नरिसाउने साथीको खोजी गरिरहेका प्रितमलाई पोस्ट बक्स नम्बर ११४५१ वा sathi_ko_sathma81 @yahoo.com मा पत्राचार गर्न सकिन्छ ।

# रक्सी र यौनमध्ये केको लत खतरनाक ?

रक्सी आजसम्म छोएकै छैन, यौनको अनुभव त छ, तर लत छैन। त्यसैले भन्न सक्दिन कुन खतरनाक हो ?

**शालिग्राम पत्थर, धादिङ**

उस्तै-उस्तै हो सम्पादकज्यू।

**रमेश खड्का (२६), झापा**

रक्सी खायो भने लाग्छ, त्यसले धोका दिंदैन। यौनलाई जति भोगे पनि लास्टाँ त्यही हो।

**मनोज अधिकारी**

आफू त दुवै थोकको लतबाट टाढा भएकाले थाहा पाउन सकिन।

**निरोज भट्टराई**

यौन, किनभने यौनको नशामा परेपछि सबै काम छाडेर मन त्यहीं हुन्छ। यौनलाई छाड्न सकिंदैन र छाड्न नसकेपछि आफ्नो भविष्यको कुनै बाटो निर्माण गर्ने समय नै हुँदैन।

**प्रेम बराइली, फुङलिङ**

मेरो विचारमा यौन खतरनाक ? किनकि एक बोतलले एउटा व्यक्तिलाई बिगार्छ तर यौनले धेरै युवकलाई बिगार्छ।

**नारायण न्यौपाने (१६), कुरुङ्चे**

दुवै लत खतरनाक भए पनि तुलनात्मक रूपमा यौनभन्दा रक्सीको लत (नशा) खतरनाक हुन्छ। किनभने यौनको लत हुनेले आफू सजग भए आफ्नो स्वास्थ्य रक्षा गर्न सक्छ तर रक्सीको लत हुनेले जति नै सजगता अपनाए पनि आफ्नो स्वास्थ्य रक्षा गर्न सक्दैन।

**चिरञ्जीवी रेग्मी (२३), कपिलवस्तु**

मलाई त यौनको लत खतरनाक लाग्छ किनभने निर्जीव रक्सी केही समयपछि सेलाउँछ। यौनका कारण मानिस अझ तात्दै जान्छ।

**राजु गौतम, खैरहनी, चितवन**

रक्सीको नशा खतरनाक, किनभने रक्सीले मानिसको ज्यान लिन सक्छ।

**गंगाराम न्यौपाने (१७), स्याङ्जा**

यौनको त कुरै नगरौं, रक्सी पनि कमचाहिं छैन है, लौजा।

**कृष्णजी थापा**

दुवै उही ड्याङका मूला हुन्।

**ऋषिराम पाण्डे (२३), स्याङ्जा**

दुवै आफ्नै बारीका साग हुन्।

**किरण काफ्ले, पुतलीसडक**

यौनको, किनभने लत बसिसकेपछि ज्यादै सताउन सक्छ।

**नोदनाथ त्रिताल (२५), धनकुटा**

रक्सीले रोग लाग्न सहयोग गर्छ तर यौनको लतले जिन्दगी जिउँदो लाससरह बनाइदिन्छ।

**जागेश्वर चौधरी (२१), बाहुनी, मोरङ**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
२. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
३. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
४. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
५. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
६. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
७. बुद्धि ठूलो कि बल ? किन ?
८. देशभक्ति के हो ?
९. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
१०. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?




रक्सीभन्दा यौनको नशा खतरनाक हुन्छ। किनभने यौनबिना युवकहरू एक्लो, पागल र संसारै अँध्यारो भएको महसुस गर्छन्।

**किरण मास्की मगर (२२), धादिङ**

रक्सी र यौन दुवै उस्तै हुन्। यो नशा लाग्यो भने त छुट्नै गाह्रो हुन्छ बा।

**कमल जिसी (२३), खोटाङ**

रक्सी खानेलाई रक्सीको, यौनको चाहना गर्नेलाई यौनको, आफू त दुवैमा परिएन के भनौं ?

**दुर्गाबहादुर माझी**

खै आफूलाई यी दुवैले नशा लाउन सकेनन् सम्पादकज्यू।

**समर्पण भट्टराई, जनकपुर**

यौनको, किनकि उनले भनेपछि चुरोट, रक्सी सबै छाड्न सकिंदो रहेछ।

**दीपक पोखरेल, दोलखा**

रक्सीले शारीरिक अंगहरू तहसनहस पार्छ भने यौनले मानसिक रूपमा। अब तपाईं नै भन्नुहोस्, कुनचाहिं लत बढी खतरनाक ?

**मनिक, काठमाडौं**

यसै भन्न सकिंदैन। यिनीहरू एउटै सिक्काका दुई पाटा हुन्। यदि दुवैको लत भए मानिस चाँडै परमधाम पुग्छ।

**रमेश, हरिवन, सर्लाही**

यी दुवै खतरनाक किनकि रक्सी धेरै खाने मानिस चोटपटकका साथै विभिन्न रोग लागी मर्न सक्छ। यौनको लतमा बिग्रिएको मानिस पनि खतरामा पर्न सक्छ।

**हरिराम दाहाल (२०), संखुवासभा**




**प्रश्न : म अविवाहित महिला हुँ। मैले एक युवक साथीसँग सम्पर्क राख्ने गरेकी छु। मेरो युवक साथी मसँग चिनजान हुनुभन्दा अघि हस्तमैथुन गर्दो रहेछ। मसँग सम्पर्क गर्दा उसको वीर्य चाँडै स्खलन हुन्छ र शिथिल अवस्थामा पुग्छ। जब म पूरै उत्तेजनामा पुग्छु त्यतिबेला ऊ शिथिल स्थितिमा हुन्छ। मैले पूर्ण रूपमा आनन्द लिन के गर्नुपर्ला ? म यौनसम्पर्क गर्नुअघि उसलाई आफ्नो स्तन चलाउन लगाउँछु। के यसरी मर्दन गर्दा स्तनको आकार बिग्रन्छ ? मेरो युवक साथीको लिंग मसिनो र छोटो छ। कुनै उपचारबाट त्यसमा परिवर्तन ल्याउन सकिन्छ ? यदि सकिन्छ भने कस्तो उपचार गर्नुपर्ला ? उसको स्खलन चाँडै हुने हुँदा धेरै आनन्द लिन सकिरहेको छैन। यसका लागि कहाँ के गर्नुपर्ला ? उसले यसका लागि बाटोघाटोको औषधी प्रयोग गर्छ। हामीले पूरै जीवन सँगै बिताउने अठोट गरिसकेका छौं। त्यस्तो औषधीको प्रयोगले पछि उसलाई कुनै असर पार्छ कि ? यदि पार्छ भन्ने कस्तो असर हुन सक्ला ? हामी दुईबीच एक-अर्काको जनेन्द्रियको पानी निल्ने काम पनि हुन्छ। के त्यो पानीले असर पार्छ ? हामीमा बढी उत्तेजना ल्याउन के गर्नुपर्ला ?**

**– आर.के.सी.**

**उत्तर :** पूरै जीवन साथसाथै बिताउने अठोट गर्नुभएको कुराले तपाईंहरूबीचको सम्बन्धको प्रगाढतालाई देखाउँछ। विवाह-अघिदेखि नै यौनसुख प्राप्तिप्रति यति धेरै ध्यान दिनु राम्रो पक्ष हो र आशा गर्छु पक्कै पनि तपाईंले विवाहपूर्व गर्भ नरहोस् भनेर विशेष सावधानी अपनाई उपयुक्त प्रभावकारी साधन प्रयोग गर्नुभएकै होला।

**शीघ्र स्खलनको समस्या**

प्रायः सबैजसो पुरुषले आफ्नो जीवनको कुनै न कुनै बेला वीर्य स्खलन चाँडो भएको अनुभव गरेका हुन्छन्। सायद शीघ्र स्खलनको समस्या पुरुषमा देखिने यौनसम्बन्धी समस्याहरूमध्ये सबैभन्दा बढी पाइने समस्या हो। सामान्य रूपमा भन्नुपर्दा वीर्य स्खलन चाँडो हुनु नै शीघ्र वीर्य स्खलन हो, तर कतिपयले सामान्य समयसीमामा नै वीर्य स्खलन हुने भए पनि चाँडो भएको मान्छन्। महिलाले चरमसुख पाउन एकदमै धेरै समय लाग्ने अवस्थामा पनि पुरुषको वीर्य स्खलन चाँडो भएजस्तो हुन्छ।

यसको पक्का कारण यही नै हो भनेर भन्न सकिने अवस्था नभए पनि शीघ्र स्खलनको मूल कारण मानसिक नै भएको पाइन्छ। कतिपय मानिसमा यौनसम्पर्क वा क्रियाकलापमा 'राम्रो' गर्न नसक्नु गम्भीर चिन्ताको कारण हुनसक्छ। आफ्नो यौन जोडीलाई सन्तुष्ट पार्न सक्दिनँ कि भन्ने चिन्ता यस्तो समस्याको महत्त्वपूर्ण कारक बन्न पुग्छ। आक्कल-झुक्कल यस्तो शीघ्र स्लखन हुनु अस्वाभाविक होइन। शीघ्र स्खलनको समस्या नियमित रूपमा हुन थाल्यो भने तपाईंले समाधानको उपाय खोज्नुपर्ने हुन्छ। यसका लागि यौनसम्पर्क रोक्ने-सुरु गर्ने आसन परिवर्तन गर्ने लिङ्ग अँठ्याउने विधि प्रयोग गर्ने, पिसाब रोक्ने मांसपेशीको प्रयोग गर्नेजस्ता उपायमध्ये एक वा बढी अपनाउन सकिन्छ।

यी उपायका साथै दुवैको चरमसुख प्राप्तिको समय मिलाउन पर्याप्त पाक्क्रीडामा संलग्न हुनु राम्रो हुन्छ। होइन भने एउटा यौनसम्पर्क तपाईंको चरमसुखका लागि र अर्को तपाईंको साथीका लागि समर्पित गरे पनि हुन्छ।

लिङ्गको नाप त लेख्नुभएको छैन, तर केही छोटो र मसिनो भयो भन्दैमा महिलाले चरमसुख नै नपाउने होइन। धेरैजसो महिलाको मुख्य यौनसंवेदनशील अङ्ग जसलाई हामी भगाङ्कुर भन्छौं भित्र नभै बाहिरतिरै हुन्छ। लिङ्गको नाप र आकार परिवर्तन गर्ने शल्यचिकित्सा विधिसमेत चिकित्साविज्ञानमा विकास नभएको होइन, तर त्यसको प्रयोगभन्दा पहिले धेरै सावधानी अपनाउनुपर्छ।

**स्तन रगड्ने कुरा**

महिला भगाङ्कुर, योनि तथा भगक्षेत्र मात्र होइन, स्तन पनि संवेदनशील हुन्छ। स्तनको मर्दनबाट यौन सुखानुभुति प्राप्त हुन्छ। मुन्टो र त्यस वरिवरिको भाग विशेष संवेदनशील हुन्छ र उत्तेजना हुँदा मुन्टो केही कडा र उठेको समेत हुन्छ भन्ने कुरा त याद गर्नुभएकै होला। स्तन मर्दन (माड्नु) एक सुखदायी कुरा हो। यसले महिलालाई मात्र होइन, मर्दन गर्ने व्यक्तिलाई पनि आनन्द दिन्छ। सामान्य किसिमका रगडाइ वा मर्दनले कुनै किसिमको हानि पुऱ्याउँदैन। असामान्य किसिमको अर्थात् चोटपटक नै लाग्ने किसिमको भए कुरा अर्कै भयो, जुन तपाईंले सजिलै थाहा पाइहाल्नु हुन्छ अर्थात् त्यसले सुखानुभूति दिनुको सट्टा पीडा दिन्छ। शारीरिक स्थिति र उमेरअनुसार स्तनको आकारमा हुने परिवर्तन स्वाभाविक हो भन्ने कुरा बुझ्नु आवश्यक छ।

स्वस्थ व्यक्तिमाझ हुने लिङ्ग-मुख मैथुनले कुनै हानि गर्दैन। वीर्य निलिँदा पनि हानि हुने होइन। तपाईंहरू यस्तो यौनक्रियाकलापमा संलग्न हुँदा कुनै किसिमको असजिलो छैन र यौनसुखमा सहयोग नै पुऱ्याउँछ भने त्यसलाई निरन्तरता दिन सक्नुहुन्छ।

**बढी उत्तेजना ल्याउन के गर्नुपर्ला ?**

तपाईंहरू दिनहुँ यौनसम्पर्कमा संलग्न हुनुले पनि तपाईंहरूमा पर्याप्त उत्तेजना रहेको देखाउँछ। शीघ्र स्खलनले पनि पर्याप्त यौन उत्तेजनालाई नै संकेत गरिरहेको छ। जहाँसम्म तालमेलको कुरा छ, यसमा पाक्क्रीडा सहयोगी हुन्छ। हामी यन्त्र (मेसिन) होइनौं, त्यसैले यान्त्रिक रूपमा नै यौनसुख प्राप्त गर्ने कुरा पनि हुनुपर्छ भन्ने सोच ठीक होइन। हामीलाई तुरुन्त नतिजा दिने किसिमको उपचार विधि चाहिएको हुन्छ। बाटोमा अनधिकृत रूपमा पाइने औषधी उपचारले बिक्री गर्ने व्यक्तिलाई फाइदा पुऱ्याए पनि प्रयोगकर्तालाई फाइदा नपुग्ने मात्र होइन, हानि पनि हुनसक्छ। त्यसैले पर्याप्त सावधानी अपनाउन अनुरोध गर्दछु। तपाईंले पनि आफ्नो साथीलाई अनावश्यक रूपमा धेरै दबाब नदिई तालमेल मिलाएर चरमसुख प्राप्तितर्फ ध्यान दिनु बेस हुन्छ।

उद्घोषण
Rs. 1000/- Discount
Job Guarantee
RJ/VJ/News Reader/MC
Media Technician
Ad Production
Personality Dev.
Media Marketing
Practical on Digital Studio
Be Perfect RJ/VJ Now
प्रशिक्षकहरु
हेम सुवेदी
कला सुब्बा
कुसुम बजाचार्य
नरेश भट्टराई
महिमा भट्टराई
दिपक समिर
Bagbazar(Opp. Petrol Pump)
Tel.: 4233042
The Media's Collection

CAREER FOCUSED तालिम
फोटोग्राफी
भिडियोग्राफी
Lab + Practical + Theory
DIGITAL VIDEO EDITING
PHOTO पत्रकारिता
VIDEO पत्रकारिता
Advance को लागि Scholarship पनि
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : 8-8६0७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

मोबाईल तालिम
मोबाईल फोन
रेडियो, क्यासेट, VCR, VCD, TV
एसी / फ्रिज
हाउसवायरिङ
मोटरवाईण्डिङ
कम्प्युटर हार्डवेयर, सफ्टवेयर
११ वर्ष पुरानो
तालिमका लागि सम्पर्क
५०% छुटमा
Job को लागि सहयोग
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: 4495581
कालिमाटी 01-6224798
नोट: विदेश जानेलाई विशेष कोर्ष।

के तपाई सजिलै S.L.C./+2 पास गर्न चाहानुहुन्छ?
■ ८ पास, ९, १०, Test पास वा फेल, S.L.C. फेल, उमेर वा जागिरले गर्दा S.L.C./+2 पास गर्न सक्नु भएको छैन ?
■ Math/Sci, Sent- up नदिई S.L.C. दिन चाहनुहुन्छ ?
■ १ वर्षमै S.L.C./+2 पास गर्न चाहनुहुन्छ ? Classes Running
प्राइभेट Test/S.L.C. मा ग्यारेण्टिका साथ निःशुल्क भर्ना खुल्यो
■ के तपाई कक्षा ९,१०, टेष्ट तथा S.L.C. फेल हुनु भएको छ ?
■ के तपाई कक्षा ८ पास गरी School जान सक्नु भएको छैन ?
■ के तपाई उमेरको कारण वा जागिरले गर्दा School गएर पढ्न सक्नु भएको छैन ?
होस्टलको व्यवस्था
२०६२ मा १००% S.L.C. पास र २०६३ मा १८ विद्यार्थी S.L.C. मा समिलीत गराउन सफल सम्भवत: नेपालको एकमात्र Academy
100% Pass
सिमित सिट मात्र
चाहनुहुन्छ भने विगत ७ वर्षदेखी लगातार कार्यरत यस Academy ले सञ्चालन गर्दै आएको NIOS (Delli Board) X र XII लगायत प्राइभेट Test/S.L.C. का कक्षा हरु अत्यन्तै अनुभवी तथा ख्याती प्राप्त शिक्षकहरु द्वारा अध्यापन गराइरहेको सहर्ष जानकारी गराउँदछौं।
विशेषताहरु:– भर्ना खुल्यो
■ घर वा अफिस मै पढेर पास गर्न सकिने
■ % ल्याई पास गर्न सजिलो ■ Faculty Change गर्न सकिने
■ किस्तामा जाँच दिन पाइने ■ जाँच Eng र Nep मा दिन पाइने
मात्र ५ विषय पढे पुग्ने
विश्वभरि मान्यता प्राप्त
Paragon Edu. Academy
Putalisadak, 4421390
MIT Chabahil, 4488993
■ Math,Sci/ Eng Tution Free ■ English Language Free
■ मनोवैज्ञानिक ढङ्गले पढाइने ■ S.L.C. Model अनुसार पढाइने
■ Eng र Nep भाषाबाट माध्यमबाट पढाइन्छ
■ विहान, दिउसो र राती कक्षाहरु ■ 100 % पास गराउन सफल
■ Weekly/Monthly, Terminal Exam लिइने।

## सानाकी गृहिणी

**गायनलाई बिर्सनु भयो ?**

बिर्सन चाहेर पनि सक्दिन। श्रीमान्ले यो संसारबाट बिदा लिए पछि स्टुडियोहरूतर्फ लागें र भ्याइन। व्यस्तता त बाध्यता नै बन्दो रहेछ।

**अहिले गायन क्षेत्र कस्तो पाउनुभएको छ ?**

हाम्रो पालामा गाएरै मात्र जीविकोपार्जन गर्न सकिँदैनथ्यो। त्यसैले केही न केही अन्य कार्य गर्नुपर्ने बाध्यता थियो तर अहिले साधना छ भने कुनै गाह्रो छैन।

**तपाईंले जीवनमा आफ्ना लागि के गर्नु भयो ?**

मलाई लाग्छ, हामीमध्ये धेरैले अर्काका लागि काम गर्दारहेछौं, आ□ना लागि कहिल्यै भ्याउँदैन रहेछौं र म आफू पनि आ□नो उन्नतिका लागि केही नगरेकै पाउँछु।

**तपाईं अभिनयतिर अहिले आएर किन लाग्नुभयो ?**



कविता आले वरिष्ठ लोकगायिका तथा आधा दर्जनभन्दा बढी टेलचिलचित्र एवं चलचित्रमा अभिनय क्षमता प्रदर्शन गरिसकेकी कलाकार हुन्। इलाम, फ्येतप्पामा २०१२ सालमा जन्मिएकी आलेको एक सोलो एल्बम तथा १६ वटा कलेक्सन एल्बम सार्वजनिक भैसकेका छन्। "हिकोला समूह" का पिताका रूपमा परिचित वरिष्ठ लोकगीत संकलक स्व. जेबी आलेसँग उनको विवाह पन्ध्र वर्षको उमेरमा भएको थियो। आलेले कक्षा दससम्मको अध्ययन गरेकी छिन्। आलेका दुई छोरा तथा दुई छोरी छन्, जसमध्ये गायक क्रान्ति आले उनका कान्छा छोरा हुन्।

पहिले क्यामेरा फेस गर्न लजाउने स्वभावले गर्दा सक्की थिइन। त्यसैले अफर आउँदा पनि गइनँ, अहिले बानी भयो।

**पहिलोपटक कसरी क्यामेरा फेस गर्नुभयो ?**

मलाई मगर भाषाको भिडियो चलचित्र 'लिसरा' मा पहिलेदेखि अभिनयका लागि भनिएको थियो तर अचानक एक दिन घरमै बसेका बेला क्यामेरा ल्याएर पत्र दिएपछि बाध्यतावश म चलायमान भएँ। अरू निर्देशकहरू पनि असल भएकाले र साथीहरूबाट पनि सहयोग प्राप्त भएकाले म अघि बढ्न सफल भएँ।

**लोकगीत कस्तो हुनुपर्छ ?**

जीवन्त, मानिसले जीवनमा भोगेका भोगाइका कुराहरूसँग मिल्दोजुल्दो, नेपाली जनजीवनको सम्मिश्रण भएको, राष्ट्र चिनाउने, साथै सन्देशमूलक पनि हुनुपर्छ।

**लोकगीत गाउन गाऱ्हो छ ?**

साँच्चै ठेट लोकगीत गाउने हो भने त गाऱ्हो छ। सानैदेखि सुनेको छ भने गाउन सम्भव छ। यसका साथै लोकगीत पहिले लय सुनेर मात्र गाउन सिकिने भएकाले पनि गाऱ्हो पर्छ।

**तपाईंले अहिलेका लोकगीतहरू कस्ता पाउनुभएको छ ?**

अहिले प्रतिभाशाली गाकिगायिकाहरू त आएका छन् तर धेरैजसो ह्वात्तै बाढीजस्तो गाएर, खहरेजस्तै सुक्ने गीतहरू पनि धेरै आएको देखेकी छु।

**तपाईंको विवाह कसरी भएको थियो ?**

मेरो पढ्ने ठूलो इच्छा भएकाले त्यति चाँडै विवाह गर्दिन भनेकी थिएँ तर त्यतिखेर छोरीको बोलवाला चल्दैनथ्यो र केटाकेटी देखादेख पनि हुँदैनथ्यो। हाम्रो बुबाको मध्यस्थतामा विवाहको निर्णय भएको थियो।

**छोरालाई गायन क्षेत्रमा तपाईंले नै लगाउनुभएको हो ?**

ऊ सानैदेखि गायनमा इच्छा राख्ने भएकाले प्रोत्साहन दिएकी हुँ।

**तपाईंले एकताका समाचारवाचन पनि गर्नुभएको थियो नि ?**

हो, मैले भाषाभाषीअन्तर्गत मगर भाषाको समाचार आ□नो टोन मिल्ने भएकाले सम्पादन एवं वाचनसम्मको कार्य गरेँ तर आठ महिनापछि पोखरा जानुपर्ने भएकाले निरन्तरता दिन सकिन।

**छोराछोरीहरू के गर्दैछन् ?**

सानो छोरा त गायनमै भैहाल्यो, ठूलो छोराले बुबाकै पेसालाई निरन्तरता दिँदैछ। छोरीहरू एउटी पूर्ण गृहिणी र अर्की शिक्षण पेसामा छिन्।

**सासू बन्दाको अनुभव कस्तो रह्यो ? बुहारी कस्ती पाउनुभयो ?**

त्यतिखेर मन चारतिर छरिएको हुन्छ, त्यसैले कुनै विशेष अनुभव त गर्न पाइन तर छोरालाई अनमाएर पठाउँदा अनायास नै आँसु झरेको थियो। छोरीहरू विवाह गरिसके पनि बुहारीले छोरीको अभाव पूरा गरेकी छिन्, मसँग आमाकै व्यवहार गर्छिन्।

**छोराको जन्ती पठाउँदा पनि आँसु झर्नु अलि अचम्मलाग्दो कुरा भएन र ?**

त्यतिखेर मेरो मनमा दुईवटा कुरा थिए- उसका बुबाको बुहारी भित्र्याउने ठूलो इच्छा थियो, तर त्यसबेला उहाँको अभाव थियो, अर्को छोरा विवाहपछि पराइ हुन्छ भन्ने कथनले मलाई पिरोलेको हुनसक्छ।

**अनि छोरी अन्माएर पठाउँदा तपाईंको अवस्था कस्तो थियो ?**

छोरीहरू पठाएपछि त झन् सम्झीसम्झी रुन मन लाग्ने हुँदोरहेछ। अझ मेरी कान्छी छोरी परिवारको शक्तिजस्तै थिई, उसले सबैसँग समान व्यवहार गर्ने र ऊ छे भने घरै उज्यालो छ जस्तो हुने भएकाले निकै शून्य लागेको थियो।

**उहाँको निधनपछि तपाईंले यो समाजको परम्परालाई कसरी तोड्ने संकल्प गर्नुभयो ?**


उहाँको निधनपछि सेतो साडी लगाएर हिँड्दा मलाई सधैं बोलाउने मानिसले समेत मुन्टो फर्काए। त्यसलाई मैले नकारात्मक रूपले त हेरिन, बरु मनमनै मन्थन गरें मैले रंगीन लुगा, टीका नलाए त अपहेलित हुने रहेंछु। त्यसैले मैले सिन्दुर र पोतेबाहेक अन्य चीज त मलाई मेरी आमाले विवाहअघि नै दिएको हो भनी लगाउने दृढ संकल्प गरेँ।

**जीवन कसरी जिउनुपर्छ ?**

मनलाई पीरहरूबाट हटाएर जीउने शैली परिवर्तन गर्नुपर्छ। आ□नो जिन्दगीको माया आफैंले गर्नुपर्छ।

**– संगीता कटुवाल**

## पारिवारिक स्वास्थ्य



राजेश राउत चार वर्षीय बालक हुन्। उनलाई एक्कासी खप्नै नसक्ने गरी टाउको दुखी ज्वरोसमेत आएकाले उनका पिताले वीरगन्जबाट राजधानी ल्याएका हुन्। रगतका विभिन्न परीक्षण तथा ढाडबाट निकालिएको पानी (सेरेब्रो स्पाइनल फ्लुड) परीक्षण गरेपछि उनलाई ब्याक्टेरियल मेनिन्जाइटिस भएको पत्ता लाग्यो।

**के हो मेनिन्जाइटिस ?**

हाम्रो मस्तिष्कलाई तीनवटा पातलो झिल्लीले ढाकेको हुन्छ। तिनै झिल्लिलाई मेनिन्ज भनिन्छ। मेनिन्ज र यसमा भएको तरल पदार्थले मस्तिष्कको सुरक्षा गर्न मद्दत गर्छ। मेनिन्जको संक्रमणलाई नै मेनिन्जाइटिस भनिन्छ। मेनिन्जको संक्रमण विभिन्न ब्याक्टेरिया, भाइरस, फन्जाइ तथा प्रोटोजोनले गर्न सक्छ। भाइरसले संक्रमण गरेको अवस्थामा भाइरल मेनिन्जाइटिस भनिन्छ।

भाइरल मेनिन्जाइटिस अन्य मेनिन्जाइटिसभन्दा बढी हुने गरेको पाइन्छ। इको, सेक्साकाइ, पोलियो, हरपेस, भाइसेला आदि भाइरसहरू भाइरल मेनिन्जाइटिसका कारण हुन सक्छन्। ब्याक्टेरियाले मेनिन्जमा संक्रमण गरेको अवस्थालाई ब्याक्टेरियल मेनिन्जाइटिस भनिन्छ। उमेरअनुसार संक्रमण गर्ने ब्याक्टेरिया पनि फरक-फरक हुन्छन्।

क्षयरोगका जीवाणुले पनि मेनिन्जाटिस गराउन सक्छ तर क्षयरोगका जीवाणु सामान्यतया खोप नलगाइएका शिशु तथा एड्सका रोगीहरूमा हुन्छन्।



डा. बालकृष्ण साह

**कसरी थाहा पाउने ?**

मेनिन्जाइटिस भएको शंका लक्षणबाटै गर्न सकिन्छ। टाउको दुख्नु, ज्वरो आउनु तथा घाँटी कडा हुनु अर्थात् चिउडोले छाती छुन गाह्रो हुनु यो रोगका प्रमुख लक्षण हुन्। यस बाहेक बान्ता हुनु, उज्यालोमा गाह्रो हुनु, उदास हुनु, स्मरण शक्ति कमजोर हुनु तथा बेहोस हुनु पनि यो रोगको लक्षण हुनसक्छ। यी लक्षणहरू मेनिन्जलाई संक्रमण गर्ने जीवाणु अनुसार केही फरक हुन सक्छन् तर मेनिन्जाइटिस नै भएको हो भन्ने ठोकुवा गर्न मेनिन्जमा रहेको तरल पदार्थ र सेरेब्रो स्पाइनल फ्लुड) परीक्षण गर्नुपर्छ। यसबाट संक्रमण गर्ने जीवाणु पनि पत्ता लगाउन सकिने भएकाले उपचार गर्न पनि सजिलो हुन्छ।

**उपचार कसरी गर्ने**

रोगीको मृत्यु समेत हुन सक्ने भएकाले मेनिन्जाइटिसलाई खतरनाक रोगका रूपमा लिइन्छ। भाइरल मेनिन्जाइटिस धेरै खतरनाक हुँदैन। यसको विशेष उपचार नभएर बिरामीको पीडा कम गर्ने उपचार मात्र सम्भव हुन्छ तर ब्याक्टेरियल मेनिन्जाइटिसले तुरुन्त बिरामीको ज्यानसमेत लिन सक्छ। त्यसैले तुरुन्तै एन्टिबायोटिक दिनुपर्छ। त्यस्तै क्षयरोगका जीवाणुले संक्रमण गरेको अवस्थामा रोगले विस्तारै भयानक रूप लिन सक्ने भएकाले क्षयरोग विरुद्धको उपचार गर्नुपर्छ। त्यसबाहेक स्टेरोइड पनि दिनुपर्ने हुनसक्छ।

जुनसुकै किसिमको मेनिन्जाइटिसले पनि भयानक रूप लिन समय लाग्दैन। त्यसैले मेनिन्जाइटिसका रोगीलाई सामान्यतया अस्पतालमा भर्ना गरेर उपचार गरिन्छ। त्यसैले आफूलाई मेनिन्जाइटिस भएको शंका हुनेबित्तिकै अस्पताल वा स्वास्थ्य केन्द्रमा गएर उचित परीक्षण तथा उपचार गराइहाल्नुपर्छ।

## परिकार

### ग्रीन पिस पुलाउ


**सामग्री :**

५ सय ग्राम राइस (फरर्र हुने गरी पकाएको भात), २ सय ग्राम हरियो केराउ (उसिनेको), ५० ग्राम घिउ, १० ग्राम लसुन मसिनो गरी काटेको, २० ग्राम प्याज मसिनो गरी काटेको, नुन स्वादअनुसार, जिरा तथा धनियाँको धूलो आवश्यकताअनुसार, १ सानो चम्चा हरियो धनियाँ काटेको, १० ग्राम गरम मसला, ल्वाङ, दालचिनी, सुकमेल तथा तेजपात।

**विधि :**

पहिले एउटा फ्राई प्यानमा घिउ तताउने, त्यसमा गरम मसला फुराउने र लसुन भुट्ने, त्यसपछि प्याज हालेर १ मिनेटजति फेरि भुट्ने। त्यसमा हरियो केराउ, नुन, मसला हाली चलाउने। त्यसपछि भात हालेर एकछिन भुट्ने, फेरि हरियो धनियाँ हाली चलाएर निकालेपछि ग्रीन पिस पुलाउ खानका लागि तयार हुन्छ।

## जानकारी



• आधा चम्चा कागतीको रसमा एक चम्चा मह मिसाई अनुहारमा लगाएर आधा घण्टापछि धुँदा छालामा कान्ति आउनुका साथै डन्डिफोर पनि हटेर जान्छ।

• पिसाब नखुले, कब्जियत भए वा कफ भए गोलभेंडाको रस पिउँदा आराम हुन्छ।

• हातगोडाको छाला फुस्रो भए सातामा २-३ पल्ट गोलभेंडाको रस र मह मिलाई लगाए छाला मुलायम हुन्छ।

• सुत्केरी महिला थुनेलो भए पिपलादी घोटेर लगाउनुका साथै पिपलादीको धूलो मह वा दूधसित सेवन गर्नुपर्छ।

• अपच भए वा खाना नरुचे मेथीको सागको सुप बनाई खाए आराम हुन्छ।

• चामलमा कीरा लागे चामल राख्ने भाँडोमा नुनको धूलो छर्किंदा कीरा लाग्दैन।

• दाँत दुख्दा वा गिजा वरपर घाउ भै पाकेको छ भने कोइरालाको बोक्रा पानीमा पकाई कुल्ला गर्दा आराम हुन्छ।

• भटामिन 'ई' को क्याप्सुललाई खोलेर भित्रबाट त्यसको पाउडर झिक्ने। उक्त पाउडरमा मह र अन्डाको सेतो भागलाई मिसाउने, अब यो लेदोलाई आँखा वरिपरि कालो घेरा भएको ठाउँमा लगाउने। एकछिनपछि पानीले पखाल्ने। यो उपाय आँखाको कालो घेरा नहटुन्जेल अवलम्बन गरिरहने।

**–शारदा भुजेल**



# फेसनेवल छन् आधुनिक गृहिणी

**संगीता कटुवाल**

केही वर्षअघिसम्म बूढानीलकण्ठकी सानुमैया केसीको दिनचर्या पूजापाठ, भान्सा र घरको सरसफाइमै बित्थ्यो। उनलाई गाजल र टीका बाहेक अन्य सौन्दर्य प्रसाधनका बारेमा थाहा थिएन। गृहिणीको पहिरन भनेकै फरिया-चोली हो जस्तो लाग्थ्यो अनि केश सधैं धागोले नै बाँध्नुपर्छ र कुनै सौन्दर्य उपचार गरे अनुहार बिग्रन्छ भन्ने भ्रम पनि थियो, तर विस्तारै उनको ध्यान सौन्दर्यसम्बन्धी पुस्तक, पत्रपत्रिका, टेलिसिरियल एवं कार्यक्रमहरूतर्फ जान थाल्यो र घरछेउँमै पार्लरहरू खुल्न थाले।

त्यहाँ एकपटक मात्र थ्रेडिङ र फेसियल गर्दा उनले आफ्नो रूपमा ठूलो परिवर्तन पाइन्। त्यसपछि उनलाई अनुहार मात्र राम्रो भएर हुँदैन, पहिरनमा पनि विशेष ध्यान दिनुपर्छ जस्तो लाग्यो। उमेर, शारीरिक बनावट, मौसम तथा प्रयोजन सुहाउँदो पहिरन लगाउनुपर्छ भन्ने चेतना उनमा जाग्यो। यसरी उनी मात्र होइन आजभोलिका हरेक गृहिणीमा घरसँगै आफूले आफैलाई माया गर्नुपर्छ भन्ने सचेतता बढेको छ।

महिलाहरूको फेसनमा टेलिभिजन सिरियलहरूको प्रभाव चर्को छ। उनीहरू प्रेरणाको साडी, कोमोलिकाको टीका, कसिसको कुर्ता-सुरुवाल, पार्वतीको गहना आदिबाट प्रभावित छन्। दिनभरि त्यही हेर्‍यो र फोनबाटै त्यस्तै सामान अर्डर गर्‍यो। यसबाहेक प्रायः टेलर-पार्लर जाने महिलाहरू अचेल राम्रा बुटिक र ब्युटिहोमतिर देखिन्छन्। विदेशमा सपिङ जानु यसकै उपज हो। यस्ता महिलाहरूमा गृहणीकै बाहुल्य छ। एउटीले लगाएका नयाँ डिजाइनका पहिरनदेखि सौन्दर्य प्रसाधनसम्म के कसो भनी सोधीखोजी गरेर होस् अथवा एक-अर्काको देखासिकी गरेर उनीहरू फेसनसँग नजिक हुन चाहन्छन्।

एकान्तकुनाकी मीना महर्जनको परिवार ठूलो भएकाले पनि उनको घरमा सधैं पार्टीहरू हुन्छन्। पाहुनाहरूका अगाडि श्रीमतीलाई चिनाउँदा उनका श्रीमान्लाई गिल्टी फिल हुन्थ्यो तर जब उनले लगाएका पहिरन आकर्षकका साथै उनी फिट पनि देखिन थालिन् श्रीमान्लाई अचेल उनलाई चिनाउँदा गौरव महसुस हुन्छ। गृहिणीको व्यक्तित्व भनेकै घरको गहना हो। जसरी मीठो खाना बनाउन हरेक किसिमका मरमसला प्रयोग हुन्छ, आकर्षणका निम्ति बेला-बेलामा बगैंचा तथा आन्तरिक सजावटमा परिवर्तन हुन्छ त्यस्तै घरको अवस्था अनुसार आफू पनि फेसनेबल भएर हिंड्नुपर्छ भन्ने धारणा अहिले विकसित भैसकेको छ। त्यसैले पनि महर्जन कहीं जानुपर्दा समेत साडी सुहाउँदो टीका प्रयोग गर्छिन्।

गृहिणीहरूमा धन-सम्पत्ति भनेको बचाउनुपर्छ, जग्गा-जमिन, गर-गहना जोड्नुपर्छ छोरा-नातिका लागि जोहो गर्नुपर्छ भन्ने मानसिकतामा कमी आउँदै गएको छ। पार्टी ट्रेन्डले गृहिणीहरूको फेसनमा हलचल ल्याएको छ। बढ्दो सौन्दर्य मोहसँगै ट्याम्पु चढेर ब्युटिपार्लर जानुपर्ने बाध्यता अहिले छैन। घरबाट ओर्लनासाथ गल्लीपिच्छे छ्यापछ्याप्ती पार्लर भेटिन्छन्। यसबाहेक घर-घरमा प्याकेज सर्भिस पनि उपलब्ध छन्। बुटिक संस्कृतिको विकाससँगै नयाँ डिजाइनमा फ्युजन स्टाइलिस पहिरन, टिनएर्जसदेखि चालीस कटेका सम्मलाई जतातत‌ै उपलब्ध छन्।

यसै गरी श्रीमान्मात्र कति ह्याङ आउट हुने दिउँसोकै समयमा सही हप्तामा एक दिन त ह्याङ आउट गरौं भन्ने भावना क्रमिक रूपमा विकसित हुँदैछ। भैंसेपाटीकी ३२ वर्षीया ज्योति पराजुली पूर्ण गृहिणी हुन्। हप्ताको एक-दुई दिन उनी श्रीमान्सँगै बिहान निस्किन्छन्। उनको ह्याङिग आउट जङ्कसन कुपण्डोलको तरुकिज क्रियसन र एन्जल बुटिक हो। पराजुली भन्छिन्- त्यहाँ हरेक किसिमका मानिस भेटिन्छन्। यस्ता भेटघाट अनि अन्तर्क्रियाले एक-अर्कासँग क्लोज पनि भइन्छ। राम्रो लगाउन सबैलाई मन लाग्छ, तर म सधैं भिन्न लुक चाहन्छु। पहिले बजारमा गएर छ्यासमिस लुगा किन्थें तर एक-दुई दिनमा त्यो छ्यापछ्याप्ती सबैले लगाएको देखिने, त्यसैले विगत ५ वर्षदेखि बाहिर किन्न छाडिसकें।

बुटिकमा चलनचल्ती अनुरूप आफूलाई सुहाउँदो पहिरन पाइन्छ। घरमै बसेर चलचित्र, टेलिचलचित्र हेरेर डिजाइन सेट गर्छु र डिजाइनरहरूको सल्लाह अनुसार पहिरन चयन गर्छु। साडी र कुर्ताको प्रयोग प्रायगरी विवाह पार्टीहरूमा सीमित रहेको बताउने पराजुलीलाई साधारण पेन्ट र वर्क गरिएको टिसर्ट ज्यादै मनपर्छ। क्रिम लोरियल ब्रान्डकै चाहिन्छ। लिपिस्टिकको सन्दर्भमा उनी भन्छिन्- एउटै लगाउँछु तर ४-५ सय घटीको किन्दिन। पराजुली टिसर्टका लागि १६ सयदेखि २५ सयसम्म र कुर्ता-सुरुवालका लागि ६ हजारसम्म खर्च गर्छिन्। एउटा पहिरन एक वर्षभन्दा बढी नलगाएको बताउने पराजुली ब्याग र जुत्ताको म्याचिङमा पनि उत्तिकै ध्यान दिन्छिन्।

पहिरनको रङ्गअनुरूप सानो टप र १० वटा रङ्गका जुत्ता छन् उनीसँग तर ब्याग भने कालो नै किन्छिन्, यद्यपि त्यसमा फरक-फरक डिजाइन खोज्छिन्। आफ्नोमात्र होइन छोराछोरीको कपडा सधैं एउटै ठाउँबाट किन्छिन्। त्यस्तै श्रीमान्लाई पनि के सुट गर्छ-गर्दैन हेर्छिन्। पराजुली भन्छिन्– फलानीका श्रीमान् हेरेर पनि केही सिक्नुहोस् भन्दै हेयरकट, सेभिङमा विशेष ध्यान दिन भन्छु। उनी श्रीमान्लाई कहिलेकाहीं क्याजुअल लुकका लागि हाफ पाइन्ट, टिर्सट, क्याप लगाउन लगाउँछिन्। क्याप गृहिणीहरूले श्रीमान्लाई किनदिने सामानमध्येमा एक नम्बरमा रहेको पशुपति प्लाजाका क्याप व्यापारी किरण श्रेष्ठ बताउँछन्। जिरे खुर्सानीकी कलाकार अञ्जु महर्जन द्वन्द्व निर्देशक आफ्ना श्रीमान् कुमार श्रेष्ठका लागि धेरैजसो क्याप नै किनिदिन्छिन्।

बजार जाँदा सबैभन्दा पहिले उनको आँखा क्यापमै पर्छ। महर्जन भन्छिन्- श्रीमान्लाई मैले सबैभन्दा धेरै किनिदिएको वस्तु क्याप नै होला। त्यस्तै ज्योति पराजुली अफिस वेयरका लागि कालो पाइन्ट लगाउँदा कम्तीमा लाइनिङ्ग मिल्ने टाइसम्म खरिद गर्छिन्। उनी महिनामा सरदर २ देखि ८ हजारसम्म फेसनमा खर्च गर्छिन्। फेसन डिजाइनर तरुणिका महतो गृहिणीहरू बजेटका हिसाबले फेसन गर्ने अनुभव सुनाउँछिन्।

पहिले जस्तो गृहिणीको केश लामो नै हुनुपर्छ, यो नारीको गहना हो भन्ने भनाइ अहिले परिस्कृत भैसकेको छ। काम गर्न सजिलो, चाँडै सफा गर्न सकिने, हेर्दा छरितो देखिने हेयर स्टाइलप्रति गृहिणीहरू आकर्षित रहेको वरिष्ठ ब्युटिसियन विना वैद्य बताउँछिन्। उनको पार्लरमा महिनैपिच्छे हेयर कटिङमा आउने महिलामध्ये गृहिणीको सङ्ख्या धेरै छ। कीर्तिपुर निवासी ४७ वर्षीया सकुन्तला ओलीका श्रीमान्लाई छोटो केश मनपर्ने हुँदा उनले आफ्नो लामो केशमा कर्ली वेभी गरेकी छिन्।

छोटो कपालको विकल्पमा उनले यस्तो गरेकी हुन्। ओली सामान्य गृहिणीसँगै मिसटिन खुस्बु ओलीकी आमा पनि हुन्। पन्ध्र दिनमा थेडिङ्ग र मासिक रूपमा फेसियल, पेडिक्योर, मेनिक्योरका लागि सैलुन पुग्ने ओली लिभेन्नी तथा लोरियल ब्रान्डका क्रिम र रेभलोनका लिपस्टिक मन पराउँछिन्। विशेषगरी म्याचिङ ड्रेस प्रिफर गर्ने ओली नीलो र पिङ्क रंगकी पारखी हुन्। छोरीकै कारण उनी बुटिक पुग्छिन्।

साधारण कुर्ता-सुरुवाल प्रयोग गर्न मन पराउने ओली स्लिपलेस ब्लाउज नै लगाउँछिन्। शकुन्तला भन्छिन्- सजिलो लाग्छ। बहिनी तथा साथीभाइहरूले सुहाउँछ भन्छन्। पेन्टको प्रयोगलाई श्रीमान्सँगको विदेश भ्रमणमा सीमित राखेकी शकुन्तलाका श्रीमान् पनि उनकै इच्छाका पहिरन लगाउँछन्।

शकुन्तलाकी छिमेकी लक्ष्मी लामिछानेलाई देख्दा जो कोही पनि अचम्भित हुन्छन्। ४८ वर्षमा पनि उनको हेर्दा चिटिक्क परेको तन्किएको अनुहार छ। घरेलु उपाय प्रयोग गर्दै अनुहारका लागि फलफूलको नियमित सेवन, खानामा सन्तुलन, तनावमुक्त रहनु, योग अभ्यास गर्नु, पार्लर जानु नै उनको सौन्दर्यको रहस्य हो। उनी सबै कुरामा म्याचिङ नै खोज्छिन्। कारण उनी गृहिणीसँगै नेपाल अर्बुद रोग निवारण संस्थाकी अध्यक्ष पनि हुन्।

उनी तडकभडक नभएका साधारण पहिरनमा सभा-समारोहमा सामाजिक किसिमले जान्छिन्। आक्कल झुक्कलमात्र कुर्ता-सुरुवाल प्रयोग गर्ने लामिछानेका लागि तीन वर्षयताको प्रिय पहिरन नै कुर्ता-सुरुवाल बनेको छ। उनी सबैभन्दा धेरै नेल पोलिस प्रयोग गर्छिन्। घरबाहिर निस्कँदा उनको नेल पोलिस परिवर्तन भएकै हुन्छ। घरबाहिर प्रायः गरी लिपिस्टिकमै भेटिन्छिन्।

चक्रपथ, बाँसबारीस्थित कमिक बुटिककी सञ्चालिका सुलोचना गौतमको फर्मल वेयरले एकाइसौं शताब्दीका महिलाहरूको प्रतिनिधित्व गर्छ। ३५ वर्षीया गौतम प्रायगरी पेन्ट-सटमै देखिन्छिन्। उनको पहिरन उमेर ढल्कँदैमा, विवाह गर्दैमा साडीको सप्कोमा बेरिनु नपर्ने महिला स्वतन्त्रताको एक प्रयास हो। गौतम विशेष प्रयोजनका लागि भने साडी नै रोज्छिन्। ११ वर्षअघि विवाह नहुँदा म टम ब्वाइ टाइपकै थिएँ। बच्चाहरू भएर मोटाएपछि पेट बढेकाले लगाउन छाडें।

गौतम भन्छिन्– 'अहिले त छोराछोरी हुर्किसकेका र फिट हुने साइज पाइन्छ भने चाहनालाई किन मार्ने भनेर नयाँ पहिरनप्रति आकर्षित भएकी हुँ।' गौतम बजारकै पेन्ट प्रयोग गरे पनि टिसर्ट आफ्नै बुटिकको लगाउँछिन्। उनी कोरियन किङ्गसवे ब्रान्डका जुत्ता प्रयोग गर्छिन्। जिन्सकी सौखिन गौतम विशेषगरी जिन्सका जुत्ता किनिहाल्छिन्। गौतम भन्छिन्- 'जिन्सका जुत्ताहरूप्रति म असाध्यै क्रेजी छु। उनको यो रुचि श्रीमान्सँग मेल खाने हुँदा बजार जाँदा दुवै जिन्स किन्छिन्। बुटिकका लागि सामान निर्यात गर्ने हुँदा फेसनको स्वाद आफै चाख्छिन्। उनी कुल आम्दानीको बीस प्रतिशत त आफ्नै लागि खर्च गर्छिन्।

**परिवर्तित हुँदैछन् महिलाहरू**

राजधानीको एक प्रतिष्ठित बैंकमा कार्यरत न्युरोडकी सिर्जना श्रेष्ठ शुक्रबार आयो कि ह्याङ आउट हुन आतुर हुन्छिन्। उनलाई शुक्रबार आयो कि असाध्यै खुसी लाग्छ किनकि उनी कम्प्लिट फ्रिक हुन्छिन्। अन्य दिन साडी तथा कुर्ता-सुरुवालमा देखिने सिर्जना त्यस दिन जिन्स पेन्टमा डिस्को पुग्छिन्। त्यो पनि आफूलाई मनपर्ने ड्रिङ्क्स स्वाद लिंदै मन खोलेर पिउँछिन्। ककटेल र मकटेलको चुस्कीसँगै उनीहरूको गाडी नाच्नैका लागि लजिम्पाट पुग्छ। यतिबेलासम्म रातको दुई बजिसकेको हुन्छ र ल्याटिनो क्वाटर क्यासिनोमा गई एकछिन तास खेली घर पुग्दा बिहानको चार बजिसकेको हुन्छ।

प्रायः हप्ताभरि काममा जुध्ने महिलाहरू रमाइलो तथा फ्रेस हुनका लागि त्यसो गर्छन्। यो उनीहरूको दिनचर्याको एउटा पाटो सरह भएको छ। उनीहरू भन्छन्- आफ्ना कारणले घरको वातावरण धमिल्याउने काम हामीले गरेका छैनौं। सबैतिर सन्तुलन मिलाई रमाइलो गर्छौं। यसलाई उनीहरू जीवनशैलीमा आएको समय सुहाउँदो परिवर्तन मान्छन्। हामी जुनसुकै वर्गका महिलालाई यो वातावरणले जकडेको छ। हामी महिलाहरू घरमा मात्र किन सीमित हुनुपर्ने ? कामअनुसारको रमाइलो पनि गर्नुपर्छ भने समयको मागअनुरूप आफूलाई ढाल्नुपर्छ। विशेषगरी म डान्सपार्टीमा, विवाह एनिभर्सरी, बर्थडे पार्टी आदि मन पराउँछु- ललितपुरकी निर्जला राउतले बताइन्।

१७ देखि ४५ वर्षसम्मका महिलाहरूले सालाखाला महिनामा पाँच हजारसम्म फेसनकै लागि खर्च गर्छन्। यसबाहेक साथीहरू जमघट हुने, तास, खेल्ने, नयाँ ड्रिंक्स टेष्ट गर्ने, किटी पार्टीको परिपाटी पनि बसेको छ। कलंकीकी रिचा रिजाल यसलाई सञ्चार माध्यम, विदेश भ्रमणका क्रममा देखेको रात्री जीवनको मनोरञ्जन लिनुपर्छ भन्ने सोचाइ एवं पश्चिमेली सभ्यताको सिको मान्छिन्। महाराजगन्जकी कञ्चन श्रेष्ठ सुरु-सुरुमा त छोरी डान्सपार्टी गएकोमा गाली गर्थिन् तर छोरीसँग आफू एकपटक डान्सपार्टी जाँदा निकै रिफ्रेस भएको महसुस गरिन् उनले। त्यसपछि उनले छोरीलाई गाली गर्न छाडिन्। बरु बेला-मौकामा छोरीसँगै उनी पनि डिस्को पुग्छिन्। कहिलेकाहीं किटी पार्टी आयोजना गर्छिन्। अब त घरमा डान्सपार्टीको आयोजना तथा ड्रिंक्सको नाम थाहा पाउनु उनलाई विलासिता नभई स्टेटस सिम्बोल हो जस्तो लाग्छ।

**फिटनेसको चाहना**

कुलेश्वरकी शर्मिला रिजाललाई बिहान टेलिभिजनमा छरितो पहिरनमा व्यायाम गरेको देख्दा त्यहीं गएर विधिपूर्वक व्यायाम गर्ने रहर लाग्थ्यो। आजभोलि उनको त्यो रहर पूरा भएको छ। रिजाल बिहानै ट्याम-टिसर्ट, टाउकोमा ब्याड अनि काँधमा रुमाल हाली साढे पाँच बजे नै स्पार्क हेल्थ होम पुग्छिन्। कहिले एरोबिक्स त कहिले साइक्लिङ गरेर शरीरलाई सन्तुलनमा राखेकी छिन् उनले। अचेल जसले पनि उनको यस्तो शरीरको रहस्य सोद्धा आफ्नो कथा यसरी नै सुनाउँछिन्।

अचेल स्वस्थ रहन सहरी महिलाहरू फिटनेस सेन्टरहरू धाउन थालेका छन्। पहिले पुरुषहरूले समेत व्यायाम गरेको विरलै सुनिन्थ्यो। अहिले महिलाहरूले मर्निङ वाकदेखि स्पासम्म गरेको देखिन्छ। सानेपाकी मेनुका बुढाथोकीको वजन ८० किलो थियो। साडी लगाएर व्यायाम गर्न उनलाई असाध्यै गाह्रो हुन्थ्यो। कति पटक त उनी हाँसोको पात्रसमेत बनिन्। हेल्थ होम गएपछि उनलाई हल्का महसुस भयो। मेनुका भन्छिन्- व्यायाम उनको नित्य कर्मझैं बनेको छ। स्लिम-ट्रिम रहने चाहनाले गर्दा नै १७ देखि ६० वर्षसम्मका महिलाहरू व्यायाममा संलग्न रहने गरेको स्पार्क हेल्थ होमका प्रशिक्षक हरिशरण रिजाल बताउँछन्।

एक वर्षयता मोटोपन, सुगर जस्ता रोगबाट ग्रसित ४० वर्षीया मोहनी श्रेष्ठले जब व्यायाम गर्न थालिन् भोजन, पानीको सन्तुलनले उनमा कुनै रोग छैन। सुरुमा ब्लडप्रेसर तथा सुगरसम्मको समस्या थियो। श्रेष्ठ भन्छिन्- 'मलाई अब कुनै रोगले च्याप्न सक्दैन। किनकि मैले व्यायामलाई आ□नो नित्यकर्ममा सामेल गरिसकेकी छु।'

## मध्यपृष्ठ सुन्दरीहरू

**पृष्ठ ११ बाट जारी**

पोस्टरमा देखेपछि मैले घरभेटी बामा अभिनय गर्नका लागि एप्रोच गरेकाले पनि सबैभन्दा बढी यमुना उप्रेतीको पोस्टरको सम्झना छ। त्यसबाहेक पूजा लामाको पोस्टर पनि राम्रो थियो।

**–नवराज आचार्य (भिजे/टेलि निर्देशक)**

पोस्टर त सधैं हेर्छु, तर अहिले तपाईंले सोध्नेबित्तिकै सम्झन गाह्रो पर्‍यो। को-को थिए भन्नुस् त, याद भैहाल्छ कि ? अँ..पूर्णिमा गुरुङ मिस हङ्कङको तस्बिर सोभर र बेस्ट लागेको थियो। त्यसपछि पूजा लामाको पनि ठीकै थियो।

**–निमा रुम्बा (गायक)**

साप्ताहिकको टिसर्ट लगाएका पोखराका मोडलहरूको पोस्टर सम्झना छ। त्यसपछि यमुना उप्रेतीको तस्बिर पनि राम्रो लागेको थियो। उनी फोटोजेनिक छिन्। विजया राईको तस्बिरमा कताकता विपाशा वसुको झलक पाएँ, तर सबैभन्दा बेस्ट पूजानाको थियो। उक्त पोस्टरमा सबै कुरा मिलेको थियो।

**–नारायण पुरी (चलचित्र निर्देशक)**

पूजा लामाको राम्रो लागेको थियो। अरुणिमा लम्सालको पनि बेस्ट थियो। अहिले त नराम्रालाई पनि राम्रा बनाउन सकिन्छ क्यार □ त्यसैले पनि प्रायः सबै राम्रा थिए। पूजानाको पोस्टर अलिक ग्ल्यामरस थियो। त्यसपछि नै उनको ग्ल्यामरको चर्चा हुन थालेको छ।

**–जितु नेपाल (हास्यकलाकार)**

अरूले जस्तै साप्ताहिकमा सबैभन्दा पहिले म पनि पोस्टर नै हेर्छु। गएको वर्ष प्रकाशित पोस्टरमध्ये अरुणिमाको तस्बिर राम्रो लागेको थियो, त्यो सबै प्रकारले बेस्ट थियो। अनि रेजिनाको र्‍यापर लगाएको तस्बिर पनि राम्रै थियो।

**–आलोक नेम्वाङ (म्युजिक भिडियो निर्देशक)**

मेरो आफ्नै पोस्टर राम्रो थियो नि हा..हा..हा। एकचोटि भन्नुस् त क-कसको छापिएको थियो ? अँ.. पूजाना, सोनु, एलि अनि.....पूर्णिमा र विजयाको राम्रो थियो।

**–अनिल सिंह (गायक)**

मैले झट्ट सम्झँदा पूजानाको राम्रो थियो। पूर्णिमा र अरुणिमाको सोभर थियो। अरू को-को थिए रे ? अँ...विजया राई र सोनु खड्का पनि आकर्षक देखिएका थिए।

**–अनुप सक्सेना (कोरियोग्राफर/इभेन्ट म्यानेजर)**



# खेलाडी र फेसन

जतिसुकै फेसनेबल पोसाक लगाए पनि त्यसका लागि शरीर स्वस्थ हुनुपर्छ। शरीर स्वस्थ छैन भने फेसनेबल पोसाकले मात्र कसैलाई प्रभाव पार्दैन। यदि स्वस्थ भएर पनि फेसनेवल हुनुहुन्न भने पनि कसैलाई आकर्षित गर्न सकिँदैन। फेसन र शारीरिक सुन्दरताको यो सम्मिश्रणमा खेलकुदले सधैं महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ। यो कुराको पुष्टि मर्निङ वाक र जगिङ वा कुनै जिममा ट्र्याक सुट, टिसर्ट, स्पोर्ट्स शु लगाएर अभ्यास गरिरहेका मानिसहरूको भीडले गरिरहेको छ। आजभोलिका युवाहरू खेलकुदमा प्रत्यक्ष संलग्न भए पनि वा नभए पनि आफूलाई छरितो देखाउन टिसर्ट (जर्सी), स्पोर्ट्स शुमा देखिन्छन्। युवापुस्ताको टिसर्ट वा स्पोर्ट्स शु मोहको मूल कारण भनेकै अहिले विश्वव्यापी रूपमा देखा परेको स्पोर्ट्स फेसन नेपालमा पनि समान रूपमा लोकप्रिय हुनु हो।



खेलकुदसँग सम्बन्धित फेसन अँगाल्नेहरू आफूलाई छरितो र फुर्तिलो भएको अनुभव गर्छन्। अहिलेका अधिकांश युवा स्पोर्ट्स शु र कुनै ब्रान्डको टिसर्टतर्फ नै आकर्षित भैरहेको पाइन्छ। नेपालमा स्पोर्ट्स फेसन जति लोकप्रिय छ त्यसको तुलनामा स्पोर्ट्स फेसनसँग सम्बन्धित आउटलेटहरूको अभाव सजिलै अनुभव गर्न सकिन्छ, तर पनि फेसनको नेपाली बजारमा खेलकुदसँग सम्बन्धित फेसन सामग्रीहरूले आफ्नो व्यापार र लोकप्रियता बढाउन अहिले सक्दो प्रयास गरिरहेका छन्।

अहिले नेपाली बजारमा एडिडास, नाइकी, रिबोक, नर्थ फेसजस्ता विश्वमै लोकप्रिय स्पोर्ट्स ब्रान्डले आफ्नो आधिकारिक उपस्थिति जनाइसकेका छन्। नेपालमा बढेको स्पोर्ट्स फेसनका कारण ती विश्वव्यापी ब्रान्डले नेपालमा क्रमशः आफ्नो बजार विस्तारको सम्भावनाहरू खोजी गरिरहेको सम्बन्धित व्यापारीहरू बताउँछन्। ती व्यापारीहरूको अनुभवमा नेपालमा ती ब्रान्डका पोसाकहरू लोकप्रिय भए पनि ब्रान्डेड पोसाकको मूल्य तुलनात्मक रुपमा बढी भएका कारण कतिपय नेपालीले चाहेर पनि त्यस्ता ब्रान्डेड स्पोर्ट्स फेसनलाई सरलताका साथ अँगाल्न सकेका छैनन्। स्पोर्ट्स वेयरको विश्वव्यापी बजारमा सर्वाधिक लोकप्रिय मानिने एडिडासका नेपाल बिक्री प्रतिनिधि राजीव श्रेष्ठ भन्छन्- 'इन्टरनेसनल ब्रान्ड भएका कारण एडिडासका उत्पादनहरू अन्य उत्पादनको तुलनामा महँगा छन्, तर हाम्रो ब्रान्डनेम प्रयोग गरेर अन्य कम्पनीहरूले उत्पादन गरेका सामग्रीहरू सस्तो भएका कारण प्रयोगकर्ताहरू त्यतैतिर बढी आकर्षित छन्।





ब्रान्डेड पोसाक र अन्य पोसाकको अनुभव सुनाउँदै नेपाली फुटबलका पूर्व कप्तान उपेन्द्रमान सिंह भन्छन्- ब्रान्डेड पोसाकले त्यत्तिकै आफ्नो मूल्य बढी राखेको होइन ? यस्ता पोसाकको गुणस्तर राम्रो हुन्छ भने लगाउँदा प्रयोगकर्तालाई पनि निकै सजिलो हुन्छ। कुनै राम्रो ब्रान्डेड कम्पनीको पहिरन



लगाउँदा खेल्न सजिलो अनुभव हुन्छ। त्यस्ता ब्रान्डेड पोसाकहरू शरीरबाट निस्कने पसिनालाई राम्रोसँग सोसेर शरीरको गन्धलाई नियन्त्रण गर्न पनि सक्षम हुन्छन्, तर राम्रो ब्रान्डमा अरू कम्पनीले उत्पादन गरेको पोसाक भने बनावट नमिलेको, कच्चा सिलाइ भएको, लगाउँदा असजिलो हुने तथा पसिना नसोसेर दुर्गन्धित हुने अनुभव उपेन्द्रको छ।

ब्रान्डेड कम्पनीका स्पोर्ट्स वेयरहरू महँगा भए पनि निर्माता कम्पनीका नेपाली प्रतिनिधिहरूले नेपाली खेलाडीहरूलाई प्रयोगमा ल्याएर त्यस्ता पोसाकप्रति सर्वसाधारणको आकर्षण बढाउने प्रयास गर्छन्। अहिले नेपालमा एडिडास, रिबोक तथा नाइकी कम्पनीले बेला-बेलामा नेपाली खेलाडीहरूलाई पोसाक सौजन्य गर्ने गरेका छन्, एडिडासका राजीव श्रेष्ठ भन्छन्- 'हामीले फुटबल, बास्केटबल, एथलेटिक्स, बक्सिङ, तेक्वान्दोजस्ता लोकप्रिय खेलसँग सम्बन्धित खेलाडीहरूलाई केही प्रमुख प्रतियोगिताका समयमा पोसाक प्रायोजन गरेर आफ्नो उत्पादनप्रति सर्वसाधारणको ध्यान केन्द्रित गर्ने प्रयास गरेका छौं। गुणस्तरीय ब्रान्डप्रति खेलाडीहरू सजग भए पनि उनीहरू त्यस्ता ब्रान्डेड पोसाक आफ्नै खर्चमा किन्न चाहँदैनन्। यसको मुख्य कारण नेपाली खेलाडीहरूको नियमित र बलियो आयस्रोत नहुनु नै हो। त्यसैले हामीले आफ्ना उत्पादनहरू त्यस्ता खेलाडीहरूलाई संस्थागत रूपमा सहुलियत दरमा बिक्री गरेका हौं।'

अधिकांश खेलाडीको आकर्षण स्पोर्ट्स पोसाकमै हुने गरेको छ। उपेन्द्रमान् सिंह भन्छन्- 'खेलाडीहरू आफूलाई छरितो देखाउन चाहन्छन्। यसका लागि उनीहरूको पहिलो रोजाइ ट्र्याक सुट, टिसर्ट र स्पोर्ट्स शु नै हुन्छ। यद्यपि जिन्सप्रति पनि उनीहरूको आकर्षण बढ्दै गएको मैले अनुभव गरेको छु। यसबाहेक कुनै अनौपचारिक कार्यक्रममा संलग्न हुँदा खेलाडीहरू पार्टी वेयरमा पनि देखिने गरेका छन्।

कोरियोग्राफर अनिता सिंहको अनुभवमा नेपाली खेलाडीहरू औपचारिक पोसाक लगाउन कमै रुचाउँछन्। नेपाली खेलाडीहरूलाई पहिलो पटक र्‍याम्पमा उतारेकी सिंह भन्छिन्- फेसन शोको परिकल्पनाअनुसार हामीले खेलाडीहरूलाई बुटिकमा लगेर उनीहरूलाई सुहाउने ड्रेसको नाप लिँदा उनीहरूले यस्तो लुगा पनि लगाउने हो समेत भने। हाम्रा अधिकांश खेलाडी ट्र्याकसुट वा जिन्स, टिसर्ट र स्पोर्ट्स शुलाई मात्र आफ्नो रुचिमा समावेश गर्छन्, तर जब उनीहरूले हाम्रो रोजाइको पोसाक लगाएर र्‍याम्पमा हिंडे र उनीहरूको तस्बिर पत्रपत्रिकामा देखियो त्यसपछि उनीहरूले अन्य पोसाकको महत्त्व बुझे।

खेलाडीलाई फेसन शोमा मोडल बनाउँदा तुलनात्मक रूपमा अरू मोडलहरूले गर्ने फेसन शोभन्दा बढी प्रभावकारी हुने अनुभव सिंहको छ। सिंह भन्छिन्- खेलाडीहरू पहिल्यै लोकप्रिय भैसकेका हुन्छन्। उनीहरू कसैका लागि आदर्श वा आकर्षक व्यक्तिका रूपमा स्थापित भैसकेका हुन्छन्। यस्तो अवस्थामा उनीहरूलाई मोडल बनाउँदा उनीहरूले लगाएको डिजाइनले बढी प्रभाव पार्छ र खेलाडीहरूका लागि मोडलिङको क्षेत्रमा थप अवसर सिर्जना हुन्छ। हामीले केही नेपाली खेलाडीलाई र्‍याम्पमा उतारे पनि खेलाडीहरूमार्फत मोडलिङ गराउने कामले भने नेपालमा अझै व्यावसायिक मान्यता पाउन सकेको छैन।

नेपालमा खेलाडीहरूलाई कुनै ब्रान्डको प्रतिनिधि बनाउने चलन अझै भित्रिएको छैन। छिटफुट रूपमा यस्ता केही उदाहरण देखा परे पनि खेलाडीहरूले त्यस्तो अवसरलाई व्यावसायिक रूपमा अँगाल्न सकेका छैनन्। एक खेलाडी भन्छन्- कुनै कम्पनीले सम्बन्धित



उत्पादनहरू प्रयोग गराएर खेलाडीको तस्बिर खिचेर व्यापार विस्तारमा प्रयोग गर्छन्, तर उनीहरूले उक्त ब्रान्डका लागि मोडलिङ गरेबापत सोही कम्पनीका उत्पादनहरू निःशुल्क वा सस्तो मूल्यमा दिने सम्झौता गर्छन्। अन्तर्राष्ट्रिय क्षेत्रमा भने यस्तो कामका लागि प्रयोगमा आउने खेलाडीहरूले करोडौं रुपैयाँ कमाउने गरेका छन्।

अहिले नेपाली खेलाडीहरू पोसाकमा मात्र होइन, अन्य क्षेत्रमा पनि फेसनेवल देखिने चाहना राख्छन्। अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताले पारेको प्रभावका कारण पनि नेपाली खेलाडीहरू पोसाकको फेसनसँगै केश एवं शरीरका अन्य भागका फेसनप्रति पनि सजग देखिन थालेका छन्। सहिद स्मारक लिग फुटबल प्रतियोगितामा संलग्न अधिकांश खेलाडीले आफ्नो हेयरस्टाइलमा परिवर्तन गरेका थिए। कतिपय खेलाडीले कानमा टपसमेत लगाएका थिए। राष्ट्रिय फुटबल टिमका पूर्वकप्तान उपेन्द्रमान सिंह भन्छन्- पहिले खेलाडीहरूले केश लामो पार्नुलाई मात्र फेसनको परिभाषाभित्र लिइन्थ्यो, तर अहिले कपाललाई विभिन्न रंग र शैलीमा ढाल्नेलगायत टप लगाउने, टाटु गर्नेजस्ता कुरा पनि देखा परेका छन्। अहिले खेलाडीहरूको आम्दानी विगतको तुलनामा केही बढी र नियमित हुने गरेकाले खेलाडीहरूले फेसनका लागि आफ्नो आम्दानीको निश्चित अंश खर्च गर्न थालेका छन्।

ब्याडमिन्टन खेलाडी सुमिना श्रेष्ठ भन्छिन्- 'खेलाडी होस् वा अरू कोही, जो-कसैले पनि आफुलाई सुहाउँदो र लगाउँदा आरामदायी हुने पोसाक लगाउनुपर्छ। आजको समयमा फेसनले सर्वत्र प्रभाव पारिरहेको बेला खेलाडीहरू मात्र त्यस्तो प्रभावबाट टाढा रहन सक्दैनन्। फेसन डिजाइनिङको कोर्स सिध्याएर कुनै बुटिकमा अनुभव लिएपछि आफ्नै बुटिक खोल्ने तयारी गरिरहेकी सुमिना भन्छिन्- मेरो अनुभव एवं नेपालको सन्दर्भमा अन्य खेलको तुलनामा ब्याडमिन्टन खेलाडीहरू बढी फेसनेबल छन्। ब्याडमिन्टन खेलाडीहरू फेसनेबल भए पनि अरूले टिप्पणी गर्ने स्तरसम्म उनीहरू आफूलाई ग्ल्यामरस रूपमा प्रस्तुत गर्न चाहँदैनन्। ब्लेज कम्पनीको जुत्ता किन्न रुचाउने सुमिना मौसमअनुसारको फेसन गर्न चाहन्छिन्। उनी जिन्समा कुर्ता लगाउँदा बढी सजिलो अनुभव गर्छिन्। सुमिना टिसर्टको पनि सौखिन हुन्। उनलाई युएफओको टिसर्ट मनपर्छ, तर उनी कुनै पार्टी वा कार्यक्रममा सहभागी हुँदा हल्का मेकअपसमेत गर्छिन्।

# सबैले राजनीति गरे खेलकुदको गति के होला ?

*जनआन्दोलन-२ सँगै देशलाई लोकतान्त्रिक ढाँचामा विकास गर्ने नीति अनुरूप धेरै क्षेत्रमा नयाँ प्रमुखहरू नियुक्त भए । यसै क्रममा राष्ट्रिय खेलकुद परिषद्को सदस्यसचिवमा नियुक्त भएका जीवनराम श्रेष्ठ अब नेपाली खेलकुदले अन्तर्राष्ट्रिय स्तरमै फड्को मार्ने दावी गर्छन् । वि.सं. २०५३ मा पनि उनी राष्ट्रिय खेलकुद परिषद्को सदस्यसचिव बनेका थिए । श्रेष्ठ नेपाल ओलम्पिक कमिटीका महासचिव पनि हुन् ।*

**सन् २०२० को ओलम्पिकमा नेपाललाई कम्तीमा एक स्वर्णपदक दिलाउने १४ वर्षे महत्त्वकांक्षी योजना 'भिजन २०२०' ल्याउनुभएको छ । दक्षिण एसियाली खेलकुदमै नेपाल पछाडि पर्दै गएको अवस्थामा उक्त योजना कसरी सफल हुन सक्छ ?**

कम्पासबिनाको हवाईजहाज सही दिशामा उड्न सक्दैन । त्यस्तै योजना र लक्ष्यबिनाको विकास सम्भव छैन । लक्ष्य निर्धारण गरे कम्तीमा त्यसको नजिक पुग्न सकिन्छ । एक दशकयता नेपाली खेलकुदको स्तर घटेको छ । दक्षिण एसियाली खेलकुदमा अफगानिस्तानको उपस्थितिले नेपालका लागि चुनौती थपिएको छ । हाम्रो तुलनामा अन्य मुलुकले तीव्र गतिमा विकास गरिरहेका छन् । त्यसैले हाम्रो अवस्था कमजोर बन्दै गएको हो ।

लक्ष्य निर्धारणसहित नेपाली खेलकुदमा ल्याइएको यो पहिलो योजना हो । यसअघि खेलकुदमा कुनै ठोस नीति आउन सकेको थिएन । एउटा बालक जन्मेर १४ वर्षमा किशोर भैसक्छ । त्यसैले भिजन २०२० असफल हुने कुरै आउँदैन । योजनाअनुसार सबैले मेहनत भने गर्नैपर्छ । खेलाडीले खेल्नुपर्छ, प्रशिक्षकले सिकाउनुपर्छ, अधिकारीले काम गर्नुपर्छ । आ-आफ्नो काम गरेपछि हेर्दा महत्त्वाकांक्षी देखिए पनि हामी सन् २०१२ को दक्षिण एसियाली खेलकुदमा तेस्रो स्थानभित्र, सन् २०१४ को एसियाली खेलकुदमा कम्तीमा २५ औं स्थान हासिल गर्दै सन् २०२० को ओलम्पिकमा स्वर्ण पदक जित्छौं ।



**भिजन २०२० मा खेलको विकास र स्थानीय सहभागितासम्बन्धी योजना कस्तो छ ?**

केन्द्रीय तहदेखि सहर र गाउँ विकास समितिका प्रत्येक वडा-वडामा खेल संस्कार बसाल्न समितिहरू बन्नेछन् । 'राष्ट्रिय गौरव र स्वस्थ नागरिकका लागि खेलकुद' नाराका साथ हामी देशभर खेल संस्कारको विकासमा जोड दिन्छौं । युवाका निम्ति मात्र खेल मान्ने परम्परा तोड्दैछौं । बालबालिका, युवा, अपांग, महिला, ज्येष्ठ नागरिक सबैका निम्ति खेल आवश्यक छ । प्रत्येक गाउँ र सहरमा विद्यालय स्तरदेखि नै सबै खेलका राष्ट्रिय स्तरसम्मका प्रतियोगिताहरू नियमित रूपमा आयोजना गर्नेछौं ।

राष्ट्रिय खेलकुद परिषद्को स्वामित्वमा रहेका धेरै जग्गा तथा भवनहरू अहिले बेवारिसे अर्थात् संरक्षणविहीन अवस्थामा छन् । खेलकुदमा निजी क्षेत्रलाई पनि समेट्ने लक्ष्यसाथ जग्गा र भवनहरू भौतिक पूर्वाधार विकास गर्न तथा खेल प्रयोजनका निम्ति लिजमा दिने व्यवस्था भिजन २०२० मा छ । वैदेशिक सहयोग आकर्षित गर्दै निजी क्षेत्र तथा सरकारी लगानीमा नेपाली खेलकुदको विकास गर्नेछौं ।

**राष्ट्रिय खेलकुद परिषद्को खेल वर्गीकरण सधैं विवादमा पर्दै आएको छ । नयाँ योजनामा खेलको वर्गीकरण कसरी गरिनेछ ?**

राष्ट्रिय गौरव, व्यापक सहभागिता, साहसिक, पर्यटकीय, परम्परागत एवं सांस्कृतिक गरी खेललाई ५ भागमा वर्गीकरण गर्नेछौं । जनताले चाहेको परिवर्तन खेलकुदमा पनि हुनुपर्छ । वर्गीकरण जस्तोसुकै भए पनि हरेक खेलाडीलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा राष्ट्रको गौरव बढाउन सक्षम तुल्याउनुपर्छ ।

**खेलको १५ वटा निर्वाचित संघ विघटन गरेर कार्यकालको सुरुमै तपाईं विवादमा मुछिनुभएको थियो ? तीन महिनाअघि विघटन गरिए पनि अहिलेसम्म ती संघहरूको निर्वाचन भएको छैन, तदर्थमै चलिरहेको छ । विवाद कहिले सुल्भिन्छ ?**

गएको चैत महिनामै राष्ट्रिय खेलकुद परिषद्मा दर्ता भएका सबै संघलाई तीन महिनाभित्र निर्वाचन गरिसक्न निर्देशन दिइसकेका छौं । राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा गठन भै लोकतन्त्रपछि विघटित १५ वटा संघको पनि निर्वाचन यही अवधिमा हुन्छ । संघहरूको सहभागितामा नेपाल ओलम्पिक कमिटीको निर्वाचन सम्पन्न भएकाले विवाद समाप्त भैसकेको छ ।

**मार्शल आर्ट्सको नयाँ-नयाँ संघ दर्ता भैरहेका छन् ? संख्या बढे पनि मार्शल आर्ट्सको मूल एउटै होइन ?**

हो, पहुँचका आधारमा मार्शल आर्ट्सका नयाँ-नयाँ संघ दर्ता हुने क्रम जारी छ । राष्ट्रिय खेलकुद परिषद्मा दर्ता भएका ५४ संघमध्ये डेढ दर्जन त मार्शल आर्ट्सकै हुन् । अझै मार्शल आर्टस्का १५-१६ वटा संघ दर्ता प्रक्रियामा छन् । ओलम्पिकमा खेलिने र नखेलिने गरी विदेशमा दुई किसिमका मार्शल आर्ट्स मात्र दर्ता गरिन्छ । दर्ता भएका संघअन्तर्गत विभिन्न किसिमका मार्शल आर्ट्स रहन्छन् । सबै मार्शल आर्ट्सको मूल एउटै भएकाले मार्शल आर्ट्सका संघहरू अब एउटै महासंघमा परिणत हुनेछन् ।

**राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना नभएको झन्डै एक दशक भैसकेको छ । नयाँ खेलाडी उत्पादनका निम्ति कोसेढुंगा मानिने राष्ट्रिय खेलकुद प्रतियोगिता अब कहिले सुरु हुन्छ ?**

आउँदो भदौ महिनाभित्रै सबै खेलको राष्ट्रिय प्रतियोगिता आयोजना गर्नेछौं । प्रतियोगिता सञ्चालन हुने स्थान र समय संघहरूसँग छलफल गरी निर्धारण गर्नेछौं । राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई अर्को वर्ष बंगलादेशमा आयोजना हुने ११ औं दक्षिण एसियाली खेलकुदका निम्ति छान्नेछौं । राम्रो नतिजाका निम्ति लगत्तै प्रशिक्षण सुरु हुनेछ । लामो समयको प्रशिक्षणले खेलाडीको स्तर वृद्धि हुन्छ ।

**लोकतन्त्र आएर पनि खेलकुदमा राजनीति अझै जारी छ भनिन्छ नि ?**

हो, प्रत्येक नेपालीको नशा-नशामा खेल पसाउन हामी प्रयासरत छौं, तर केही तत्त्व खेलमा पनि राजनीति घुसाउन खोज्दैछन् । अवरोध खडा गरेर काम गर्न दिइरहेका छैनन् । प्रशिक्षकले सिकाउने, खेलाडीले खेल्ने काम नगरेर राजनीति गर्न थालेपछि खेलको विकास कसरी हुन्छ ? सबै दलले यहाँ पनि भातृ संगठन खोल्ने हो भने नेपाली खेलकुदको स्थिति कस्तो होला ? हामी सबै गम्भीर हुनुपर्छ ।

## सप्तरी विजयी



विराटनगर– विराटनगरमा सम्पन्न पूर्वाञ्चलस्तरीय बुद्ध कप नकआउट भलिबल प्रतियोगिताको उपाधि भलिबल ट्रेनिङ सेन्टर सप्तरीले जितेको छ । फार्क क्लबद्वारा आयोजित प्रतियोगिताको गत साता सम्पन्न फाइनलमा सप्तरी टिम इटहरीको सुदर्शन सेक्युरेटी सर्भिसलाई २५-२२, १८-२५, २२-२५, २५-२२ र १५-५ ले हराउँदै विजयी भएको हो । प्रतियोगितामा पूर्वाञ्चलका विभिन्न जिल्लाका नौवटा भलिवल क्लब सहभागी भएका थिए ।

विराटनगरको महेन्द्र मोरङ क्याम्पस र धरानलाई हराउँदै प्रतियोगितामा समूह 'ए' बाट सप्तरीले फाइनलको यात्रा तय गरेको थियो । त्यस्तै समूह 'बी' बाट धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा क्वाटर फाइनलमा वाकओभर पाएर अघि बढेको दमकलाई हराउँदै इटहरीको सुदर्शन सेक्युरेटी फाइनलमा पुगेको थियो ।

रोमाञ्चक फाइनल खेलमा पहिलो सेट सप्तरीले जिते पनि दोस्रो र तेस्रो सेट जित्दै इटहरी अघि बढेको थियो । विराटनगरको छिमेकी इटहरी टिमले दर्शकको राम्रो हौसला र समर्थन पाए पनि अन्तिमको दुई सेटमा पराजय भोग्यो । खेलमा उत्कृष्ट प्रदर्शन गर्ने विजेता टिमका स्वतन्त्र चौधरी पुरस्कृत भए । प्रतियोगिताका विजेता टिमलाई शिल्ड, प्रमाणपत्र तथा नगद १० हजार रुपैयाँ प्रदान गरिएको थियो ।

–कमल रिमाल

## इलाममा क्रिकेट

इलाम– इलाम क्रिकेट क्लबको आयोजनामा सम्पन्न खुला क्रिकेट प्रतियोगिताको उपाधि सेतीदेवी क्रिकेट क्लबले जितेका छ । गत २८ गते शुक्रबार भएको फाइनल खेलमा हेल्लो जसवीरे क्रिकेट क्लबलाई पराजित गर्दै सेतीदेवीले प्रथम पुरस्कारस्वरूप नगद ५ हजार जितेको हु । इलाम बजारस्थित टुँडिखेलमा भएको सो खेलमा सेतीदेवी क्रिकेट क्लबले ३० ओभरको निर्धारित खेलमा २८ ओभरमा आठ विकेटको क्षती बेहोर्दै ९६ रनको लक्ष्य पूरा गरी दुई विकेटले हेल्लो जसवीरेलाई पराजित गरेको थियो ।

टस जितेर पहिलो व्याटिङ रोजेको हेल्लो जसवीरेले २१ ओभरमा आफ्नो सबै विकेट गुमाउँदै ९५ रन जोडेको थियो । उक्त खेलको म्यान अफ द म्याच सेतीदेवीका राजीव क्षेत्री घोषित भए । यसैगरी प्रतियोगितामा म्यान अफ द सिरिज उपाधि हेल्लो जसवीरेका अर्जुन पाठकले हात पारे । सो उपाधिस्वरूप उनले नगद रु. ५ सय र ट्रफी पाएका थिए । गत वैशाख २१ प्रारम्भ भएको उक्त खुला क्रिकेट प्रतियोगितामा जिल्लाभरिका १० वटा क्रिकेट क्लबले भाग लिएका थिए ।

–शिव मुखिया

## सौभाग्य र इन्टर स्पोर्ट्सद्वारा उपाधि कब्जा

बुटवल– माओवादी निकट योङ कम्युनिष्ट लिग रूपन्देहीले सञ्चालन गरेको प्रथम वाईसीएल कप नकआउट फुटबल प्रतियोगिताको उपाधि सौभाग्य युवा क्लब, बुटवलले जितेको छ । फाइनल खेलमा डी.एम.सी. क्लबलाई टाइब्रेकरका आधारमा पराजित गर्दै सौभाग्य युवा क्लब बुटवलले उपाधिमाथि कब्जा जमाएको हो ।

प्रतियोगिताको विजयी टिमलाई २० हजार रुपैयाँ तथा उपविजयी टिमलाई १० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो ।

यसबीच रूपन्देही जिल्लाव्यापी क्लबस्तरीय फुटबल प्रतियोगिताको उपाधि इन्टर स्पोर्ट्स क्लब बुटवलले जितेको छ । पर्रोहा युवा क्लबद्वारा आयोजित प्रतियोगिताको फाइनलमा संगम स्पोर्ट्स क्लब गजेडीलाई शून्यका विरुद्ध ३ गोल गर्दै इन्टर स्पोर्ट्स क्लब विजयी भएको हो । ए डिभिजन क्लबमा खेलेका राष्ट्रिय स्तरका खेलाडीहरू प्रदीप आचार्य, हिमाल थापा आदि सम्मिलित इन्टर स्पोर्ट्सका तर्फबाट सोम लामाले एक तथा राजन गौचनले दुई गोल गरेका थिए । विजयी इन्टर स्पोर्ट्सले १० हजार रुपैयाँ तथा उपविजेता संगम स्पोर्ट्सले ७ हजार रुपैयाँ नगद प्राप्त गरे । प्रतियोगितामा जिल्लाका १२ टिमले भाग लिएका थिए ।

## महिला क्रिकेटमा रूपन्देहीको जित

बुटवल- भैरहवामा सञ्चालित एकदिवसीय महिला क्रिकेट प्रतियोगितामा नवलपरासीलाई १ सय ३१ रनको फराकिलो अन्तरले पराजित गर्दै रूपन्देही टिम विजयी भएको छ । टस जितेर पहिले ब्याटिङ गरेको रुपन्देहीले निर्धारित २५ ओभरमा १ विकेट गुमाई १ सय ५९ रन बनाएको थियो । प्रतिउत्तरमा १ सय ६० रनको विजय लक्ष्य पार गर्न मैदानमा उत्रिएको नवलपरासी टिमले ८ दशमलव ४ ओभरमा सबै विकेट गुमाई २८ रन मात्र बनायो । रूपन्देहीकी मनु खवासले ५ चौका प्रहार गर्दै नट आउट ४४ रन, मधु थापाले ५ चौकाको सहायताले ३५ तथा शान्ति बस्यालले २ चौकासहित नटआउट ३२ रनको योगदान दिएका थिए ।

रूपन्देहीका तर्फबाट सरस्वती लामगादेले ५, शिखा थापाले २ तथा सुमित्रा चौधरीले १ विकेट लिएका थिए । ५ विकेट लिएकी सरस्वती लामगादे म्यान अफ द म्याच घोषित भएकी थिइन् ।

–टोपराज शर्मा

# दरबारमार्गमा रौनक





**साप्ताहिक समाचार**

काठमाडौं- राजधानीको सुविधासम्पन्न, रमाइलो तर व्यस्त सडक अर्थात् दरबारमार्ग। शनिबार उक्त सडकमा कुनै सवारी साधन गुडेनन्, यद्यपि मानिसहरूको भीड भने निकै थियो। जुलुस निस्किरहने राजधानीमा त्यो दिन त्यहाँको भीडलाई रमाइलो गर्न चाहनेहरूको जुलुस मान्न सकिन्थ्यो। उक्त अवसरमा सडकबीचमा उभिएर तस्बिर खिचाउने, फेसनेबल भएर आफ्ना साथीहरूसँग हिंड्ने, सडककै बीचमा उभिएर आइसक्रिम खाने, जुस पिउने, मम, बर्गर आदिको स्वाद लिनेहरू दरबारमार्गभरि देखिए। पहिले पनि आयोजना हुने गरेको 'दरबारमार्ग सडक महोत्सव' धेरै पछि गत शनिबार आयोजित गरिएको थियो। बालबालिकाहरूका लागि खेल्ने सामग्रीदेखि लिएर लाखे नाचसम्म महोत्सवको आकर्षण बनेको थियो। महोत्सवको सबैभन्दा आकर्षण सडकको एउटा पाटोमा बनाइएको मञ्चमा एकपछि अर्का गायक/गायिका तथा संगीत समूहले प्रस्तुत गरेका गीत-संगीत रहे। स्याडोज समूह माउन्ट ८८४८, १९७४ एडी, कबवेभजस्ता रक समूहहरूका रक गीतहरू प्रत्यक्ष सुनेर आइसक्रिमको कोन चुस्दै रमाइलो मान्ने युवतीहरूको घुइँचो त्यसै पनि रमाइलो थियो।

अर्कातिर द युनिटी, नेप्साइडेजजस्ता र्‍याप समूहका र्‍याप गीतहरूमा नाच्ने तन्नेरीहरूको पहिरन र स्टाइल हेर्दै रमाउनेहरू पनि त्यहाँ थिए। त्यसैगरी मौसमी गुरुङ, सुगम पोखरेल आदिका गीत सुन्दा पनि उत्तिकै मज्जा भैरहेको थियो। शिखर फिल्टर तथा स्प्रिङ्ग उडसँग दरबारमार्ग डेभलपमेन्ट अथोरिटीले आयोजना गरेको यो महोत्सवबाट संकलित रकम उक्त मार्गको विकासमा खर्च गर्ने बताइएको छ।

# नीलो चलचित्र बनाएको आरोपमा मोडल पक्राउ

विराटनगर- अहिले एउटा नीलो चलचित्रको सिडीले पूर्वाञ्चल पिटेको छ। जतातत्तै त्यही सिडीको चर्चा छ। सिडीमा देखिने युवतीले एउटा चर्चित म्युजिक भिडियोमा मोडलिङ गरिसकेकीले यसले चर्चा पाएको हो। ती मोडललाई माओवादीले पक्राउ गरी प्रहरीमा बुझाएपछि सिडीको चर्चा अझ चुलियो।

गायक प्रकाश ओझा जुन तस्बिर खिचेको आरोपमा जेल परे त्यही तस्बिरलाई अहिले नीलो चलचित्रका रूपमा बजारमा छरिएको छ। प्रकाश कारागारमुक्त भै पुनर्स्थापित भैसकेका छन् भने प्रकाशले खिचेको भनिएको तस्बिरमा थप अस्लील चित्रहरू राखेर बजारमा छरिएको छ।

पूर्वाञ्चलका सिडी पसलहरूमा किनबेच हुने नीलो चलचित्र तिनै युवतीहरूले निर्माण गरेको भन्दै माओवादी नेतृत्वमा गाउँलेले ती युवतीको घर घेरे। गएको वैशाखको दोस्रो साता राति २ बजे इटहरीस्थित ती मोडलको घर स्थानीयबासीले घेरेको अवस्थामा प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको थियो। नीलो चलचित्र निर्माणमा ती दिदीबहिनीको संलग्नता नभएको प्रमाणित भएपछि सिडी बनाउनेको खोजी गर्न प्रहरीलाई सघाउने सर्तमा भोलिपल्ट उनीहरूलाई छाडिएको इलाका प्रहरी कार्यालय इटहरीका प्रहरी निरीक्षक विश्वमणि पोखेलले बताए।

नाङ्गो तस्बिर खिचाएर प्रचार गरिएकोमा पीडित दिदी-बहिनीलाई माओवादीसहित स्थानीयवासीले लगाएको आरोपले थप पीडा दिएको छ। उक्त भिडियो चलचित्र सर्वपक्षीय भेलाले हेरेपछि उनीहरूलाई बेकसुर ठहर्‍याइएको थियो। प्रहरी हिरासतमा रहेका बेला आरोपित मोडलले भिडियो चित्रमा अन्तैको अस्लील दृश्य समावेश गरेर नीलो चलचित्र तयार गरिएको हुनसक्ने बताए।

दुई खाले दृश्यलाई एउटै सिडीमा राखेर नीलो चलचित्र तयार गर्ने काममा कुनै गिरोह नै लागेको हुन सक्ने प्रहरीको अनुमान छ। बजारमा छरिएका सिडी नष्ट गर्ने अवस्था नरहेको प्रहरीले जनाएको छ। उक्त नीलो चलचित्र अहिले पूर्वाञ्चलका कतिपय सिडी पसलेहरूले समेत राखेको पाइन्छ। म्युजिक भिडियोमा मोडलिङ गरेर सार्वजनिक भैसकेकी युवतीको चरित्रहत्या गर्ने गरी अन्यत्रको दृश्य राखेर तयार गरिएको सिडी निर्माण गर्नेहरूको खोजी भैरहेको प्रहरी निरीक्षक पोखेलले बताए। सिडी बनाउनुअघि उनीहरूको नाङ्गो तस्बिर अपरिचित ठेगानाबाट सञ्चारमाध्यम, सामाजिक संघ-संस्था तथा सर्वसाधारणको ठेगानामा इमेल पठाइने गरिन्थ्यो।

**–कमल रिमाल**

# प्रतियोगितात्मक सांगीतिक कार्यक्रम

इलाम– विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले इलाममा विद्यालयस्तरीय प्रतियोगितात्मक सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। जिल्ला शिक्षा कार्यालय, इलामले आयोजना गरेको उक्त कार्यक्रममा गायन, नृत्य तथा वाद्यवादन विधामा सहभागी विद्यार्थीहरूले प्रतिस्पर्धा गरेका थिए।

महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामको प्राङ्गणमा भएको उक्त प्रतियोगितामा इलामका विभिन्न विद्यालयका विद्यार्थीहरूले भाग लिएका थिए। गत शनिबार सम्पन्न उक्त कार्यक्रममा गायनतर्फ सदारमुकामको प्रज्ञा सदन बोर्डिङ स्कुल प्रथम, अमर मा.वि. बरबोटे द्वितीय तथा सिहंदेवी मा.वि. फुएतप्पा तृतीय भएका थिए। प्रतियोगिताकै नृत्यतर्फ प्रज्ञासदन प्रथम, माउन्ट मेची बोर्डिङ स्कुल द्वितीय तथा अमर मा.वि. बरबोटे तृतीय भए। यसैगरी वाद्यवादनतर्फ अमर उच्च मा.वि. प्रथम एवं प्रज्ञा सदन द्वितीय भएका थिए।

**शिव मुखिया**



**शुभ विवाह :** कोरियन संस्कृतिअनुसार विवाह-बन्धनमा बाँधिँदै कोरियाकी ली ग्वायन हि (बायाँ) र प्रवासी नेपाली दावा पासाङ लामा (तेन्जिङ)। दक्षिण कोरियामा करिब १ सय ५० जना नेपालीले कोरियन युवतीहरूसँग विवाह गरी घरजम बसाएका छन्। विवाहपछि अधिकांश नेपाली व्यापार व्यवसायमा लागेका छन् भने केहीले मजदुरी गर्दै आएका छन्।

**तस्बिर : राप्के लामा, एचेकेनेपाल डटकमको सौजन्यबाट**



तस्बिर : सुदर्शन रञ्जित

गएको शुक्रबार तथा शनिबार पर्यटकीय नगरी पोखरामा देशभरिका ब्युटिसियनहरूको प्रथम राष्ट्रिय भेला सम्पन्न भयो। उद्घाटनको दिन रमाइलो तरिकाले सम्पन्न भए पनि बन्द सत्रको अन्तिम दिन भने कार्यसमिति चयन प्रक्रिया विवादास्पद बन्न पुग्यो। सर्वसम्मत तरिकाले कार्यसमिति चयनमा ब्युटिसियनहरूबीच बाझाबाझ नै चल्यो। देशनिर्माणमा ब्युटिसियनहरूको सहभागिता भन्ने नाराका साथ ब्युटिपार्लर प्रोफेसनल एसोसिएसनद्वारा आयोजित उक्त सम्मेलनमा देशभरिका ३ सय सौन्दर्यकर्मीको सहभागिता थियो। सम्मेलनले पाँचबुँदे पोखरा घोषणापत्रसमेत जारी गरेको छ। सम्मेलनले ब्युटिसियन कोर्सलाई पाठ्यक्रममा समावेश गरिनुपर्ने, ब्युटसियन पेसालाई पारदर्शी एवं मर्यादित बनाइनुपर्ने आदि माग अघि सारेको छ।

# पोखरामा ह्वाइट पार्टीको मस्ती



पोखरा- साँझ पर्दा-नपर्दै लेकसाइडको प्याराडिसोमा चहलपहल छाइसकेको थियो। कार्यक्रम पनि नौलो भएकाले होला अधिंकाश आगन्तुक सेता पहिरनमा देखिए। नदेखिऊन् पनि किन ? कार्यक्रमको नाम नै ह्वाइट पार्टी थियो। जतिसुकै चाँडै क्लब परिसरमा तन्नेरीहरू भेला भए पनि कार्यक्रम भने रातको साढे आठ बजे मात्र प्रारम्भ भयो। कार्यक्रमको प्रमुख आकर्षण भने तन्नेरी गायक धर्मेन्द्र सेवान रहे।

उनको लाइभ पर्फर्मेन्ससँगै डान्सपार्टीको आयोजना गरिएको थियो। उनले कार्यक्रमको ढोका उघारेपछि बिस्तारै तन्नेरी-तरुनीहरू डान्स फ्लोरमा झर्न थाले। धर्मेन्द्रले अंग्रेजी गीत गाउन थालेपछि गर्मीको वातावरण रनक्क भएर आयो। अनि कम्मर मर्काउनेहरूको ठेलमठेल हुँदै गयो।

पहिलो पटक पोखरामा भएको धर्मेन्द्रको लाइभ पर्फर्मेन्सले यहाँका तन्नेरीहरूको अपार साथ पायो। करिब २५ वटा गीत गाएका धर्मेन्द्र निकै थाकेका थिए। लेकसाइडमा विदेशीहरूलाई मनोरञ्जन दिँदै आएको ड्यामेज गिलर्टस ब्यान्डले उनलाई साथ दिएको थियो। त्यसो त यो ब्यान्ड स्थापनाताका धर्मेन्द्र नै त्यसका भोकलिस्ट थिए। डेढ वर्षको अन्तरालपछि उनले ब्यान्डसँग समायोजन भएर गीत गाएका हुन्। धर्मेन्द्रको लाइभ पर्फर्मेन्स सकिनेबित्तिक्कै डिजे सेसन सुरु भयो। नाचेर अझै नथाकेका डान्सपारखीहरू डिजे सेसन सुरु भएपछि फेरि ज्यान फालेर मस्किन थाले। रात जति बढ्दै गयो डान्स उत्तिकै तात्तिँदै गयो। मदिराको चुस्की लिँदै डान्सपारखीहरूले बिहानको चार बजेसम्म डान्सबारमा एकोहोरो झुम्दै रंगीन रातलाई उज्यालो पारे।

**शिव शर्मा**

सबै भन्दा पुरानो ! सबैभन्दा विश्वासिलो ! !
अत्याधुनिक प्रविधि ! हजारौं लाभान्वित ! !
● फोटोग्राफी ● फोटोएडिटीङ्ग ● भिडियोग्राफी ● भिडियो एडिटीङ्ग
● फोटो ल्यामिनेसन ● दुई हप्ते HOBBY फाटोग्राफी / भिडियोग्राफी
सम्पर्क: अरुण दत्त पन्त द्वारा वि.सं. २०५३ देखि निरन्तर
नेपाल फोटोग्राफी ट्रेनिङ इन्ष्टिच्यूट
(मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्ष्टिच्यूट)
भोटाहिटी साझा भण्डार माथिल्लो तल्ला
२१९१०३७
४२१६२९१

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Amadeus, Abacus & Galileo)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Bartender
★ Bakery ★ Housekeeping
SATS Course मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
स्थापनाको आठौं वर्ष
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

अंग्रेजि
दुई महिना मै!
*Basic *Intermediate *Advanced
जान्दै नजान्ने हरुको लागि विशेष व्यवस्था
Free: Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in: UK, USA, Australia
Free: Email & Internet
Computer: Basic to Diploma
Member Of ECAN
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.

प्राइभेट टेष्ट/ एस.एल.सी. २०६४
भर्ना खुल्यो
हाम्रा विशेषताहरू :
✔ उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति।
✔ विगत वर्षहरूमा उत्कृष्ट नतिजा।
✔ बिहान, दिउसो र बेलुका तीनवटै समयमा पढाई हुने।
✔ अंग्रेजी, विज्ञान र गणित विषयलाई विशेष प्राथमिकता दिने।
✔ अनुभवी शिक्षकद्वारा अध्यापन गराइने।
✔ होस्टलको सुविधा।
पाइथागोरस एकेडेमी
पुतलीसडक, काठमाडौं
फोन : ४२६०६३२
पाइथागोरस एस.एल.सी.
होस्टल, न्यूरोड, पोखरा
०६१-५४२०९४

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)
(शनिवार बिहान १०:०० देखि दिउसो २:०० सम्म)

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।